# "काला कानूनहरू" र जनताका "सीमित अधिकारहरू": वि. सं. २०५४ को प्रस्तावित आतङ्कवाद विरोधी विधेयक विरूद्ध अभियान[१]

मेरी डेशेन

वि. सं. २०५४ (१९९७) मा प्रधानमन्त्री लोकेन्द्र बहादुर चन्द अन्तर्गत रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र नेपाल कम्युनिष्ट पार्टी–एकीकृत मार्क्सवादी तथा लेनिनवादी (नेकपा–एमाले)को संयुक्त सरकारले "आतङ्ककारी तथा विध्वंशात्मक अपराध नियन्त्रण तथा सजाय गर्ने व्यवस्था गर्न बनेको विधेयक २०५४" लाई पारित गर्ने प्रयास गऱ्यो । मन्त्रीपरिषद्ले अनुमोदन गरेपछि उक्त विधेयकको तीव्र र व्यापक विरोध भयो, र अन्ततः छलफल र मतदानको निमित्त त्यसलाई संसदमा प्रस्तुत गरिएन ।

२०५४ को दोस्रो संसदीय अधिवेशनमा "राज्य विरुद्धको अपराध तथा सजाय ऐन २०४६" प्रधानमन्त्री सूर्यबहादुर थापा अन्तर्गतको राप्रपा/नेपाली कांग्रेस (नेका)को संयुक्त सरकारको कार्यकालका आखिरी दिनहरुमा प्रस्तुत गरिएको थियो ।[२] गिरिजाप्रसाद कोइरालाले प्रधानमन्त्रीको पद सम्हालेपछि उनको सरकारले उक्त विधेयक पारित गर्ने प्रयास जारी राख्यो ।[३] उक्त संशोधनमा पहिले प्रस्तावित गरिएको आतंकवाद विरोधी

---

१ Himalayan Research Bulletin 18(2), 1999 मा अंग्रेजीमा प्रकाशित । खगेन्द्र संग्रौलाद्वारा नेपालीमा अनुवाद।

२ प्रधानमन्त्रीको कार्यभार ग्रहण गरेपछि थापाले देशमा शान्ति-सुरक्षाको स्थिति सम्हाल्नका निमित्त थप कानूनहरुको आवश्यकता नभएका कुराको घोषणा गरेका थिए तैपनि आफ्नो शासनका आखिरी दिनहरुमा उनले उक्त संशोधन प्रस्तुत गरे ।

३ माथि उल्लेख गरिएका विभिन्न सरकारहरुका कार्यकालहरु यस प्रकार छन्: प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द अन्तर्गत राप्रपा/नेकपा (एमाले)को संयुक्त सरकार २७ फाल्गुन २०५३ देखि १८ आश्विन २०५४ सम्म; प्रधानमन्त्री सूर्यबहादुर थापा अन्तर्गत राप्रपा/नेकाको संयुक्त सरकार २० आश्विन २०५४ देखि २८ चैत्र २०५४ सम्म; प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला अन्तर्गत नेकाको अल्पमतको सरकार ३० चैत्र २०५४ देखि ६ पौष २०५५ (नेकपा (माले)सँग संयुक्त १० भाद्र २०५५ देखि २४ मंसीर २०५५ सम्म); र प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला अन्तर्गत नेका/नेपाल सद्भावना पार्टी (नेसपा)/एमालेको सरकार ८ पौष २०५५ देखि जेठ ३ गते २०५६ को आम निर्वाचनसम्म । सबभन्दा पहिले प्रधानमन्त्री शेरबहादुर देउबा अन्तर्गत राप्रपा/नेसपा/नेकाको संयुक्त सरकार अन्तर्गत आतंकवाद विरोधी विधेयक तयार पारी वितरण गरिएको हो, जुन सरकार २६ भाद्र २०५२ देखि २३ फागुन २०५३ सम्म कायम रह्यो । नेका/नेसपा/एमालेको संयुक्त सरकारपछि एमालेबाट फुटेको एक चोइटोले गठन गरेको नेपाल कम्यूनिस्ट पार्टी-मार्क्सवादी तथा लेनिनवादी (नेकपा-माले)का नेता वामदेव गौतम २०५४ को चन्द सरकारमा एमालेको प्रतिनिधित्व गर्दै गृहमन्त्री तथा उपप्रधानमन्त्री छंदा प्रस्तावित आतंकवाद विरोधी विधेयक पारित गराउने प्रयासको क्रममा प्रचण्ड सरकारी प्रवक्ता बनेका थिए ।

*Studies in Nepali History and Society* 4(1): 137-190 June 1999
© Mandala Book Point

विधेयक (यसपछि आविवि)को सार ज्यूँका-त्यूँ कायम राखिएको थियो । यस प्रयासको पनि उसैगरी तीव्र र प्रचण्ड विरोध भयो र यसको नियति पनि उस्तै भयो ।[४]

यी विधेयकहरु प्रस्तावित हुनुभन्दा अघि सरकारले यिनमा रहेका थुप्रै निरङ्कुश अधिकारहरुको प्रयोग गरिसकेको थियो (एम्नेष्टी इन्टरनेशनल १९९७क, ख, १९९८क; मानव अधिकार तथा शान्ति समाज २०५४) । यी विधेयकहरुलाई पारित गराउन नदिन संचालन गरिएका सफल अभियानहरुपछि पनि उक्त प्रवृत्तिहरु कायम रहेका र भन् घनीभूत भएका छन् (एमनेष्टी इन्टरनेशनल १९९८ख, ग, १९९९क, ख) । उदाहरणको लागि, तल दिइएका दुईवटा विवरणहरुलाई दृष्टिगत गरौं । पहिलो विवरण आविवि प्रस्तावित हुनुभन्दा पहिलेको हो र दोस्रो विवरण दुबै आविवि तथा संशोधित विधेयकलाई परास्त गरिएपछिको हो ।

> २२ वर्षीय श्रीमती सुनसरा बूढा २ छोरीकी आमा हुन् । मिरुल गाविस वडा नं. ६, प्रजा गाउँ रोल्पाकी बासिन्दा सुनसरा बूढालाई मिरुल र थवाङ्ग गाविसको सिमानामा पर्ने लेकको बालखाँडा जङ्गलमा २०५३ मंसीर १९ गते बिहानको ४ बजे गोली हानी २ वर्षे छोरीकै अगाडि हत्या गरिएको थियो । मंसीर १८ गते दिउँसो प्रजा गाउँमा आफ्नो गोठमा काम गरिरहेको अवस्थामा काखकी २ वर्षकी छोरीसहित पक्राउ गरिएकी सुनसरा बूढालाई १८ गते मिरुल प्रहरी चौकी राना गाउँमा नग्न अवस्थामा राखिएको कुरा मिरुल गाविसका बासिन्दाहरुले शान्ति समाजका प्रतिनिधिहरुलाई बताए । मृतक सुनसरा बूढासँगै जानबहादुर पुन (जो बोल्न नसक्ने लाटा थिए)लाई पनि गोली हानी मारिएको थियो । मिरुल गाविस ५ टुटु निवासी जानबहादुर पुनको आर्थिक स्थिति अत्यन्त कमजोर रहेको थियो । प्रहरीले यस घटनालाई दोहोरो मुठभेड बताए तापनि उक्त तर्कलाई पुष्टि गर्ने कुनै आधार देखा पर्दैन । मृतकहरुबाट कुनै हतियार बरामद भएको थिएन । मृतकहरुतर्फ जम्मा संख्या २ जना मात्र रहेको (सानी बालिका बाहेक) थियो भने मृतकहरुको पोष्ट मार्टम गरिएको थिएन र लासलाई नातेदार वा गाउँलेहरुलाई हस्तान्तरण गरिएन । जहाँ गोली हानिएको हो त्यहीं प्रहरीद्वारा जलाइएको उक्त घटनामा गाउँलेहरुले लासलाई जलाएको भने देखेका थिए । शान्ति समाजका प्रतिनिधिहरुले मिरुल गाविसका अध्यक्ष, अन्य कर्मचारी तथा गाउँलेहरुसँग भेट्दा यस घटनापछि गाउँलेहरु त्रस्त तथा आतंकित भएको बताए भने सुनसरा बूढाकी २ वर्षकी

---

४ यस लेखमा प्रस्तावित संशोधन विधेयक र त्यसका विरुद्धको अभियानको चर्चा गर्दै मुख्यतः आविविमा ध्यान केन्द्रित गरिएको छ, कारण प्रत्येक घटनाको नालीबेली प्रस्तुत गर्नु भन्दा पनि विषयको सारमाथि प्रकाश पार्नु नै मेरो मुख्य सरोकार हो । विरोधकर्मीहरुले सामान्यतः संशोधन सम्बन्धी यस प्रयासलाई आविविको सारलाई जनताका आँखा छलेर र/वा विरोधकारी शक्तिहरुलाई एकजूट पार्न बढी कठिन हुने गरी (त्यसको संक्षिप्त स्वरुपको कारण र यो त विद्यमान कानूनमा गरिएको संशोधन "मात्र" हो भन्ने बहानाको कारण) प्रभावकारी ढङ्गले छिराउने प्रयास हो भनेर बुझेका छन् । यसलाई मूल विधेयक विरुद्ध आक्रोश प्रकट गरिएको बखतमा सरकारले कठोरतासाथ इन्कार गरेको कुरालाई नै मौन रुपमा स्वीकार गरिएको सन्दर्भमा पनि हेरियो; सो कुरा के हो भने प्रचलित कानूनमा सशस्त्र वा अन्य प्रकारका विरोधहरुलाई दमन गर्ने व्यापक अधिकार कायम रहेको छ । यस संशोधन प्रयासलाई सरकारको तर्फबाट चालिएको अर्को तार्किक कदमका रुपमा बुझ्न सकिन्छ, एक त्यस्तो कदम जसले यहाँ चर्चा गरिएको प्रवृत्तिको निरन्तरतालाई सिद्ध गरेको छ । प्रस्तावित संशोधनको मूल पाठ अनुसूची च-मा दिइएको छ ।

छोरीलाई प्रहरीले उक्त घटना पश्चात् मृतकको घरमा ल्याएर छोडी दिएका थिए (मानव अधिकार तथा शान्ति समाज २०५४:७३) ।

जाजरकोट जिल्लाको सकला भन्ने गाउँमा दुईजना महिला लगायत नौजनाजति नागरिकहरुलाई २३ जेष्ठ २०५५ का दिन स्थानीय प्राथमिक विद्यालयमा एक सांस्कृतिक कार्यक्रमको बीचमा प्रहरीले जानाजान हत्या गऱ्यो । बिहान ५ बजेतिर इलाका प्रहरी कार्यालयबाट एकजना इन्सपेक्टेरको नेतृत्वमा आएको ४०-५० प्रहरीको टोलीले विद्यालयमा घेरा हाल्यो र विद्यालय हाताभित्र धार्मिक नृत्यहरु हेरिरहेका मानिसहरुमाथि अन्धाधुन्ध गोली चलायो । दर्शकहरुलाई पुलिस आएको कुराबारे सतर्क गराउने मिस्री रावल नाम गरेकी एक महिलालाई सबभन्दा पहिले गोली हानियो । प्रहरीको गोलीबाट मारिएका अरु मानिसहरुमा प्राथमिक विद्यालयका शिक्षक मोहन रोकाय, पृथ्वीबहादुर खड्का, गोरखबहादुर शाह, हरिनारायण ठाकुर र टेकजङ्ग शाह थिए । स्थानीय मानव अधिकारवादी समूहहरुको एउटा तथ्य पत्ता लगाउने टोलीलाई स्थानीय अधिकारीहरुले उक्त प्रहरी अपरेशनहरु राजधानीबाट निर्देशित रहेका र उक्त घटनाबारे आफूले कुनै टिप्पणी गर्न नसक्ने कुरा बताए (एम्नेष्टी इन्टरनेशनल १९९९क) ।[५]

---

५ मानव अधिकार सम्बन्धी यी र अन्य प्रतिवेदनहरुका सम्बन्धमा तीनवटा बुँदाहरुलाई औंल्याउनु जरुरी छः १) तिनमा यस्ता थुप्रै विवरणहरुका साथै बन्दी अवस्था अन्तर्गत दिइएका व्यापक यातनाहरुका विवरण रहेका छन्; २) तिनमा नेपाल कम्युनिष्ट पार्टी-माओबादी (नेकपा-माओवादी)द्वारा निर्दोषजस्ता लाग्ने गाउँले बासिन्दाहरुको बर्बर तरिकाले हत्या गरेका घटनाका केही विवरणहरु पनि रहेका छन्; ३) यस्ता स्थितिहरुका पछिल्तिर उपलब्ध संख्याहरुका अर्थहरु र वास्तविकताहरुको ब्याख्या गर्न ज्यादै गाह्रो भए तापनि मानव अधिकार सम्बन्धी प्रतिवेदनहरुले अधिकांश अवधिहरुमा नेकपा (माओवादी)ले भन्दा प्रहरीले मारेका मानिसहरुको संख्या बढी भएको कुरा औंल्याएका छन् । सेरा किलो टुको अवधि पनि यसैभित्र पर्दछ जुन अवधिमा सरकारले आफै प्रस्तुत गरेका तथ्याङ्कहरु अनुसार माओवादीले हत्या गरेको एकजना बराबर सरकारले १० जनाको हत्या गरेको छ । अझ सरकारी, माओवादी तथा अन्य प्रतिवेदनहरुलाई सँगै राखेर अध्ययन गर्दा के कुराको संकेत पाइन्छ भने आफूले गरेका हत्याहरुलाई स्वीकार गर्ने माओवादीको नीति रहेको छ, तर सरकारमा भने आफ्ना शक्तिहरुले गरेका थुप्रै हत्याहरुलाई कि त ढाकछोप गर्ने अथवा त्यसको दोष अरुका थाप्लामा राख्ने कुरामा चाख रहेको छ । छापामार संघर्ष चलेका स्थितिहरुमा अन्य विरोधी राजनीतिक शक्तिहरु र स्थानीय ग्रामीण समूहहरु समेत पनि हत्या गर्ने कार्यमा संलग्न रहनु र त्यस्ता कार्यको अपजसचाहिं छापामार समूहका थाप्लातिर सोभ्याउनु सामान्य कुरा हो (सविस्तार बुभ्नको लागि पअल तथा डिमारेस्ट १९८८ हेर्न सकिन्छ) । तसर्थ हत्याका सबै तथ्याङ्कहरुलाई सतर्कतासाथ केलाउनु र सावधानीसाथ मूल्याङ्कन गर्नु जरुरी छ । तर यो लेखचाहिं नेकपा (माओवादी)/सरकारबीचको संघर्षमा केन्द्रित नभई विधेयक पारित गर्नका निमित्त सरकारले गरेका प्रयासहरुमाथि केन्द्रित भएको छ, जुन विधेयकले सरकारले गरेका दुरुपयोगहरुलाई "वैधता प्रदान गर्छ" र नागरिकहरुद्वारा यस्ता दुरुपयोगहरुको प्रतिकार र विरोध गर्ने कार्यलाई झन् गाह्रो बनाउँछ । सबै विरोधकर्मीहरुलाई माओवादी समर्थक भन्ने बिल्ला भिराइदिनु यस्ता उल्लंघनहरुको विरोध गर्नेहरुप्रतिको एउटा सरकारी कार्यनीति रहेको कुरा तल देखिने छ । आविवि विरोधी अभियानको क्रममा विरोधकर्मीहरुले – जसमध्ये धेरैजना माओवादीले जसका निमित्त लडिरहेको हुँ भन्ने दाबी गर्ने गरेको छ उसले तिनै गरीब गाउँलेहरुको हत्या गरेको कुरा उदाहरण सहित प्राप्त हुन आउँदा माओवादीको त्यस्तो कार्यको पनि खुलेर आलोचना गरेका छन् – यसरी बिल्ला लगाउने कुरालाई स्पष्ट शब्दमा अस्वीकार गरेका छन् । आविवि विरोधी अभियानले सशस्त्र आन्तरिक चुनौतीको सामना गर्नुपर्दा समेत पनि संवैधानिक प्रजातन्त्र अन्तर्गतको सरकारका काँधमा संविधान,

यस्ता अत्याचारहरुको निरन्तरताको सन्दर्भमा के आविवि विरुद्धको अभियान निरर्थक थियो त ? मानव अधिकार उल्लंघन सम्बन्धी यसको तात्कालीन प्रभावको संकीर्ण दृष्टिले हेर्दा त्यस्ता लाग्न सक्छ । तर नागरिकहरुको सम्मान गर्ने समाज व्यवस्थाको निमित्त गरिने दीर्घकालीन संघर्ष (जुन संघर्ष राणा शासनदेखि अहिलेसम्म जारी छ)का सन्दर्भमा हेर्दा, यो अलि बेग्लै आलोकमा, निर्णायक मोडमा गरिने आवश्यक हस्तक्षेपको रुपमा देखा पर्दछ ।

विरोधको सामना गर्नु पर्दा सरकारले नेकपा (माओवादी)द्वारा फागुन २०५२ मा घोषित "जनयुद्ध"को सन्दर्भमा "शान्ति तथा सुरक्षा" कायम गर्ने कार्यमा आफूलाई सुसज्जित तुल्याउने मनशायले मात्रै आविवि ल्याइएको हो भन्ने तर्क अघि सार्‍यो । विरोधीहरुले विधेयकको भाषा, विषयवस्तु तथा लक्षित स्थायित्वले सरकारको उक्त दाबीलाई गलत सिद्ध गरेको कुरा औंल्याए । उनीहरुले उक्त विधेयकलाई २०४६ को जन आन्दोलनपछिका वर्षहरुको सन्दर्भमा चर्चा गर्दै सरकारले यस्ता राक्षसी शक्तिहरु प्राप्त गरेपछि देशमा संसदीय प्रजातन्त्रको के कस्तो छाया बाँकी रहला भन्ने प्रश्न गरे । उनीहरुको उत्तर थियो – केही पनि बाँकी रहने छैन । यसर्थ उनीहरुको यो विरोध अभियान 'जन आन्दोलनबाट प्राप्त ''सीमित अधिकारहरु'' जोगाऔं' भन्ने व्यापक र एकतामुखी नारा अन्तर्गत चलेको थियो ।[६]

यस लेखले आविवि विरुद्धको अभियानको प्रारम्भिक तथा आंशिक बयान प्रस्तुत गरेको छ । म यसमा पाठकहरुलाई उक्त विधेयक प्रस्तावित गरिएताकाको राजनीतिक परिवेश, यसका विरुद्ध चालिएका कदमहरु र उक्त व्यापक विरोधका कारणहरुबारे र अन्तमा विरोध अभियान विरुद्ध सरकारको प्रतिक्रियाबारे केही कुरा बताउन प्रयास गर्छु । आविविलाई प्रस्तावित गर्ने कदम र यसका विरुद्धको अभियान निरङ्कुशतन्त्र र प्रजातन्त्र बीचको संघर्ष तीव्र हुँदै गएको क्षण मात्र हो । त्यसकारण यो संघर्ष कुन दिशातर्फ अग्रसर होला भन्ने कुराका सन्देशहरु बुझ्नको निमित्त तत्कालिन संयुक्त संघर्षको विशिष्ट क्षणको जाँचबूझ गर्ने कोशिश गर्नु उपयुक्त हुनेछ भन्ने मलाई लाग्छ ।

## सवालहरू र सम्भावित नतिजाहरू

उक्त प्रस्तावित विधेयक मार्फत चालू नेपाली राज्य अर्थात संवैधानिक राजतन्त्र अन्तर्गतको संसदीय प्रजातन्त्रको वैधताको सवाल उठेको छ भन्ने तर्क नै यसका विरुद्धको मूलभूत तर्क थियो । यस तर्कको गम्भीरता र केन्द्रीयतालाई अतिशय रुपमा आँक्न

---

प्रजातान्त्रिक मान्यताहरु तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानूनहरु अनुरुप आचरण गर्नुपर्ने दायित्व रहन्छ भन्ने कुराको तर्क गरेको हो । यस लेखको पनि दृष्टिकोण पनि त्यस्तै रहेको छ ।

६ ''जन आन्दोलनबाट प्राप्त सीमित प्रजातान्त्रिक अधिकारहरु'' आजको नेपाली राजनीतिमा व्यापक रुपमा प्रयोग हुने गरेको वाक्यांश हो, र यसो गर्नुको उचित कारण धेरै छन् ।

मिल्दैन कारण तीव्र रुपमा विभाजित राजनैतिक वातवरण[७]मा यस्तो विधेयक पारित गर्ने कुराका विरुद्ध यस्तो व्यापक गठबन्धनको निर्माण कसरी सम्भव हुन्छ भन्नेबारे र यस्ता विरोधहरुप्रति सरकारका प्रतिक्रियाहरु दुबै कुराबारे यसले निकै कुरा बताउँछ ।

सारभूत तर्क यस प्रकार थियो: कुनै पनि राज्यले आफूले अङ्गिकार गर्ने वाचा गरेका मूलभूत सिद्धान्तहरुको उल्लंघन गरी आफ्नो सुरक्षा गर्न मिल्दैन । यदि यसले आफू प्रजातान्त्रिक राज्य भएको दाबी गर्छ भने अप्रजातान्त्रिक साधनद्वारा केही समयसम्म यसले आफ्नो प्रमुख शक्तिको सुरक्षा त गर्नसक्छ, तर त्यसो गरेको खण्डमा सोही कार्यको आधारमा र अवश्यम्भावी रुपले आफ्नो वैधता गुमाउँदछ ।

निर्वाचित सरकारको आफूलाई सत्ताच्यूत गर्ने प्रयासहरुको प्रतिकार गर्ने अधिकार तथा नागरिकहरुका लागि सुरक्षित वातावरण उपलब्ध गराउन प्रयास गर्ने कर्तव्यलाई स्वीकार गर्दै विरोधकर्मीहरुले सरकारका यस्ता प्रयासहरु संविधानको भावनाको परिधिभित्र रहुन् र मानव अधिकार सम्बन्धी ती प्रावधानहरु अनुरुप होउन् जसमा नेपालले हस्ताक्षर गरेको छ भन्ने कुराको माग गरेका थिए ।[८] प्रस्तावित आविवि विधेयकले यी दुबै कुराको उल्लंघन गरेको छ भन्ने कुरा उनीहरुले सविस्तार तथा पटक-पटक दोहोऱ्याएर औंल्याए (उदाहरणको लागि अनुसूची ख हेर्नोस्) । जस्तो कि संसद समक्ष प्रस्तुत गरिएको एउटा अपिलमा यसो भनिएको थियो:

> २०४६ सालको जन आन्दोलनका नेताहरु तथा उनीहरुमध्येबाटै निर्वाचित भएका सांसदहरुले यस प्रकारको अप्रजातान्त्रिक विधेयकको कल्पनासम्म गर्नु पनि लज्जाजनक विडम्बना हो । यो प्रस्तावित विधेयकलाई नेपाली समाजलाई बहुदलवादी प्रजातन्त्रबाट निरङ्कुश प्रहरीतन्त्रतर्फ धकेल्ने प्रयासका रुपमा हेरिनु पर्दछ । यो प्रतिगामी कदम त वर्तमान संविधानमा लिपिबद्ध गरिएका प्रजातन्त्रका उपलब्धिहरुलाई कटौती गर्ने अनेकौं कदमहरुमध्ये केवल एउटा कदमको अभिव्यक्ति मात्र हो र साथै यो मुलुकभित्रका प्रजातान्त्रिक शक्तिहरु विरुद्ध आइलाग्न सक्ने घातक प्रहारहरुको अशुभ संकेत पनि हो (प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलन २०५४ख; पूर्ण पाठ अनुसूची ङ मा) ।

यो आधारभूत दृष्टिकोण वरिपरि व्यापक क्षेत्रका व्यक्तिहरु तथा संगठनहरु एकजूट किन हुनसके भन्ने कुरा बुझ्न सजिलो छ । संसदीय प्रजातन्त्रमा राजनैतिक रुपले आस्था राख्नेहरुदेखि लिएर नेपालको लागि जनताको जनवादी गणतन्त्र नै सही राज्य संरचना हो भन्ने कुरामा नेकपा (माओवादी)सँग सहमत हुने तर उक्त पार्टीले हाल सञ्चालन गरिरहेको "जन युद्ध"ले यो कुरा हासिल गर्न सक्ला भन्ने कुरामा असहमत हुनेहरु समेत

---

७ आविवि विरुद्धको अभियान नेपालमा २०४६ पछि भएको सबभन्दा व्यापक (भौगोलिक दृष्टिले) र सबभन्दा एकात्मक (वर्गहरु र राजनैतिक अभिमुखताका दृष्टिले) शान्तिपूर्ण आन्दोलनहरुमध्ये पर्दछ । यसलाई टनकपुर, अरुण ३, महाकाली तथा दार्चुला सम्बन्धी संघर्षहरुका विशेषताहरुसँग तुलना गर्नु मूल्यवान अभ्यास नै होला ।

८ वास्तवमा विरोधकर्मीहरुले आविविको "नागरिकहरुलाई सुरक्षित वातावरण" उपलब्ध गराउने कुरासँग सम्बन्ध छ भन्ने सरकारको खोक्रो तर्कलाई कडाइका साथ अस्वीकार गरे । उनीहरुले यसलाई राज्य आतंकको नाङ्गो हतियार हो भनी बिल्ला लगाइदिए ।

गरी सबै मानिस यस आधारमा एकसाथ जुट्न सके । अझ त्यसमाथि, जन आन्दोलनपछिका वर्षहरुले जन्माएका उदार मनोभावना भएका "नागरिक समाज"का समर्थकहरु, जो राज्यको स्वरुप सम्बन्धमा कुनै विचारधाराबाट दृढ रुपमा अभिमुखीकृत भएका थिएनन्, उनीहरुले समेत पनि आविवि एक त्यस्तो निरङ्कुशता हो जो आफूले महत्व दिने गरेका नागरिक स्वतन्त्रताहरुको घोर विरोधी छ भन्ने कुरा महसुस गर्न सके ।

आविविको विरोध गर्ने जोसुकैले पनि यस विरोध मार्फत नेकपा (माओवादी)को "जन युद्ध"प्रति पूरा समर्थन व्यक्त गरेको छ भन्ने कुरा छद्म प्रकारले प्रकट गर्नु नै सरकारको यो विरोध आन्दोलनले जन्माएको मूलभूत चुनौतीप्रतिको प्रारम्भिक प्रतिक्रिया थियो । कुनै पनि सरकारी कार्यको विरोध गर्नेलाई "अराष्ट्रिय" भन्ने बिल्ला लगाइदिने र उसलाई गिरफ्तार गर्न सक्ने पञ्चायती युगका भुक्तभोगीहरुलाई यो धम्की स्पष्ट र सुपरिचित प्रकारको थियो । ती पाठकहरुको निमित्त पनि यो कार्यनीति परिचित हुनसक्छ जसले अन्य स्थितिहरुको अध्ययन गरेका छन् जसमा राज्यले छद्म दमनकारी शक्तिहरुको बर्को ओडेर आफूलाई सुसज्जित तुल्याउँदै सशस्त्र आन्तरिक चुनौतीको मुकाबिला गर्ने गरेको छः जस्तो कि मानिसहरुलाई धम्काउने कार्यनीतिहरु साधारणतया ती शक्तिहरुलाई संस्थागत तुल्याउने प्रयासहरुसँग गाँसिएका हुन्छन् र त्यसपछि झन् कठोर कदमहरुद्वारा विरोधको मुख थुन्न सकिन्छ (हे. डेशेन १९९७) ।

सवालहरु तथा सम्भावित नतिजाहरु यतिबिधि आधारभूत भएका हुनाले नै आविविको विरोध यति व्यापक र प्रचण्ड हुन गएको हो भन्ने मलाई लाग्छ । धेरैजसो विरोधकर्मीहरुलाई उक्त विधेयकले सरकारलाई औपचारिक रुपमा प्रदान गर्ने[९] अधिकारको ठूलो भाग उसले त्योभन्दा पहिले नै अभ्यास गर्दै आएको र विधेयकलाई पराजित गरिएको खण्डमा पनि त्यसलाई रोक्न सकिने छैन भन्ने कुरा थाहा थियो (जुन कुरा त्यस पराजय पश्चातको व्यवहारबाट सिद्ध भएको छ) । विरोधकर्मीहरुका दृष्टिमा यस सवाल र सम्भावित नतिजाको व्यवहारिक पक्ष, जनता वारेन्ट बिना नै स्वेच्छाचारी गिरफ्तारी र काराबास, खानतलासी र जफत, गैर कानूनी मृत्युदण्ड आदिको शिकार होलान् भन्ने होइन बरु जनतामाथि यस्ता कारवाहीहरु थोपार्ने क्रम अझ बढ्ला भन्ने मात्र थियो । त्यसैले विरोधकर्मीहरुले ब्याख्या गरेअनुसार आविवि विरुद्धको संघर्षको गाँठी कुरा सरकारले 'प्रजातन्त्र'को घुम्टो ओढेर भ्रष्टाचार र असैद्धान्तिक राजनीति गरेका वर्षहरुपछि ऐनद्वारा यस्तो आचरणलाई 'कानूनी मान्यता' प्रदान गर्ला जसले अन्ततः जन आन्दोलनको

---

९ पञ्चायत कालबाट उत्तराधिकार ग्रहण गरी विधेयकमा अंकित गरिएको गिरफ्तारी, थुना, खानतलासी र जफती आदिजस्ता व्यापक अधिकारहरुको विस्तृत वर्णनका लागि राष्ट्रिय सरोकार समाज र इन्हुरेड इन्टरनेशनल २०५४ पनि हेर्नोस् । २०४७ को संविधान लागू भएको समयदेखि लिएर एक वर्षमा यसको भावनाको विपरीत रहेको कानून स्वतः बदर हुन्छ भन्ने व्यवस्था गरेको हुनाले यी थुप्रै पञ्चायत कालीन कानूनहरु र तिनका प्रावधानहरु स्वयं नै प्राविधिक दृष्टिले गैर कानूनी हुन सक्छन्, तथापि तिनको प्रयोग भइरहेकै छ ।

अन्त्यमा जनताले रखवारी गर्नका निमित्त उसलाई सुम्पेको विश्वास पूरै मात्रामा क्षय होला ।

## आतंकवाद "विरोधी" विधेयकको सार

यसमा प्रस्तावित गरिएको कुरा पाठकहरु स्वयंले मसिनोसँग देख्न सकून् भन्ने हेतुले प्रस्तावित विधेयकको पूर्ण पाठ अनुसूची क मा दिइएको छ । यहाँ म केवल यसको कपटपूर्ण निरस कानूनी भाषामा अन्तर्निहित केही कुराहरु मात्र औंल्याउने छु ।

आविविको भाषा विध्वंशात्मक अपराध (विशेष नियन्त्रण तथा सजाय) ऐन २०४२ सँग एकदमै मिल्दोजुल्दो छ, जुन ऐन त्यस वर्ष काठमाडौं, पोखरा र तराईका केही ठाउँहरुमा बम विस्फोट गरिएपछि कानूनको रुपमा पारित भएको थियो । उक्त कानूनलाई (सार्वजनिक सुरक्षा ऐनको साथसाथै) मुलुकभरिमा हजारौं मानिसहरुलाई गिरफ्तार गर्ने र बम विस्फोट हुनुअघिदेखि नै पंचायत विरुद्ध भइरहेका व्यापक हड्ताल र विरोधहरुलाई कुल्चिने कार्यमा उपयोग गरिएको थियो ।[१०] २०४६ मा बहुदलीय राजनीतिको पुनर्स्थापना तथा संवैधानिक राजतन्त्रको प्रारम्भपछि मात्र यो ऐन हटेको थियो ।

आविवि विधेयकका सम्भावित अन्तर्निहित अर्थहरु बुझ्नको निमित्त मौलिक नागरिक अधिकारहरु समाप्त पार्ने, मानिसहरुलाई बिना अभियोग र/वा सरकारी नीतिको आलोचना गरेको वा अपराध गरेको अत्यन्त झिनो "शंका"को भरमा लामो समयसम्म थुनामा राख्ने, र सामान्यतः शान्ति तथा सुरक्षा कायम गर्ने नाउँमा जनताका मुख थुन्ने हेतुले २०४२ को ऐन र अन्य कानूनहरु के कसरी प्रयोग गरिए भन्ने कुराको इतिहासको सम्झना गर्नु जरुरी छ । र कहिलेकाहीं २०५४ को प्रस्तावित विधेयकका विविध अंशहरुलाई एकसाथ राखेर तिनका अन्तर्निहित अर्थहरुबारे सोचविचार गर्नु पनि जरुरी छ ।[११] यहाँ म पाठकहरुको ध्यान यस विधेयकका केही महत्वपूर्ण तत्वहरुतर्फ खिच्न चाहन्छु:

### १) "आतंककारी तथा विध्वंशात्मक कार्य" केलाई मान्ने ?

(क) यस विधेयकको परिभाषा अन्तर्गतको धारा २(क)(१) अनुसार हातहतियारको प्रयोगद्वारा "नेपाल अधिराज्य वा त्यसको कुनै भागको सुरक्षा, शान्ति र व्यवस्था वा

---

१० ध्यान दिन लायकको कुरा के हो भने २०४२ सालको ऐन लोकेन्द्रबहादुर चन्दको प्रधानमन्त्रीत्व कालमा पारित भएको थियो र २०५४ सालमा आविवि प्रस्तावित हुँदा फेरि पनि उनै चन्द प्रधानमन्त्री थिए । सरकारले संगठित चुनौतीहरुको सामना गर्नु परेका घडीहरुमा दमनकारी कानूनहरु पारित गर्ने वा संशोधन गर्ने गरेका कुराको निकै लामो इतिहास छः जस्तो कि २००९ साल, २०१२ साल, २०१८ साल, २०३६ साल, २०४२ साल, २०४६ साल र २०५४ तथा २०५५ सालमा गर्भपात भएका प्रयासहरु ।

११ सरकार ऐनको भाषाद्वारा सम्भव हुने प्रत्येक अतिसम्म जान्छ नै भन्ने कुरा होइन – यो कुरा त अज्ञेय छ । कुरा के हो भने यो कानून पारित भएमा ऐनको परिधिभित्रै रहेर सरकारले यो कार्य गर्न सक्छ ।

शासन व्यवस्थामा खलल वा आघात पार्ने ..... कार्य" आतंककारी कार्य हो । तर हातहतियारहरुको सूची अन्तर्गत "वा अन्य कुनै उपकरण वा वस्तु" भन्ने वाक्यांश राखिएको छ । अझ त्यसमाथि धारा २(क)(२) मा "त्यस्ता साधनहरु प्रयोग नगरी" तथा "अन्य उपकरण, पदार्थ वा साधनहरु" प्रयोग गरी गरिने कार्यलाई आतंककारी कार्यको रुपमा परिभाषित गर्न सकिने कुरा बताइएको छ । धारा २(ख) मा पिस्तोल तथा रिभल्भरलाई सूचीबद्ध गरेपछि हातहतियार अन्तर्गत "प्रकारका साधन वा यन्त्र", "धार भएको वा नभएको त्यस्तै कुनै हतियार" तथा "जोखिमी ढुङ्गा समेत" भनी अस्पष्ट रुपले हातहतियारको परिभाषा गरिएको छ । यस प्रकार हामी त्यो स्थितिमा पुग्दछौं जसमा गुलेली बोक्ने युवक, लौरो बोक्ने बूढो मानिस, वा हँसिया बोकेर बारी वा वनतिर गइरहेको किसानलाई यस परिभाषाभित्र पार्न सकिन्छ । सुरक्षाकर्मीलाई यस्तो व्यक्तिले कुनै प्रकारको खतरा उत्पन्न गरेको छ भन्ने लागेमा वा खतरा उत्पन्न गर्ने "योजना बनाइरहेको" छ भन्ने लागेमा त्यसलाई "सुरक्षा" वा "शान्ति र व्यवस्था"मा खलल पुऱ्याएको भनी परिभाषा गर्न सकिनेछ र सो व्यक्ति "आतंककारी"प्रति गरिने व्यवहारको शिकार बन्न सक्नेछ ।

(ख) धारा २(ज)मा "झुट्टा प्रचार"मा संलग्न रहेको कुनै पनि व्यक्तिलाई आतंककारीका रुपमा परिभाषित गरिएको छ, र धारा ३(२)मा उक्त परिभाषामा "प्रचार प्रसार" गर्ने कार्यलाई आतंककारी तथा विध्वंशात्मक अपराध मानिने कुरा थपिएको छ । यी दुबै स्थितिमा त्यसो गर्न "प्रयास" गर्ने कार्यलाई पनि समान रुपबाट आतंककारी कार्य मानिएको छ, र धारा ३(२)मा अरुलाई सल्लाह दिने, अरुलाई संगठित गर्ने वा त्यस्तो कार्य गर्ने मनशाय लिने, वा त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई आश्रय दिने कार्यलाई पनि आतंककारी कार्य मानिएको छ । प्रचार-प्रसार भन्ने कुराको कतै पनि परिभाषा गरिएको छैन, त्यसकारण अधिकारीहरुका दृष्टिमा धारा २(क)(१) अनुसार "सुरक्षा, शान्ति र व्यवस्था वा शासन व्यवस्था"मा "खलल" पुऱ्याउने वा धारा २(४) अनुसार जानाजान "जनजीवनमा भय वा त्रासको वातावरण" सिर्जना गर्ने कार्य आतंककारी कार्य बन्न पुग्छ । यस प्रकार कुनै पनि कथन, दाबी वा ब्याख्या, जुन कुरासँग अधिकारीहरु असहमत हुन्छन्, कुनै पनि कथन जसले जनसाधारणलाई चिन्तित तुल्याउन सक्छ (जसले "त्रासको वातावरण" सिर्जना गर्छ), त्यो "प्रचार प्रसार" अन्तर्गत समावेश हुन्छ । यी प्रावधानहरुले नागरिकहरुका आफ्ना अभिमतहरु प्रकट गर्ने, राज्यका नीतिहरु र शासनविधिसँग असहमत हुने र सरकारको आचरणबारे टिकाटिप्पणी गर्ने अधिकारलाई पूर्ण रुपले निषेध गर्दछन् । उदाहरणको लागि, यो विधेयक कानूनमा परिणत भइसकेको भए प्रस्तावित आविवि विधेयकबाट उत्पन्न हुने खतरा सम्बन्धी कथनहरुलाई स्पष्ट रुपले "आतंककारी कार्य" मान्न सकिन्थ्यो । यसैगरी काठमाडौं उपत्यकामा खाने पानीको चर्को अभाव छ वा जुम्लाका मानिसहरु अनिकालले पीडित छन् भन्ने कुराको चर्चा पनि "आतंककारी

कार्य''मा गनिन सक्थ्यो । यी प्रावधान अन्तर्गत पत्रकारहरु तथा लेखकहरुलाई सजिलै आतंककारी मान्न सकिन्छ, र धारा ९(२) अन्तर्गत "प्रचार प्रसार"का सामग्री निर्माण गर्न वा वितरण गर्न प्रयोग गरिएको कुनै पनि साधन अर्थात प्रेसका उपकरणहरु, कम्प्यूटर, फ्याक्स मिसिन, टेलिफोन, भण्डारण गरिएको कागज वा कलम र मसी आदि जफत गर्न सकिने छ । प्रेस सेन्सरसीप लागू गर्ने, अखबारहरु बन्द गर्ने, प्रेसका सामानहरु जफत गर्ने र पत्रकारहरुलाई बन्दी बनाउने लामो इतिहास भएको नेपालको पृष्ठभूमिमा त्यस्ता संयन्त्रहरुलाई छिटै पुनः सक्रिय तुल्याउन सकिने छ भनेर पूर्वानुमान गर्नु धेरै टाढाको कुरा होइन ।[12]

(ग) यस विधेयकभरि नै आतंककारी कार्यहरु वा आतंककारीको परिभाषा गर्दा प्रयोग गरिएको भाषा अन्तर्गत यसरी परिभाषा गरिएको कार्य साँच्ची नै गर्ने कुरा मात्र नभई त्यसो गर्ने योजना बनाउने वा त्यसो गर्न खोज्ने वा *सुरक्षाकर्मीको विचारमा* त्यसो गर्ने योजना बनाउने वा त्यसो गर्न खोज्ने कुरा पर्दछन् । यस अन्तर्गत त्यसो गर्ने व्यक्तिलाई मद्दत गर्ने वा त्यसो गर्ने व्यक्तिलाई आश्रय दिने, त्यसो गर्न खोज्ने वा त्यस्तो कार्य गर्ने योजना बनाउने वा *सुरक्षाकर्मीको विचारमा* त्यस्ता कार्यहरुको योजना गर्ने व्यक्तिहरु पर्दछन् । आतंककारी कार्य गरेको "आशंका" तथा आतंककारी कार्य गर्ने योजना बनाएको "आशंका"लाई समेत आतंककारी कार्यभित्र समावेश गरिनाले यसले राज्यलाई यस विधेयकका प्रावधानहरु आफूलाई मन लागेको जोसुकैमाथि जथाभावी लागू गर्ने अधिकार प्रदान गर्दछ । अझ त्यसमाथि, धारा १५(१)को प्रावधान अनुसार यस ऐनको नाममा गरिएको कुनै पनि अपराधिक दुरुपयोग बापतको सजायबाट छुटकारा पाउनको निमित्त सुरक्षाकर्मीले "असल नियतले गरेको" भनिदिए मात्र पुग्छ । त्यसकारण, उदाहरणको लागि, कुनै पनि सुरक्षा अधिकारीले "असल नियत"ले (हातहतियारहरुको परिभाषाको सम्झना गरौं) कुनै पनि व्यक्ति सशस्त्र रहेको (२(क)(१) अनुसार) लागेमा, वा कुनै पनि व्यक्तिमा शान्ति तथा व्यवस्था विरोधी मनशाय छ भन्ने लागेमा (२(क)(१);२(४) अनुसार), तथा कुनै व्यक्तिले भाग्न कोशिश गर्ला भन्ने लागेमा वा आफूलाई कुनै व्यक्तिलाई पक्राउ गर्न सकिंदैन भन्ने लागेमा (५(ङ) अनुसार) र त्यस्तो अवस्थामा उनीहरुले उक्त व्यक्तिलाई गोली प्रहार गरी मारेमा उनीहरु उक्त व्यक्तिको ज्यान लिए बापत कुनै पनि सजायबाट छुटकारा पाउन सक्छन् । यस प्रकार यस विधेयक अन्तर्गत सुरक्षाकर्मीलाई प्रदान गरिएका व्यापक अधिकारहरुको अन्धाधुन्ध दुरुपयोग विरुद्ध कुनै पनि उपचार छैन, चाहे त्यो अधिकार स्पष्टतः पूर्ण रुपले निर्दोष नागरिक

---

१२ साँच्ची नै आवि विधेयक पारित नभएपछिका दिनहरुमा पत्रकारहरुको गिरफ्तारी, अखबारहरुको जफती, अखबारहरुका कार्यालयहरुको खानतलासी र सरसामान तथा दस्तावेजहरुको जफतीजस्ता घटनाहरुमा अजङ्ग ठूलो बृद्धि भएको छ ।

विरुद्ध प्रयोग गरिएको होस् अथवा त्यस्ता नागरिकहरुको हत्या गर्ने कार्यमा प्रयोग गरिएको होस् ।

**२) "आतंककारी" वा "शंकास्पद आतंककारी"लाई के गर्न सकिन्छ ?**

(क) माथि दिइएका "आतंककारी" सम्बन्धी खुकुला परिभाषाहरुमाथि दृष्टि लगाउँदा तथा यस विधेयकलाई कुनै प्रकारको आशंकाको आधार देखाउनु पर्ने आवश्यकता बिना नै "शंकास्पद" व्यक्तिहरुसम्म विस्तार गर्दा राज्यद्वारा नियुक्त गरिने कुनै पनि "सुरक्षा अधिकारी"लाई निम्न लिखित अधिकारहरु दिइएको देखिन्छः

१) वारेन्ट बिना नै गिरफ्तार गर्नु (५(क)) ।

२) वारेन्ट वा सूचना बिना कुनै पनि व्यक्तिलाई कुनै पनि ठाउँमा, र कुनै पनि बेला कुनै पनि ठाउँको खानतलासी लिन सक्ने (५(ख)) ।

३) माथी १ र २ मा बयान गरिएको गिरफ्तारी वा खानतलासीमा "वाधा विरोध गरेमा" कुनै पनि व्यक्तिलाई मार्न सक्ने (५(घ)) ।

४) सुरक्षाकर्मीको विचारमा आतंककारी कार्य गरिरहेको वा त्यस्तो कार्य गरेको व्यक्ति "भागी वा उम्की जाने वा पक्रन नसकिने अवस्थामा देखेमा" (५(ङ)) त्यस्तो व्यक्तिलाई मार्न सक्ने ।

यहाँ के कुराको हेक्का राख्नु पर्छ भने यी प्रावधानहरु ती पत्रकारहरुमाथि लागू गर्न सकिन्छ जसका लेखनहरुलाई "प्रचार प्रसारका" रुपमा लिइन्छ। यिनलाई आतंककारीहरु भएको आशंका गरिएका मानिसहरुलाई आश्रय दिने भन्ने शंका लागेका मानिसहरुमाथि, सडकमा शान्तिपूर्ण विरोध प्रदर्शनमा जुटेका मानिसहरुमाथि, तथा पहाड वा वनको बाटोमा सशस्त्र सुरक्षाकर्मीहरुसँग जम्काभेट हुँदा भाग्ने वा भाग्लान् कि जस्ता लाग्ने ग्रामीण किसानहरुमाथि पनि लागू गर्न सकिन्छ ।

ख) अन्धाधुन्ध किसिमले हत्या गरिनुको सट्टा कोही गिरफ्तार भयो भने उसले तलका कुराहरु भोग्नु पर्नेछः

१) वारेन्ट बिना गिरफ्तार गरिएपछि "छानबीन"को निमित्त ९० दिनसम्म हिरासतमा राखिनु (१२(५))

२) पुर्पच्छेको निमित्त प्रस्तुत गरिएपछि सो पुर्पच्छे नियमित अदालतमा नभई "विशेष अदालत कानून २०३१" (१०(३)) का प्रावधानहरु अन्तर्गत उक्त प्रयोजनको निमित्त गठित विशेष अदालतमा गरिने छ । हालको संविधानले प्रतिवादीहरुलाई नियमित अदालतहरुमाभन्दा कम अधिकार रहने यस्ता अदालतहरु खोल्न अनुमति दिँदैन ।[१३]

---

१३ यो एउटा त्यस्तो दृष्टान्त हो भैंं लाग्छ जसमा संविधान अनुसार प्राविधिक रुपले गैर कानूनी रहे तापनि कानूनहरु पुस्तकमा कायम रही कार्य-व्यवहारमा प्रचलित रहन्छन् ।

३) कसैको ज्यान लिएको, ज्यान लिने कार्य गराएको वा सो कार्य गर्न षड्यन्त्र गरेको कुरा थाहा हुन आएमा सर्वस्व हरणसहित आजीवन काराबासको सजाय हुनेछ (८(१)) । यहाँ प्रमाणका मानकहरुको हेक्का राख्नुपर्ने छ जसमा ठोस आधार बिनाको आशंका पनि पर्दछ जस अनुसार कुनै पनि व्यक्तिलाई आविवि अन्तर्गत यस्ता अपराधहरुको अभियोग लगाउन सकिन्छ ।

४) ज्यान लिइएन भने आजीवन कराबासको सजाय दिइन्छ ।

५) "प्रचार प्रसार गराएमा" वा त्यस्तो अपराधमा संलग्न व्यक्तिलाई आश्रय दिएमा पाँचदेखि दश वर्षसम्म काराबासको सजाय दिइने छ (८(३))

बिना वारेन्ट गिरफ्तार गर्ने र बिना अभियोग ९० दिनसम्म थुनामा राख्ने प्रावधान मौलिक अधिकारहरुको उल्लंघन हुनको अतिरिक्त यसले यातनाको निमित्त प्रशस्त ठाउँ दिन्छ । गिरफ्तारी अधिकारका व्यापक परिभाषाहरुले राज्यलाई आम जनतालाई आतंकित तुल्याउने पूर्ण अधिकार प्रदान गर्दछ । माथि उल्लेख गरिएको "आशंका र षड्यन्त्र" साथसाथै "आतंककारी कार्य"को व्यापक परिभाषाले राज्यका नीतिहरुमा असहमत हुने व्यक्तिहरुलाई आजीवन थुनामा राख्ने व्यापक अधिकार प्रदान गर्दछ, उनीहरु चाहे ती नीतिहरुको हिंसात्मक रुपले विरोध गर्ने कुनै प्रकारको कार्यमा संलग्न होउन् वा नहोउन् । "प्रचार प्रसार" अन्तर्गत कुनै पनि प्रकारको असहमतिको कथनलाई प्रभावकारीतासाथ समावेश गरिनाले त्यसले राज्यलाई कुनै पनि नागरिकलाई १० वर्षसम्म थुनामा राख्ने छूट दिन्छ ।

आविविमा अरु थुप्रै निर्मम उपायहरु लिपिबद्ध गरिएका छन् । ती मध्ये म खास गरेर यो विधेयकले धारा ५ अन्तर्गत सुरक्षाकर्मी (जस्को परिभाषा २(छ) मा दिइएको छ)हरुलाई प्रदान गरेका अधिकारहरु, नेपाल बाहिर यसलाई लागू गर्न बनाइएका प्रावधानहरु (१(३) तथा ४ अन्तर्गत), धारा १३ अन्तर्गत टेलिफोनबाट टेप गर्न पाउने आदि अधिकारहरु तथा धारा ९(२) अन्तर्गत संचारका साधनहरु जफत गर्न पाउने अधिकारहरुतर्फ यहाँहरुको ध्यानाकृष्ट गर्न चाहन्छु ।

## ''आतंकवादी'' ऐनका राजनीतिक सन्दर्भहरू

तपाईंले यो कुरा पनि सोध्न सक्नुहोला जन आन्दोलनको एक प्रमुख शक्ति (नेपाली कांग्रेस)को सरकार कसरी यस्तो विधेयक तयार पार्न पुग्यो ? अनि जन आन्दोलनको एक अर्को प्रमुख शक्ति (नेकपा–एमाले) समेतको सरकार पूर्व पंञ्चहरुसँग गठनबन्धन समेत गरी कसरी यस विधेयकलाई कानूनको रुपमा पारित गर्न प्रयास गर्ने हदसम्म पतीत

भयो ?[१४] यस प्रश्नको सटिक उत्तर दिन निकै वर्ष लाग्न सक्छ (यद्यपि यी पार्टीहरुको इतिहासको जाँचबूझ गर्नाले निश्चय नै यस कुराको सामान्य व्याख्या उपलब्ध हुनेछ) । यसबीच, विधेयक विरोधीहरुले सोचनीय ठानेका तीनवटा सन्दर्भहरुले पाठकहरुलाई यस सम्बन्धी विरोधको विषयवस्तु र विरोधको हदबारे बुझ्न सघाउ पुऱ्याउलान्, चाहे यी बुँदाहरु परन्तुमा पूर्ण रुपले सही प्रमाणित होउन् वा नहोउन् अथवा सरकारको जुन व्यवहारप्रति विरोधकर्मीहरुले जे जस्तो प्रतिक्रिया जनाए यी बुँदाहरुले चाहे त्यसको पूर्ण व्याख्या गरुन् वा नगरुन् ।

## १. नेकपा (माओवादी)को "जनयुद्ध" प्रति सरकारका प्रतिक्रियाहरू

नेकपा (माओवादी)को "जनयुद्ध" नै यो विधेयक प्रस्तुत गर्नाको तात्कालीन अवसर थियो भन्ने कुरा आविविको विरोध गर्ने कसैले पनि इन्कार गरेन । व्यापक विवाद भएको कुराचाहिं (आन्तरिक सशस्त्र संघर्षको प्रतिकार गर्नको निमित्त यस्ता अधिकारहरु प्रयोग गर्ने कुराको औचित्य र आवश्यकता बाहेक) यो नै उक्त विधेयक प्रस्तुत गर्नाको एक मात्र कारण हो भन्ने सरकारी दाबी रहेको थियो । तलका अर्का दुई उप खण्डहरुमा म अरु केही कारकहरुको बयान गर्नेछु जसलाई विधेयकका विभिन्न विरोधकर्मीहरुले प्रस्तावित आविविको पछिल्तिर रहेका कारकको रुपमा देखेका थिए । यहाँ म नेकपा (माओवादी)प्रति त्यसअघिका सरकारहरुका प्रतिक्रियाहरुमा केन्द्रित हुनेछु जसले आफू "जनयुद्ध"को सन्दर्भमा "जनताको शान्ति तथा सुरक्षा"लाई सुनिश्चित पार्ने एक मात्र इच्छाद्वारा उत्प्रेरित भएको भन्ने सरकारी दाबीलाई पूरै इन्कार गर्न मानिसहरुलाई प्रेरित गरेका थिए ।

नेकपा (माओवादी)ले "जनयुद्ध"को घोषणा गर्नुभन्दा एक वर्षअघि संयुक्त जनमोर्चा (संजमो–भट्टराई समूह)[१५] विरुद्ध सरकारले छेडेको पहिलो हिंसात्मक अभियानलाई बिर्सिइएको थिएन । कार्तिक २०५१ मा निर्वाचनको सन्दर्भमा रोल्पामा संजमो (भट्टराई)का समर्थकहरुका विरुद्ध 'अपरेशन रोमियो' नामक पुलिस अपरेशन संचालन गरिएको थियो । त्यहाँ थप पुलिस चौकीहरु खडा गर्नु, त्यहाँ तैनाथ गरिने पुलिसहरुको संख्यामा व्यापक बृद्धि गर्नु र विशेष रुपले परिचालन गरिने पुलिस डफ्फाको सिर्जना गर्नु (जुन डफ्फा तिनै ठाउँमा कायम रहेको कुरा जानकारीमा आएको छ)को अतिरिक्त "आम गिरफ्तारी, झुटा आरोपहरु र बन्दी अवस्थामा यातना दिने कार्य" नै उक्त अपरेशनको विशेषता रहेको थियो (मानव अधिकार तथा शान्ति समाज २०५४) ।

---

१४ यहाँ के कुरा उल्लेख गर्नु जरुरी छ भने केही महिना मात्रअघि नेकाको गठबन्धन सरकारले यही विधेयक प्रस्तुत गर्ने प्रयास गर्दा नेकपा (एमाले)ले त्यसप्रति घोर अरुचि र कडा विरोध प्रकट गरेको थियो ।

१५ तिनताका संयुक्त जनमोर्चा (भट्टराई समूह) नेकपा माओवादीको सार्वजनिक राजनीतिक मोर्चा थियो ।

दोस्रो कुरा, विरोधीहरुबाट के कुरा औंल्याइएको थियो भने उक्त विधेयक त्यस्तो बेलामा प्रस्तुत गरिएको थियो जुन बेला नेकपा (मओवादी)को "जनयुद्ध" आतंकवादी गतिविधि हो कि राजनैतिक समस्या हो भन्नेबारे व्यापक रुपमा संसदीय छलफल चलिरहेको थियो । यो राजनीतिक समस्या हो, तसर्थ यसको लागि राजनीतिक समाधान आवश्यक छ भन्ने आधिकारिक सरकारी अडान थियो ।[१६] वास्तवमा सरकारले वार्ताको निमित्त आह्वान गरेको थियो र सांसद पद्मरत्न तुलाधरलाई वार्ताको प्रवन्ध मिलाउन प्रयास गर्ने अभिभारा सुम्पेको थियो । तर तुलाधर स्वयंले सार्वजनिक अन्तर्वार्ताहरुमा सरकारको तर्फबाट सम्झौता वार्ताप्रति कुनै गम्भीरता नदेखाएको हुँदा उक्त अभ्यास निरर्थक हुन गयो भन्ने कुरामा जोड दिएका थिए । सरकारी मनशाय दुई शर्तहरुमा केन्द्रित थियो: "माओवादी समस्या"को उपचार "राजनीतिक समस्या"को रुपमा गर्ने र "माओवादीहरुलाई मूल राष्ट्रिय धारमा ल्याउने" । जसरी पहिले नेकपा (माओवादी)लाई "मूल प्रवाह"मा ल्याउने प्रयासहरु भए तिनले त्यस सम्बन्धमा मानिसहरुमा सरकारप्रति गम्भीर विश्वास जगाउन सकेनन् । यस विषयमा एक मानव अधिकार प्रतिवेदनको प्रस्तुति यस प्रकार छ:

> सामूहिक र स्वेच्छाचारी पक्राउको पराकाष्ठा थियो "अपरशेन रोमियो" अन्तर्गतको कारवाही जसमा पक्राउ परेकाहरुलाई नेपाल अधिराज्यको संविधान अनुरुप २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराइएन । तीमध्ये कैयनलाई खास कुनै अभियोग पनि लगाइएको थिएन । संजमोका समर्थकहरुलाई "मूल राष्ट्रिय धार"मा ल्याउने नाममा भएको उक्त अपरेशन अन्तर्गत पक्राउ गरी हिरासतमा राखिएकाहरुलाई सामूहिक रुपमा थुनामा राखेर सीप विकास, वन संरक्षण जस्ता विषयमा प्रशिक्षण दिइँदै थियो, जसमाथि कानूनतः कुनै अभियोग नै सिद्ध भएको थिएन (मानव अधिकार तथा शान्ति समाज २०५४:५२) ।

न त "जनयुद्ध"को थालनी भएपछि मानव अधिकार संगठनहरुद्वारा अभिलेखबद्ध गरिएका (जस्तो कि एमनेष्टी इन्टरनेशनल १९९८ख,ग; १९९९क,ख)[१७] आम गिरफ्तारी, हिरासतमा दिइने यातना तथा गैर कानूनी मृत्युदण्डजस्ता कार्वाइहरुले नै सरकारमा

---

१६ आविवि विरोधी अभियानको क्रममा यस बुँदालाई लिएर भिन्नभिन्न सरकारी अधिकारीहरुले परस्पर विरोधी कुराहरु भनेका थिए । निकै समयदेखि यस्तो भइआएको थियो तर विरोधी अभियान अघि बढ्दै जाँदा यो क्रम झन्झन् बढेर गयो । त्यस बखत उच्च सरकारी अधिकारीले नेकपा (माओवादी)लाई "आतंककारी" भन्ने बिल्ला लगाई संबोधन गरेको बढी सुन्न पाइयो ।

१७ यस प्रकारका दुरुपयोगबारे नेपाली छापामा पनि समाचारहरु सविस्तार प्रकाशित भएका हुन् यद्यपि उक्त समाचारहरु सरकारी संचार माध्यममा वा सत्तामा रहेका पार्टीका अखबारहरुमा भने सामान्यतः प्रकाशित भएनन् । मानव अधिकार तथा बिदेश मामिला सम्बन्धी संसदीय आयोगको अनुरोधमा एउटा तथ्य पत्ता लगाउने टोलीले पनि यस प्रकारका दुरुपयोगहरु अभिलेखबद्ध गरेको थियो तर त्यसको प्रतिवेदन सार्वजनिक गरिएन । संशोधित राज्य विरोधी अपराध ऐन परास्त भएपछि उक्त आयोगका एकजना जाँचबूझकर्ता नेपाल सरोकार समाज तथा इन्ह्रेड इन्टरनेशनलका गोपाल सिवाकोटी 'चिन्तन' गिरफ्तार गरिए र उक्त जाँचबूझ सम्बन्धी उनका लिखतहरु जफत गरिए ।

सम्झौता वार्ता सम्बन्धमा उसको गम्भीरता वा आविविलाई उसले के कसरी प्रयोग गर्ने हो भन्ने सम्बन्धमा विश्वास जगाउन सके ।

सन् १९९६ देखि नै मानव अधिकार आयोग गठन गर्ने कुरामा कानूनी दृष्टिले कर्तव्यबद्ध भएको सरकार सोको गठन गर्नमा बिफल हुनाले यस्तो आशंकालाई दोब्बर बढायो । सरकारले त त्यस्तो आयोग गठन गर्नुको सट्टा स्पष्टतः उक्त आयोग गठन गर्ने कार्यको तयारी गर्नको निमित्त कार्यदलहरुको एउटा श्रृंखला नै गठन गऱ्यो । तर ती कार्यदलहरुलाई सरकारले आफ्नो इसारामा नचाउन खोजेको[१८] तथ्यले तिनको गठन आयोग गठन गर्ने कार्यमा भाँजो हाल्नु नेकपा (माओवादी)का कार्यकलापहरुलाई आतंककारी समस्याको रुपमा परिभाषित गर्ने कुराको औचित्य उपलब्ध गराउनु यसबाट आविविलाई कानूनमा परिणत गर्ने र त्यसमा रहेका अधिकारहरुको अभ्यास गर्नेजस्ता कार्यहरुको निमित्त बाटो उघार्नु नै थियो भन्ने कुरा जनायो । विधेयक सम्बन्धमा विवाद भएको बखतमा संसदीय मानव अधिकार कार्यदलको प्रमुख सांसद पद्मरत्न तुलाधर थिए । प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलन गठन हुनासाथै उनी लगायत उक्त ११ सदस्यीय कार्यदलका अन्य ७ जना सदस्यहरुले आविविप्रति विरोध जनाउँदै आयोगबाट राजीनामा गरे ।

## २. सत्ता राजनीति

सत्ताको दुरुपयोग गरी अर्को गठबन्धन हुनु अगावै हत्तपत्त सम्पत्ति थुपार्नु २०४६ पछिको संसदीय राजनीतिको विशेषता हुन गएको कुरा गोप्य रहेको छैन । यस धन्दामा नियमित रुपले संलग्न रहिआएका पार्टीहरुले समेत यो कुरा हाक्काहाक्की भन्ने गरेका छन् । सरकारहरु विचारधारात्मक मान्यताहरुबाट कति साह्रो च्यूत भएका छन् भने हामीले पूर्व पञ्च र नेकपा (एमाले)को गठबन्धन सरकारजस्तो विभत्स खिचडी लगायत राजनैतिक शक्तिहरुका प्रायः हर सम्भव गठबन्धनहरु देखिसकेका छौं । यस्तो परिस्थितिमा सरकारका धारणाहरुमा ठूलाठूला अन्तर्विरोधहरु देखापर्नु कुनै अचम्मको कुरा होइन ।

आविवि पारित गराउने प्रयासको एउटा अचम्मको पक्ष के हो भने यसलाई पारित गराउने पक्षमा वामदेव गौतम (त्यसबेला नेकपा (एमाले)) गृहमन्त्री तथा उप-प्रधानमन्त्रीको हैसियतले अति मुखर र जब्बर सरकारी प्रवक्ता बनेका थिए । केही महिनाअघि मात्र नेकाको नेतृत्व अन्तर्गतको गठबन्धन सरकारले उक्त विधेयक अघि सार्दा गौतमको पार्टीले तीव्र अरुचि र कठोर विरोध प्रकट गरेको थियो । गौतम उक्त विधेयक पारित गर्ने अभियानमा डटेपछि शुरुमा नेकपा (एमाले)का महासचिव माधवकुमार नेपालले यस सम्बन्धमा पार्टीभित्र सिद्धान्ततः सहमति भएको कुरा बताए ।

---

१८ नालीबेलीको लागि मानव अधिकार तथा शान्ति समाज २०५४ हेर्नोस् ।

वामपन्थी पार्टीहरुका बौद्धिकहरु र कतिपय एमाले सांसदहरु[१९] तथा कार्यकर्ताहरुले विरोध प्रकट गरेपछि भने पार्टी नेतृत्वले बोली फेऱ्यो, उक्त विधेयक शायद तत्कालै जरुरी छैन भन्ने कुरा सुझायो र अन्तमा उक्त स्वरुपमा र संसदको उक्त अधिवेशनमा सो विधेयक पारित गराउन हत्ते नहाल्ने निधो गऱ्यो (श्रेष्ठ २०५४) । तैपनि वामदेव गौतम भने चर्को दबाब दिने र विधेयक पारित गराउने पक्षमा सार्वजनिक रुपमा बोल्ने काममा अन्तिम घडीसम्म डटेर लागिपरे ।[२०] यस स्थितिमा ठेलठाल गरेर यो विधेयक पारित गराउने प्रयासका पछिल्तिर राजनीतिक पार्टीहरुभन्दा बलिया शक्तिहरु लागेका थिए भन्ने कुराको प्रमाण थुप्रै विधेयक विरोधीहरुले देखेका थिए, जस्तो कि पुलिस, सेना र दरबार (श्रेष्ठ २०५४:६) ।[२१]

आविवि कानूनमा परिणत भएको भए त्यो दोहोरो शासनको शुरुवात हुन्थ्यो अर्थात् एकातिर पुलिस तथा सेना मार्फत् दरबारको शासन र अर्कातिर सरकार तथा संसद मार्फत् सिंहदरबारको शासनको शुरुवात हुन्थ्यो भन्ने अर्थमा कतिपय मानिसले आविविको सन्दर्भलाई हेरे र उनीहरुले के कुरा औंल्याए भने २०४७ को संविधान लागू गर्ने कार्य त शक्ति सन्तुलनमा राजतन्त्रलाई संवैधानिक भूमिका प्रदान गर्ने पहिलो पाइलो मात्र थियो (श्रेष्ठ २०५४) । पद्मरत्न तुलाधरले पनि सरकारी अधिकारीहरुलाई भेटेपछि पुलिसले आविवि चाहेको कुरा आफूलाई संकेत गरिएको कुरा बताए । त्यसैगरी सर्वोच्च अदालतका पूर्व प्रधान न्यायाधीश विश्वनाथ उपाध्यायले पनि उक्त विधेयकका पछिल्तिर रहेको एउटा प्रमुख कारक "पुलिसको तीव्र राजनीतिकरण" हो भन्ने कुरा औंल्याए (उपाध्याय २०५४) ।

---

१९ एमाले सांसदहरुले पार्टीभित्र वा व्यक्तिगत रुपमा असहमति प्रकट गरेका हुन सक्छन् तर सार्वजनिक रुपमा भने एकदमै थोरैजनाले मात्र विधेयक विरुद्ध अडान लिए ।

२० हालै २०५६ को आम निर्वाचन अभियानको सिलसिलामा गौतमले विधेयकलाई पारित गराउन पेलान दिने क्रममा आफूले केवल आफ्नो पार्टी नेतृत्वका आदेशहरुको पालना गरेको कुरा बताएका छन् (स्वार २०५५) । उक्त दाबीमा गौतम आफ्नो पार्टीले दृष्टिकोण परिवर्तन गरिसकेपछि पनि आफूले विधेयकको समर्थन गर्ने कार्य जारी राख्नको कारण बताउन चुकेका छन् । उनले कि त दोस्रो चरणको समर्थन सम्बन्धी तथ्यलाई आरामसाथ लुकाएका छन् अथवा विधेयक सम्बन्धमा नेकपा (एमाले)को दृष्टिकोणमा देखिएको परिवर्तन सक्कली थिएन । नेकपा (एमाले) र नेकपा (माले)बीच आरोप-प्रत्यारोप र शत्रुताको चालू वातावरणमा पार्टी संयन्त्रका सर्वोच्च तहका गोप्य कुराहरुसम्म जसको पहुँच छैन उसलाई यी विभिन्न सम्भावनाहरुको लेखाजोखा गर्न सम्भव देखिंदैन ।

२१ श्रेष्ठले नेकपा (एमाले)को बेनामे उच्च स्तरीय श्रोतले सेना र पुलिसले गौतममाथि चर्को दबाब दिएका र गौतम गृहमन्त्रीको कुर्सीमा टिकिरहने लालचको कारण विधेयक पारित गर्ने पक्षमा ज्यान छाडेर लागेका कुरा उधृत गरेका छन् । उही श्रोतको दाबी अनुसार विधेयकको खेस्रा पुलिस हेडक्वार्टरमा तयार पारिएको थियो र यो एउटा त्यस्तो कानून पारित गराउने षड्यन्त्र थियो जसद्वारा एमालेलाई उसका आफ्नै हातले मार्न सकियोस् । यस दृष्टिकोण अनुसार "वामदेवजी सीधा मान्छे हुनुहुन्छ। चूरो नबुझ्रेर प्रतिगामी तत्वको ग्रायण्ड डिजाइनमा फस्नु भएको कुराको अभिव्यक्ति हो - यो विधेयक र माओवादीप्रतिको दृष्टिकोणमा परिवर्तन" । यो ब्याख्याबारे सोचविचार गर्दा नेकपा (एमाले) भित्रका गहिरो शत्रुताहरु र पछि गौतम नेकपा (माले) तर्फका वागी नेता भई पार्टी फुटाइएको कुराको सम्झना गर्नु पर्दछ ।

**३. "भारतीय कारक"**

नेपालमा राजनीतिक विवाद उत्पन्न हुँदा त्यसमा "भारतको हात" हुने कुराको चर्चा सहजै भइहाल्छ । नेपाली राजनीतिलाई निश्चित दिशातिर डोऱ्याउने विषयमा भारतीय हस्तक्षेपमाथि अजङ्ग ठूलो जोड दिइने गरेको कुरालाई बिदेशी विश्लेषकहरु नकार्ने गर्छन् (भारतीयहरु लज्जाकासाथ र पश्चिमाहरु सन्देहकासाथ) । तथापि जब घटनाहरु इतिहासको पृष्ठ भागतिर सर्दछन् र तिनबारे सार्वजनिक रुपमा बढी कुरा थाहा हुन्छ, (जस्तो कि २००७ को बद्नाम "दिल्ली सम्झौता") त्यसपछि "भारतको भालु पन्जा" अक्सर स्पष्टसँग देखिन्छ । नेपाली हितहरुको शीरमाथि गिर खेल्ने जङ्गली प्रकृतिका सार्वजनिक प्रयासहरुले (जस्तो कि दार्चुला सम्बन्धी सम्झौता वार्ताको सन्दर्भमा, तराईका सिमाना सम्बन्धी विवादका सम्दर्भमा, जलविद्युत सम्बन्धी विभिन्न सम्झौताहरुका सन्दर्भमा आदि) पनि पर्दापछाडिबाट भारतीय हितहरु अनुसार नेपाली राजनीतिको बाटो निर्धारित गर्ने प्रयासहरु हुँदैनन् भन्ने कुराको कल्पना गर्ने आधार दिँदैनन् । थुप्रै जानिफकारहरुले यस्ता भारतीय प्रयासहरु बारे सविस्तार उदाहरण दिन सक्ने भएकाले ती सबै प्रयासलाई अनावश्यक शंका भनि पन्छाउन मिल्दैन । कुनकुन मामिलामा र कुन हदसम्म नेपाली राजनीतिको बाटो निर्धारित गर्ने कार्यमा भारतीय प्रभावको सबभन्दा बढी असर परेको छ भन्ने प्रश्नहरु नै बढी उपयोगी होलान् । दुर्भाग्यवश, ठोस प्रमाणहरु ती मानिसहरुका खल्तीमा रहन्छन् जसका हितहरु ती प्रमाणहरुको भेद नखोल्नुमा नै निहित छन् ।

आवि विधेयकको मामिलाको हकमा केही समययता नेपाली भूमि भारत विरोधी "आतंककारीहरु"द्वारा प्रयोगमा ल्याइँदैछ भन्ने दाबी गर्दै भारत बेलाबेला चर्का गुनासाहरु (नेपाली छापामा प्रकाशित) सार्वजनिक गर्दै आएको कुरा औंल्याइएको थियो । यस्ता आरोपहरुमा बोडो, काश्मिरी, सिख र पाकिस्तानी "आतंकवादीहरु"को चर्चा समावेश भएको थियो । यी आरोपित कार्यकलापहरुलाई नियन्त्रण गर्नका निमित्त नेपाल सरकारहरुमाथि के कस्ता दबाबहरु मिहिन रुपले पारिएका थिए भन्ने कुरा सार्वजनिक रुपमा जानकारीमा आएको छैन तापनि यस सम्बन्धमा आवि विधेयक निश्चय नै भारतका इच्छाहरु अनुरुप अघि सारिएको हुनसक्छ । अझ त्यसमाथि, पाकिस्तानी "आतंककारीहरु"द्वारा नेपाली भूमिको प्रयोग भएको भन्ने आरोपहरुका हकमा सन् १९५० को "नेपाल-भारत शान्ति तथा मैत्री सन्धि"को धारा २ र त्यससँग सम्बद्ध पत्रको नं १ को अझ कडा बुँदालाई "आतंकवाद विरोधी" विधेयक पारित गर्नका निमित्त भारतले उपयोग गरेको हुनसक्छ ।[२२]

दोस्रो कुरा, हालसालै भारतको यस्तै आतंकवादी तथा विध्वंशात्मक ऐन (टाडा)लाई नवीकरण गर्ने कार्य पराजित भएको थियो, त्यसकारण सीमापारि सोही किसिमको कानून

---

२२ सन् १९५० को सन्धि र त्यससँग गाँसिएको अंग्रेजी भाषाको पत्रलाई अप्पाडोराई १९८५ हेर्नोस् । नेपाली भाषामा यी दुबै दस्ताबेजहरुका पूर्ण पाठको लागि नेकपा (एकता केन्द्र) २०५२ हेर्नोस् ।

बनाउने कार्यले क्षेत्रीय स्तरमा सो कानूनलाई स्थानापन्न गर्ने प्रयासहरु (हे. एआईपीएसजी १९९७) लाई दरो टेवा दिनसक्ने कुरा औंल्याइएको थियो । तेस्रो कुरा, भारतीय प्रधानमन्त्री गुजरालको नेपाल भ्रमण र एकाध हप्तापछि मन्त्री परिषद्द्वारा गरिएको उक्त विधेयकको अनुमोदनलाई वामपन्थी छापा जगत्ले घनिष्ट रुपले गाँसिएका घटनाहरुका रुपमा हेरेको थियो । नेपाल भ्रमणको दौरानमा 'नेपाली भूमिबाट भारतको बिरुद्ध कार्यकलापहरु गर्ने आतंककारीहरुलाई सो काम रोक्न नेपालले उपाय पत्ता लगाउने छ' भन्ने भारतीय अपेक्षा दोहोऱ्याउने काम पनि गुजरालले गरेका थिए । सरकारले आवि विधेयक प्रस्तुत गर्नाको अभिप्राय नेकपा (माओवादी) शक्तिका विरुद्ध प्रयोग गर्नका लागि मात्र हो भन्ने कुरा अविचल रुपमा दाबी गरे तापनि विधेयकको बिल्कुल सामान्य भाषा तथा स्थायी चरित्र मार्फत् भारतीय कारकको उपस्थिति बोध हुन गएको कुरा औंल्याइएको थियो ।[२३]

## पारित गर्ने कुरा विरूद्धका तर्कहरू

विधेयक पारित गर्ने कुरा विरुद्धका कतिपय तर्कहरुको पहिले नै चर्चा भइसकेको छ । यहाँ म अति व्यापकदेखि लिएर अति विशिष्टसम्मका मुख्य तर्कहरु बुँदाका रुपमा प्रस्तुत गर्नेछु । विभिन्न विरोधकर्मीहरुको के मान्यता रहेको थियो भने आवि विधेयक :

- जन आन्दोलनको मर्म र बलिदानप्रतिको गद्दारी हो ।
- अप्रजातान्त्रिक तथा निरङ्कुश उपायहरुद्वारा प्रजातान्त्रिक समाज व्यवस्थाको संरक्षण गर्न सकिन्न ।[२४]
- यसले सुरक्षा, अभिव्यक्ति स्वतन्त्रता, भेला हुने अधिकार र राजनीतिक आस्थाका आधारमा सताइनु नपर्ने अधिकारको उल्लंघन गरेको छ ।
- यसले अन्तर्राष्ट्रिय मानव अधिकार सन्धीहरुको उल्लंघन गरेको थियो जसमा नेपालले हस्ताक्षर गरेको छ । (अनुसूची ख हेर्नोस्)
- यो अनावश्यक थियो किनभने सरकारी दाबीहरुको विपरीत कुनै पनि हिंसा वा आतंकको सामना गर्नको निमित्त प्रचलित कानूनमा पर्याप्त भन्दा बढी उपायहरु रहेका छन् ।

---

२३ विधेयकको सामान्य भाषा र स्थायी चरित्रबारे अर्को व्यापक बुझाइ के थियो भने त्यो सशस्त्र विद्रोहीका विरुद्ध हतियारका रुपमा मात्र प्रयोग नगरी नेपालका वामपन्थीहरुलाई निर्मूल पार्ने व्यापक हतियाकारका रुपमा प्रयोग गर्ने अभिप्रायले बनाइएको थियो ।

२४ कम्तीमा पनि दुईवटा पृथक् राजनीतिक दृष्टिकोणबाट यो कुरा भनिएको थियो । केहीले सरकारलाई आफ्नो इतिहास अनुरुप आचरण गर्नका निमित्त दबाब दिने प्रयासका रुपमा यो तर्क अघि सारेका थिए । अरुहरुले चाहिं वर्तमान राज्यसत्ताको प्रकृति आन्तरिक रुपबाटै अप्रजातान्त्रिक छ भन्ने कुराको अर्को थप प्रमाण आवि विधेयक हो भन्ने कुराको तर्क गरेका थिए ।

- यो गलत दिशातर्फको पाइलो थियो: अझसम्म कायम रहेका पञ्चायती कालका काला कानूनहरुलाई पुनर्जीवित गर्ने वा तिनमा अरु थप्ने होइन, बरु तिनलाई खारेज गर्नु पर्दछ ।
- यो एकदमै आधारभूत रुपमा निरङ्कुश शक्तिहरुको शासनलाई 'प्रजातान्त्रिक' शासनका रुपमा उचित ठहऱ्याउने प्रयास हो जुन शक्तिहरु यसलाई पारित नै नगरिकन यसले "प्रदान गर्ने" अधिकारहरुको व्यापक प्रयोग गर्दैआएका थिए ।
- जसरी पहिले नै नेकपा (माओवादी)सँग असम्बन्धित निर्दोष नागरिकहरुमाथि कानूनको दुरुपयोग थोपरिएको थियो त्यसै ढाँचामा यो अझ व्यापक रुपमा लागू हुनसक्छ ।
- नेकपा (माओवादी)का कार्यकर्ताहरु विरुद्ध यसको प्रयोग गरिनु पनि अबैधानिक कुरा हो जसप्रति आन्तरिक द्वन्द्वका सम्बन्धमा जेनेभा सम्मेलनद्वारा रेखाङ्कित अधिकारहरु अनुरुप व्यवहार गर्न विद्यमान राज्य कर्तव्यबद्ध छ ।

## पारित गर्ने कार्य विरूद्ध गरिएका कार्यहरू

मलाई जहाँसम्म थाहा छ, आवि विधेयक सम्बन्धी सतर्कताको घण्टी पहिलो पटक माघ २०५३ मा बज्यो जब विधेयकको मूल पाठ (देउबा सरकारका पालामा) एक साप्ताहिकमा (जनएकता, १४ माघ २०५३) प्रकाशित भयो । तर त्यसबेला विधेयक अध्ययनार्थ सांसदहरुमाझ वितरण गरिएको भए तापनि संसदमा औपचारिक रुपले प्रस्तुत गरिएको थिएन र यसका विरुद्ध ऐक्यबद्धता जुटेको थिएन । त्यसपछिको संसदीय अधिवेशनमा राप्रपा/नेकपा (एमाले)को गठबन्धन सरकारले विधेयकलाई पुनर्जीवित तुल्याएपछि यस साप्ताहिकले फेरि पनि त्यसलाई हात पाऱ्यो र त्यसको संशोधित पूर्ण पाठ प्रकाशित गऱ्यो (जनएकता, २० साउन २०५४) (आवि विधेयकको यो संस्करणका लागि अनुसूची क हेर्नोस्) । मन्त्री परिषद्ले साउनमा यस विधेयकलाई अनुमोदन गरेको थियो, त्यसकारण औपचारिक छलफल तथा मतदानका लागि यसलाई संसदमा प्रस्तुत गरिने बेला भएको थियो । यस पटक कार्य एकदम छिटो भयो । यसपछि यो लेख विरोधका दुई महत्वपूर्ण तथा दृश्यवान् धारहरु – प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलनद्वारा समन्वय गरिएका र वाम राजनीतिक पार्टीहरुको संयुक्त मोर्चाद्वारा संचालन गरिएका – कार्यकलापहरुमाथि केन्द्रित हुनेछ ।[२५]

---

२५ नेपाल बार एशोसियशन तथा अन्य वकिलहरुका संगठनजस्ता अरु संगठनहरु पनि विरोधमा सक्रिय रहेका थिए । केही मानव अधिकारवादी संगठनहरुले आवि विधेयक विरुद्ध स्वतन्त्र रुपले कार्य गरे, यद्यपि धेरैले चाहिं प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलन मार्फत् आफ्ना कार्यकलापहरुलाई समन्वित गरे । उदाहरणको लागि, जन स्वास्थकर्मीहरुको वक्तव्य हेर्नोस् जन स्वास्थ्य सरोकार कोश २०५४ । यी दुई धारमा केन्द्रित हुनाको मेरो अभिप्राय अरु कसैले पनि आवाज उठाएन भन्ने होइन । वास्तवमा यो विरोधको प्रभावकारिताको एक अंश के थियो भने यो एकैचोटि अनेकौं क्षेत्रबाट उठ्यो

## १. *प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलन*

साउन २२ गतेका दिन मुलुकको प्रगतिशील राजनीति र संस्कृतिको क्षेत्रमा सबभन्दा बढी फिंजिने गरेको मासिक प्रकाशन *मूल्याङ्कन* पत्रिकाले काठमाडौंको सिंहदरबार जहाँ सरकारी योजना अनुसार विधेयकको भाग्य निर्णय हुनेवाला थियो त्यसको ठीक पारिपट्टि रहेको एप्रोक्स हलमा एक दिवसीय जानकारी तथा संगठन सत्रको आयोजना गऱ्यो । मानिसहरुको खचाखच भीड जुटेको हलमा एकपछि अर्को वक्ताले उक्त विधेयकको भर्त्सना गरे र वकिल, संविधानविद् तथा मानव अधिकारकर्मीहरुले उक्त विधेयकबाट हुनजाने संविधान, अन्तर्राष्ट्रिय सन्धिहरुप्रतिको कर्तव्यबद्धता तथा मौलिक अधिकारहरुको उल्लंघनका सम्बन्धमा विषयगत रुपमा चर्चा गरे । उल्लेखनीय कुरा के हो भने स्वतन्त्र व्यक्तित्वहरु र विरोधी पार्टीहरुका मानिसहरु मात्र वक्ताहरुको लाममा प्रस्तुत नभई प्रतिनिधि सभाका नेपाली कांग्रेसका पूर्व सभामुख दमननाथ ढुङ्गानाजस्ता नेपाली कांग्रेसका हस्तीहरु लगायत केही नेकपा (एमाले) समर्थकहरु पनि प्रस्तुत भए । सबै वक्ताहरुले मतभेदहरुलाई एकातिर पन्छाएर २०४६ को जनआन्दोलनबाट प्राप्त "सीमित अधिकारहरु"माथिको यो मूलभूत चुनौती विरुद्ध एकजूट भएर संघर्ष गर्नु आवश्यक भएका कुराको आग्रह गरे ।

यस भेलाबाट प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलन (यसपछि *प्रअजोआ*)को जन्म भयो । उक्त विधेयक पारित गर्ने कार्यको विरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अभियान चलाउनको निमित्त स्वतन्त्र सांसद पद्मरत्न तुलाधरको संयोजकत्वमा एक १६ सदस्यीय समिति गठन भयो (समितिका सदस्यहरुको नामावली अनुसूची ङ-मा हेर्नोस्; (साथै प्रअजोआ २०५४क) । *प्रअजोआ* एक प्रभावकारी संयोजन निकाय बन्यो जस मार्फत् थुप्रै भिन्नभिन्न संगठनहरु तथा व्यक्तिहरुले विरोध कार्यक्रमहरु र जनतालाई जानकारी दिने मञ्चहरु गठन गरे, उक्त विधेयकको विरोध गर्दै सडक नाटक मञ्चन गरे, कविता वाचन गरे र गीत गाए । यसको साथै आन्दोलनले लिने बाटोबारे पत्रपत्रिकाहरुमा वक्तव्यहरु जारी गरे । *प्रअजोआ* संलग्न थुप्रै मानिसहरु उक्त विधेयक विरुद्ध छापामा बहस गर्ने कार्यमा पनि सक्रिय रहे र यसरी उनीहरुले राजनीतिका विभिन्न पाटाहरुका पाठकहरुसम्म आफ्नो सन्देश पुऱ्याउन सकियोस् भन्ने हेतुले विविध प्रकारका प्रकाशनहरुमा लेखहरु प्रकाशित गर्ने प्रयास गरे । नाम चलेक सांसदले नेतृत्व गरेका र प्रतिनिधि सभाका पूर्व सभामुख तथा थुप्रै विशिष्ट बुद्धिजीवीहरु समावेश भएको *प्रअजोआ* समितिमा सामान्य जनताले गर्न नसक्ने कुराहरु पनि गर्नसक्ने सामर्थ्य रहेको थियोः जस्तो कि प्रधानमन्त्री, गृहमन्त्री, संसदीय पार्टीहरुका प्रमुखहरु र सांसदहरुसँग

---

। काठमाडौं उपत्यका बाहिर पनि व्यापक विरोध भएको थियो, जसबारे, दरर्भाग्यवश, मैले ज्यादै सीमित जानकारी मात्र समावेश गर्न सकेकी छु ।

भेटघाट गर्नु । विरोध अभियानको अवधिमा *प्रअजोआ* समितिका सदस्यहरुले यस्ता व्यक्तिहरुसँग धेरै पटक भेटघाट गरे । यस प्रकार *प्रअजोआ*का दुईवटा पृथक् तर परस्पर सम्बन्धित पक्षहरु थिए: जन जागरण अभियान तथा राजनीतिक नेताहरुतर्फ लक्षित दबाब अभियान ।

### २. "४ वाम समूह"/"९ वाम समूह"

*प्रअजोआ* गठन भएको केही दिनभित्रै चारवटा वाम पार्टीहरुले ४० दिनको विरोध कार्यक्रमको घोषणा गरे । कार्यक्रममा अन्य मुद्दाहरु पनि समावेश भए तापनि उक्त वामहरुलाई यस मोडमा एकताबद्ध संघर्षमा संगठित हुन घच्घच्याउने प्रमुख तथा निर्णायक मुद्दाचाहिं आवि विधेयक नै थियो भनेर तर्क गर्न सकिन्छ । त्यसको दुई हप्ताभित्र अरु पाँचवटा वाम पार्टीहरु तथा संगठनहरु यस विरोध कार्यक्रममा सामेल भए र "४ वाम समूह" "९ वाम समूह"मा परिणत भयो । यस गठबन्धनले आवि विधेयक विरुद्ध सडक संघर्षहरुको नेतृत्व गर्नका निमित्त आफ्नो समष्ठिगत संगठनात्मक अनुभव, स्थापित राजनीतिक पार्टीहरुको जनशक्तिको साथै तिनीहरुसँग सम्बद्ध विभिन्न युवा संगठन, मजदूर संगठन, महिला संगठन तथा सांस्कृतिक संगठनहरुका सदस्यहरुलाई आन्दोनलनमा उतार्‍यो । ९ वाम समूहले देशभरिका शहर बजारहरुको साथै उपत्यकाभित्र सार्वजनिक सभाहरुको आयोजना गर्‍यो, बराबर विरोध जुलुसहरु निकाल्यो, थुप्रै मसाल जुलुसहरुको आयोजना गर्‍यो र उपत्यकाव्यापी तथा देशव्यापी अनेक बन्द कार्यक्रमहरु गर्‍यो । पार्टी अखबारहरुले आफ्नो निकै ठाउँ अभियानका गतिविधिहरुको समाचारलाई (९ वामका पार्टीसँग सम्बद्ध नभएका संगठनहरुका विरोधहरु लगायत) तथा आवि विधेयक अघि सार्नुमा सरकारको अभिप्राय के हो भन्ने कुराको विश्लेषणलाई दिए । यी राजनीतिक पार्टीका नेताहरुले नियमित रुपबाट सार्वजनिक वक्तव्यहरुको साथै संसदीय पार्टीहरुको नेतृत्वतर्फ लक्षित वक्तव्यहरु जारी गरे र आवि विधेयक विरुद्ध बहस गर्नका निमित्त सरकारी र संसदीय पार्टीहरुका नेताहरुसँग भेट गरे ।[२६]

---

२६ पछि राज्यविरुद्धको अपराध तथा सजाय ऐन २०४६ लाई संशोधन गर्न बनेको विधेयक विरुद्धको अभियानमा राष्ट्रिय जन आन्दोलन संयोजन समितिले उक्त गठबन्धन छाडेपछि ९ वाम छोटो समयसम्म "८ वाम" बन्यो । तर वामदेव गौतमको नेतृत्वमा गठित नयाँ नेकपा (माले) गठबन्धनमा सामेल भएपछि यो फेरि पनि ९ वाम बन्यो । तथापि, त्यस बखत नेकपा (माले)को शक्ति सडकका विरोध जुलुसहरुमा प्रकट भएन जसले नेकपा (माले)को सहभागिताको सच्चाइबारे प्रश्नचिन्ह खडा गर्‍यो ।

## ३. आवि विधेयक विरोधी कार्यकलापहरूको आंशिक समयसारिणी[२७]

साउन बीच *"कालो कानून"लाई उन्मूलन गर्नेबारे संयुक्त घोषणा* श्री ५ को सरकार समक्ष प्रस्तुत गरियो र साथै पत्रपत्रिकालाई वितरण गरियो । धेरैजसो हस्ताक्षरकर्ताहरु पछि प्रअजोआसँग सम्बद्ध मानिसहरु थिए (पूर्ण पाठको लागि अनुसूची घ हेर्नोस् ।) प्रस्तावित आवि विधेयक फिर्ता गराउने सम्बन्धमा बहस गर्न राष्ट्रिय जनतान्त्रिक मोर्चाका प्रतिनिधिहरुको नेकपा (एमाले)का मनमोहन अधिकारी, नेकांका तारानाथ रानाभाट र सांसद आशाकाजी बासुकलासँग भेट । राष्ट्रिय जन आन्दोलन संयोजन समितिद्वारा माओवादी जनयुद्धलाई दमन गर्ने नाममा प्रस्तावित विधेयकले संविधानद्वारा प्राप्त जनताका मौलिक अधिकारहरुलाई निरर्थक तुल्याउने छ भन्ने तर्क सहित आवि विधेयक विरोधी वक्तव्य जारी । नेपाल बार एशोसियशनद्वारा आवि विधेयकलाई संसदमा पेश गर्नुभन्दा पहिले जनतालाई सोको जानकारी दिने र त्यसबारे बहस गर्ने अवसर प्रदान गर्न माग गर्दै वक्तव्य जारी ।

१७ साउन चितवनमा प्रवचन गोष्ठीको आयोजना गरियो जसमा संयुक्त जन मोर्चा (शेरचन), मुक्ति समाज, नेपाल मानव अधिकार संगठन, शान्ति समाज, जन अधिकार सरोकार अभियान, नेपाल बुद्धिजीवी संगठन, राष्ट्रिय जन मोर्चा, नेकपा (एमाले)का एकजना सदस्यको साथै लेखकहरु, शिक्षकहरु र वकिलहरुले प्रस्तावित आवि विधेयक फिर्ता गरियोस् भनी माग गरे । सबैलाई विधेयक विरुद्ध आ-आफ्ना क्षेत्रमा कार्य गर्न आह्वान गर्दै पैंतीसजना वकिल, डाक्टर, मानव अधिकारकर्मी, शिक्षक तथा राजनीतिक कार्यकर्ताहरुद्वारा हस्ताक्षर गरिएको प्रेस वक्तव्य जारी गरियो । विधेयकको विरोध गर्नका निमित्त एक १७ सदस्यीय दबाब समूह गठन गरियो ।

१८ साउन डा. मथुराप्रसाद श्रेष्ठद्वारा आवि विधेयकको विरोध गर्दै नेकपा (एमाले)का महासचिव समक्ष पत्र प्रेषित, जुन पत्र पछि नेकपा (एमाले)का अखबारहरुमा प्रकाशित भयो ।[२८]

१९ साउन नेकपा (मसाल)का महासचिवद्वारा यो विधेयक जनताका विद्यमान सीमित राजनीतिक अधिकारहरु विरुद्धको षड्यन्त्र सरह हो, त्यसकारण यसका विरुद्ध व्यापक एकताबद्ध आन्दोलन उठाउनु आवश्यक छ भन्ने ब्यहोराको वक्तव्य जारी ।

१९ साउन राष्ट्रिय सरोकार समाजद्वारा छलफलको आयोजना जसमा वकिल, मानव अधिकार संगठनका प्रतिनिधि तथा सांसदहरुद्वारा आवि विधेयकको आवश्यकता सम्बन्धी दाबी उपर बहस भयो ।

२० साउन प्रस्तावित आवि विधेयक जनएकता साप्ताहिकमा प्रकाशित (अनुसूची क हेर्नोस्)

---

२७ यो सूची कुनै हालतमा पनि पूर्ण छैन तर पनि यसले पाठकहरु समक्ष सार्वजनिक विरोधको विविधता र मात्राको झलक प्रस्तुत गर्नेछ । आवि विधेयक विरुद्धको अभियानभरि नै जनतालाई छापा मार्फत् उक्त विधेयकको विषय र त्यसका अन्तर्निहित अर्थहरुबारे जानकारी दिन व्यापक प्रयास पनि भयो । नेकाका अखबारहरुमा विधेयक विरोधी आन्दोलनका समाचारहरुले ज्यादै सीमित रुपमा ठाउँ पाए र आधिकारिक सरकारी अखबारहरुमा पनि त्यस्तै भयो । त्यसैगरी नेकपा (एमाले)का अखबारहरुले पनि विरोधहरुको एकदमै उपेक्षा गरे वा केही अपवादहरुलाई छाडेर बाँकीले विधेयक विरोधीहरु विरुद्ध लगाइएका माथि चर्चा गरिएका आरोपहरु अघि सारे र/वा आवि विधेयकको पक्षमा वकालत गरे ।

२८ पत्रको ब्यहोरा यस प्रकार थियो: "माधव नेपालजी, तपाईंले प्रस्तावित कालो विधेयक पारित गराउनु भयो भने खबरदार तपाईंले मजस्ता हजारौं मानिसहरुका लास माथि टेक्नु पर्नेछ । यो सबैभन्दा ठूलो ऐतिहासिक भूल र दुर्घटना हुनेछ । त्यसकारण तपाईं कालो विधेयक पेश गरिने छैन भन्ने वक्तव्य जारी गर्नोस् र यसलाई पेश गर्न खोजे बापत जनतासँग माफी माग्नु पर्छ । डा. मथुराप्रसाद श्रेष्ठ ।"

२१ साउन आवि विधेयकबारे सार्वजनिक बहस गर्न जनजागरण अभियानद्वारा कीर्तिपुरमा आम सभाको आयोजना ।

२२ साउन मूल्याङ्कन मासिकको आयोजनामा एक दिवसीय जानकारी/संगठन भेला । प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलनको गठन ।

२५ साउन प्रअजोआद्वारा सांसदहरुका नाउँमा वक्तव्य जारी (अनुसूची ङ हेर्नोस् ।)

२५ साउन जनस्वास्थ्य सरोकार कोषद्वारा आवि विधेयक विरुद्ध वक्तव्य जारी ।

२५ साउन नेपाल कम्युनिष्ट पार्टी (नेकपा-मसाल), नेपाल कम्युनिष्ट पार्टी (एकता केन्द्र), नेपाल मजदूर किसान पार्टी तथा राष्ट्रिय जनतान्त्रिक मोर्चाद्वारा ४ वाम समूहको ४० दिने संयुक्त विरोध कार्यक्रमको घोषणा गर्न प्रेस सम्मेलन आयोजित ।[२९]

२५ साउन सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायद्वारा स्थापित प्रजातन्त्रको सुदृढीकरणका लागि नागरिक अभियानद्वारा प्रधानमन्त्री तथा प्रतिनिधि सभाका सभामुख समक्ष विधेयकको विरोध ।

२६ साउन आविवि विधेयक विरुद्ध नेपाल कम्युनिस्ट लिग, राष्ट्रिय जन आन्दोलन संयोजन समिति, नेपाल साम्यवादी पार्टी, नेपाल कम्युनिष्ट पार्टी (संयुक्त), नेकपा (मार्क्सवादी)द्वारा संयुक्त वक्तव्य ।

२६ साउन नेकपा (माओवादी)का बाबुराम भट्टराईद्वारा आवि विधेयक विरुद्ध वक्तव्य ।

२७ साउन आवि विधेयक विरुद्ध ६० जना भन्दा बढीको हस्ताक्षर भएको अन्तर्राष्ट्रिय संयुक्त वक्तव्य प्रधानमन्त्री, गृह मन्त्री, संसदीय पार्टीहरुका प्रमुख समक्ष प्रस्तुत तथा अखबारहरुमा वितरित ।

२७ साउन अखिल नेपाल ट्रेड यूनियन, काठमाडौं र ललितपुर शाखाहरु, द्वारा ४ वाम पार्टीको विरोध कार्यक्रममा सामेल हुन आह्वान गर्दै वक्तव्य प्रकाशित ।

२८ साउन प्रअजोआ मा संलग्न रहेका मानव अधिकार संगठनहरुका प्रतिनिधहरुद्वारा संचालित काठमाडौंमा विरोध जुलुस ।

३२ साउन नेपाल राष्ट्रिय शिक्षक संगठनद्वारा प्रस्तावित आवि विधेयक संविधानको मर्मको विपरीत भएको ठहर गर्दै र त्यसको विरुद्ध आफू आन्दोलनमा प्रवेश गर्ने कुराको घोषणा गर्दै वक्तव्य जारी ।

१ भाद्र ४ वाम समूहद्वारा उपत्यका बन्द । उपत्यकाका ३ प्रमुख शहरमा विरोध जुलुस । राजनीतिक पार्टीका नेताहरु र एकजना संसद सदस्य लगायत काठमाडौं कम्तीमा पनि १०० जना गिरफ्तार । विभिन्न स्थानमा प्रदर्शनकारीमाथि लाठी चार्ज । बेलुकीपख टुँडिखेलमा आमसभा ।

३ भाद्र नेका तथा एमालेका सांसदहरुसँग प्रअजोआका सदस्यहरुको भेटघाट (थुप्रै भेटहरुमध्ये एक) ।

---

२९ ४० दिने विरोध कार्यक्रमले ५ वटा माग राखेको थियो जसमा पहिलो माग “जन आन्दोलनबाट प्राप्त सीमित अधिकारहरु अपहरण गर्ने” विधेयक संसदमा प्रस्तुत नगरियोस् भन्ने थियो । अरु मागहरु यस प्रकार थिए: १) हालै पेट्रोलियम पदार्थ, ग्यास तथा चिनीमा गरिएको चर्को मूल्यबृद्धि खारेज गर र सबै क्षेत्रमा मूल्य बृद्धि नियन्त्रण गर, २) सांसद र अन्य उच्च पदस्थ अधिकारीहरुले करमुक्त वाहन झिकाउन पाउने र सरकारी कोषको दुरुपयोग गर्ने लगायतका राजनीतिक भ्रष्टाचार समाप्त गर, ३) दार्चुलास्थित भारतीय सेनालाई तत्काल बाहिर जान आदेश देऊ र अतिक्रमित नेपाली भूमि फिर्ता गर, ४) सेती सम्झौता खोरज गर, कर्णाली “बेच्ने” योजना अन्त गर र महाकाली लगायत सबै असमान सन्धिहरु खारेज गर । तथापि ९ वाम समूहका विरोध कार्यकलापहरुमा आवि विधेयकको विरोध गर्ने कुराले प्रमुखता पाएको थियो ।

| | |
|---|---|
| ८ भाद्र | वाम समूह र नेपाल कम्युनिस्ट लिग, राष्ट्रिय जन आन्दोलन संयोजन समिति, नेपाल साम्यवादी पार्टी, नेकपा (संयुक्त), नेकपा (मार्क्सवादी)को प्रेस सम्मेलनद्वारा ४० दिने विरोध कार्यक्रममा पछिल्ला ५ समूहहरुले प्रवेश गरेको घोषणा; ४ वाम समूह ९ वाम समूहमा परिणत । |
| ९ भाद्र | प्रअजोआ अन्तर्गत लेखक-कलाकार एकता समिति गठित । |
| १० भाद्र | बुटवलमा ९ वाम समूहद्वारा आवि विधेयक विरुद्ध आमसभा आयोजित । |
| ११ भाद्र | ९ वाम समूहद्वारा आवि विधेयक विरुद्ध सांसदहरुलाई खुलापत्र । |
| ११ भाद्र | लेखक-कलाकार एकता समितिद्वारा आवि विधेयक विरुद्ध १३५ जना लेखकहरुको हस्ताक्षरयुक्त वक्तव्य जारी । |
| १२ भाद्र | ९ वाम समूहद्वारा मसाल जुलुस । |
| १२ भाद्र | आणविक युद्ध निवारणका लागि अन्तर्राष्ट्रिय चिकित्सकहरुद्वारा आवि विधेयक विरुद्ध प्रधानमन्त्री, गृह मन्त्री समक्ष वक्तव्य पठाइएको तथा प्रेसमा वितरण गरिएको (अनुसूची ग हेर्नोस्) । |
| १३ भाद्र | वाम समूहद्वारा नेपाल बन्दको आह्वान । आवि विधेयक विरुद्ध काठमाडौंमा बाहेक जनकपुर, सर्लाही, चौतारा, नारायणगढ, पोखरा, बनेपा, सिन्धुली, बर्दिया, विराटनगर, मेची, हेटौंडा तथा धनगढीमा पनि विरोध जुलुस, मसाल जुलुस र आम सभाहरु । |
| १४ भाद्र | प्रअजोआको आयोजनामा कलाकार, लेखक, डाक्टर, शिक्षक, वकिल लगायतका पेशेवर संगठनहरुद्वारा काठमाडौंमा विरोध जुलुस । उक्त जुलुसको भद्रकालीमा आमसभामा समापन । |
| १५ भाद्र | लेखक-कालाकार एकता समितिद्वारा आवि विधेयकप्रति विरोध जनाउँदै सांसदहरुलाई पत्र । |
| १७ भाद्र | ९ वाम समूहद्वारा देशका विभिन्न शहरहरुमा विरोध जुलुस तथा आमसभा । |
| २० भाद्र | प्रअजोआ अन्तर्गतको लेखक-कलाकार एकता समितिद्वारा आवि विधेयक विरुद्ध जन चेतना जगाउन वसन्तपुरमा सडक नाटक प्रदर्शन । |
| २२ भाद्र | प्रअजोआ अन्तर्गतको लेखक-कलाकार एकता समितिद्वारा आवि विधेयक विरुद्ध जन चेतना जगाउन असनमा कविता वाचन । |
| २४ भाद्र | प्रअजोआ अन्तर्गत लेखक-कलाकार एकता समितिद्वारा आवि विधेयक विरुद्ध जन चेतना जगाउन व्यंग्य कार्यक्रम । |
| २७ भाद्र | ९ वाम समूहद्वारा प्रधानमन्त्री समक्ष स्मृतिपत्र । |
| २९ भाद्र | नेपाल राष्ट्रिय सरोकार समाजद्वारा विधेयकका समर्थक र विरोधी सांसद, पत्रकार तथा पार्टी नेताहरुको एकै मञ्चमा जमघट । |
| १ असोज | ९ वामद्वारा आह्वान भएको देशव्यापी मसाल जुलुस । |
| २-३ असोज | ९ वामद्वारा नेपाल बन्दको आह्वान । |

## "आतंकवाद विरोधी" विधेयक पारित नभएपछिका घटना-प्रवृत्तिहरू

आखिरमा २०५४ को शरद ऋतुमा संसदीय अधिवेशन समाप्त हुनाको साथसाथै आवि विधेयकलाई केही कालका लागि थन्क्याइयो । यस विरुद्ध उठेको देशव्यापी गर्जनको बीचमा यसलाई औपचारिक रुपले संसदमा प्रस्तुत गर्ने राजनीतिक आँट सरकारमा थिएन रहेछ । तर न त यसलाई औपचारिक रुपबाट फिर्ता नै लिइयो, त्यसकारण यो त फेरि अघि सार्नको लागि तम्तयार अवस्थामा रहिरह्यो (र रहन्छ पनि) । संसदको अधिवेशन नचलेको बखतमा माओवादीहरु, संदिग्ध तथा आरोपित माओवादीहरु,

"माओवादी-प्रभावित क्षेत्रहरु"का गाउँलेहरुका साथसाथै अन्य वाम पार्टीहरुका कार्यकर्ताहरुका विरुद्ध कारवाइहरु भइरहे र कारवाइहरु झन् घनीभूत भए जस्तो देखियो (एमनेष्टी इन्टरनेशनल १९९८क) । काठमाडौंमा पनि गिरफ्तारीहरु तथा धम्काउने कार्यहरुमा तीव्रता आयो ।[३०]

२०५५ को चैत्र महिनामा अर्को संसदीय अधिवेशनमा नेकाको नेतृत्वका निमित्त कुर्सी छाडिदिनुभन्दा केही दिनअघि सूर्यबहादुर थापाको नेतृत्वमा रहेको रापप्रा/नेका सरकारले राज्यविरुद्धको अपराध तथा सजाय ऐन, २०४६ लाई संशोधन गर्न बनेको विधेयक (अनुसूची च हेर्नोस्) प्रस्तुत गऱ्यो । त्यसपछि गिरिजाप्रसाद कोइरालाको सरकारले उक्त संशोधनलाई पारित गराउने प्रयास जारी राख्यो । आवि विधेयकको जसरी र जति व्यापक रुपमा विरोध भएको थियो त्यसको पनि त्यसरी नै र त्यति नै व्यापक विरोध भयो । २४ वैशाख २०५५ को दिन गिरिजाप्रसाद कोइरालाले आफ्नो निवासमा आयोजित एक पत्रकार सम्मेलनमा आफूले उक्त संशोधनको "आवश्यकता नदेखेको" कुराको घोषणा गरे, तर उनले "आवश्यक परेको खण्डमा यसलाई फेरि ल्याउन सकिने छ" भन्न पनि बिर्सेनन् । यस प्रकार, आवि विधेयककैं उक्त संशोधन पनि सरकारका खल्तीमा जीवित रहिरह्यो ।

त्यसपछिका घटनाहरुले दुर्भाग्यवश विरोधकर्मीहरुका तर्कहरुको यसरी पुष्टि गरेः क) प्रचलित कानून अन्तर्गत सरकारको मातहतमा थुप्रै ज्यादै कठोर अधिकारहरु थिए, तथा ख) सरकारले आफू ती अधिकारहरुका सीमा बाहिर जान अनिच्छुक रहेको कुरा पुष्टि गरेन । जेठ महिना पहिले नै सरकारले अघोषित प्रहरी अपरेशन शुरु गरिसकेको थियो जसलाई एम्नेष्टी इन्टरनेशनलले "सघन सुरक्षा परिचालन"को नाम दियो, र सरकारले चाहिं त्यसलाई सेरा किलो टु भनी नामाकरण गऱ्यो । एम्नेष्टी इन्टरनेशनलका अनुसार (१९९९क) उक्त अपरेशन रुकुम, रोल्पा, जाजरकोट, सल्यान, गोर्खा र सिन्धुलीमा र सम्भवतः कैलाली, रामेछाप, कालिकोट, प्यूठान, आछाम, बर्दिया, सुर्खेत तथा बाँकेमा पनि भएको थियो । उक्त अपरेशन अन्तर्गत काठमाडौंबाट उक्त स्थानहरुमा सशस्त्र प्रहरी यूनिटहरु खटाउने र नयाँ प्रहरी चौकीहरु खडा गर्ने कार्य भएको थियो । ८ जेष्ठ देखि

३० उदाहरणको लागि, जन आन्दोलनमा दरबार अगाडि आमहत्या गरिएको दिन चैत्र २४ को स्मरण गर्ने कार्यक्रमहरुमा थुप्रै मानिस शान्तिपूर्ण जुलुसहरुबाट गिरफ्तार भएका थिए । समातिएका व्यक्तिहरु मध्ये केही सरकारको दृष्टिमा माओवादी समर्थक बुद्धिजीविहरु पनि परे। त्यसैगरी नेकपा (मसाल) का समर्थकहरुले गरेको किसान मार्चमा सम्मिलित भएका ५२ सदस्यहरु आफ्नो डेढ महिने अभियान सिद्ध्याएर काठमाडौं आउँदा समातिए । समातिँदा उनीहरु एउटा प्रेस कन्फरेन्सबाट आफू बसिरहेको ठाउँ तर्फ शान्तीपूर्वक गइरहेका थिए । माओवादीहरुसँग सरकारको छापामारहरु विरुद्ध कसरी लड्ने भन्ने योजनाको पुस्तक छ भन्ने जानकारी र उक्त पुस्तकको आवरणको फोटो छापे पछि जनआस्था साप्ताहिकको कार्यालयमा धावा बोलियो । कसैले पनि माओवादी समर्थक भनेर भन्न नसक्ने यो पत्रिकाको कार्यालयमा कर्मचारीहरुलाई बन्दुक देखाइ खानतलासी गरियो र यस्का सम्पादकलाई सोधपुछ गरियो ।

२१ कार्तिक २०५५ सम्ममा कम्तीमा पनि २२७ जना मानिस मारिए र १६५९ जना गिरफ्तार भए ।[३१]

यस अवधिमा शहरिया बुद्धिजीवीहरुको गिरफ्तारी, प्रेस स्वतन्त्रता तथा प्रकाशनहरुको वितरणमाथि हस्तक्षेप र शान्तिपूर्ण सार्वजनिक भेलाहरुलाई निषेध गर्नेजस्ता कारवाईहरुमा पनि उल्लेखनीय रुपले बृद्धि भयो ।[३२] सामान्यतः किलो सेरा टु शुरु भएपछि ग्रामीण क्षेत्रमा यसले घटाएका घटनासित सम्बन्धित सूचनालाई दमन गर्ने अभियान चलेझैं देखिन्छ ।[३३] तर शहरिया बुद्धिजीवीहरुका अभिव्यक्ति स्वतन्त्रतालाई जतिसुकै कुण्ठित तुल्याउन खोजिएको भए तापनि ग्रामीण क्षेत्रका घटनाहरुलाई नै अग्रभागमा तथा केन्द्रमा राखिनु पर्दछ, कारण ती नदेखिने र नसुनिने घटनाहरुलाई स्थानीय घेराभित्रै दबाउन सरकारलाई बडो सजिलो पर्दछ । अर्को कुरा, उक्त घटनाहरुले शहर-आधारित बुद्धिजीवीहरु किन योबिधि होहल्ला मचाउँदै आएका हुन् भन्ने कुरा बुझ्न पनि सघाउ पुऱ्याउँछन् । तसर्थ यहाँ एम्नेष्टी इन्टरनेशनलद्वारा (१९९९क) किलो सेरा टुको अवधिका घटना समेटिएको प्रतिवेदनका केही उदाहरणहरु प्रस्तुत गरिन्छः[३४]

---

३१ ध्यान दिनुपर्ने कुरा के छ भने सोही अवधिमा नेकपा (माओवादी)ले २४ जना नागरिकको हत्या गरको र ५२ जनालाई घाइते तुल्याएको कुरा जानकारीमा आएको छ ।

३२ उदाहरणको लागि, नेकपा (माओवादी)का अखबारहरु कतिपटक पटक जफत गरिए र त्यसैगरी नेकपा (माओवादी)को नीतिप्रति आलोचनात्मक दृष्टिकोण अँगाल्ने अन्य वाम अखबारहरु पनि जफत गरिए । ३१ जेष्ठ २०५५ को दिन प्रहरीले "माओवादी जनयुद्ध, दमन, कानूनको कार्यान्वयन तथा सूचना प्रवाह" विषयक विचार गोष्ठीमाथि रोक लगायो, जुन गोष्ठीमा भाग लिनको निमित्त प्रहरीका तथा संसदका सदस्यहरुलाई निम्त्याइएको थियो । उक्त गोष्ठीका आयोजक राष्ट्रिय सराकार समाज तथा इन्हुरेड इन्टरनेशनलका गोपाल सिकाकोटी 'चिन्तन'लाई गोष्ठीको समयभन्दा पहिले नै गिरफ्तार गरियो, केही दिनसम्म बेपत्ताको अवस्थामा राखियो र प्राप्त जानकारी अनुसार राजद्रोह (देशभित्रको मानव अधिकारको स्थिति सम्बन्धी सूचना देशबाहिरका मानव अधिकारवादी संगठनहरुलाई पठाए बापत) लगायतका अनेकौं आरोप लगाउने धम्की दिइयो । त्यस बखत मानव अधिकार तथा परराष्ट्र मामिला सम्बन्धी मानव अधिकार आयोग संरक्षकत्व अन्तर्गत तथ्य पत्ता लगाउने नियोकले प्रकाशित गरेका दस्तावेजहरु समेत पनि जफत गरिए । पछि सोही वर्ष विभिन्न महिला संगठनहरुद्वारा विचार गोष्ठी संचालन भइरहेको सभा कक्षमा प्रहरीले घेरा हाल्यो । जम्मा एक सयजनाभन्दा पनि बढी सहभागी तथा श्रोताहरुलाई आम रुपमा गिरफ्तार गरियो ।

३३ नेकपा (माओवादी)को समर्थन गर्ने र त्यसप्रति आलोचनात्मक दृष्टकोण अँगाल्ने दुबै थरीका अखबारहरु जफत गर्नु र वमपन्थी पत्रकारहरुलाई गिरफ्तार गर्नुको अतिरिक्त एमनेष्टी इन्टरनेशलले औंल्याएअनुसार (१९९९क) "मूल प्रवाहका अखबारहरुका सम्पादकहरुलाई गृहमन्त्रालयका अधिकारीहरुले तथ्य पत्ता लगाउने टोलीका मानव अधिकारको दुरुपयोग सम्बन्धमा चिन्ता प्रकट गर्ने प्रतिवेदनहरु प्रकाशित गर्ने कुरालाई उपेक्षा गर्न" दबाब दिएको कुरा जानकारीमा आएको छ । संचारिका समूह नामक एक महिला पत्रकार संघका प्रतिनिधिहरुले मार्टिन चौतारीमा प्रवचन दिने क्रममा आफूहरुले जाजरकोटमा तथ्य पत्ता लगाउने भ्रमणमा जाँदा ६ तहको सुरक्षा पार गरेर जानु परेको कुरा बताए । हालसालैका समाचारहरु अनुसार त्यस प्रकारके तह-तहको सुरक्षा व्यवस्था अझै जारी छ, र उक्त क्षेत्रमा माओवादी समर्थक प्रकाशनहरुलाई छिर्न दिइँदैन, कसैले त्यस्ता सामग्री बोकेर लगेमा उसले सार्वजनिक अपराध ऐन अन्तर्गत गिरफ्तारीको शिकार बन्नु पर्दछ ।

३४ के कुरामा जोड दिइनु पर्दछ भने यी प्रतिवेदनहरुमा बयान गरिएका बन्दीहरुका अधिकारहरुका उल्लंघनहरु तथा गिरफ्तार गर्ने क्रममा दिइने यातनाका रुपहरु कुनै नयाँ कुरा होइनन् । नयाँ कुराचाहिं गिरफ्तारी स्थलमा र गिरफ्तारीपछि गरी दुबै ठाउँमा तिनको प्रयोगको मात्रा तथा हत्याको

## १. स्वेच्छाचारी हिरासत तथा बन्दीहरूका अधिकारहरूको उल्लंघनः

गिरफ्तार गरिएकाहरुमध्ये ...... शिक्षक, किसान, महिला र वकिलजस्ता मानव अधिकारका पक्षधरहरु छन् जसलाई नेकपा (माओवादी)का सदस्य वा सहानुभूतिकर्ताहरु भएको आशंकामा हिरासतमा लिइएको छ । उनीहरुमध्ये मूल धारका राजनीतिक पार्टीहरुका सक्रिय सदस्यहरु तथा समर्थकहरु पनि थिए । ..... गिरफ्तार गरिएको बेला कसैलाई पनि पक्राउ पुर्जी दिइएको थिएन, न त नेपालको संविधानले व्यवस्था गरेअनुसार तिनीहरुलाई २४ घण्टाभित्र कानूनी अधिकारी समक्ष पेश गरिएको थियो । थुप्रैजना मानिसहरुलाई हिरासतमा लिन सबभन्दा व्यापक रुपमा प्रयोग गर्ने गरिएको ऐन – सार्वजनिक अपराध ऐन –ले छूट दिने २५ दिनको अवधिभन्दा बढी समयसम्म प्रहरी हिरासतमा राखिएको थियो । अन्तर्वार्ता लिइएका पूर्व बन्दीहरुमध्ये बहुसंख्यकलाई तिनमाथि के कस्तो आरोप लगाइएको हो भन्ने कुरा बताइएको थिएन । धेरैजसोलाई कम्तीमा पनि प्रहरी हिरासतमा लिएपछि शुरुका दिनहरुमा नातेदारहरु वा वकिललाई भेट्न दिइएन । केही जनाले .... के कुरा बताए भने उनीहरुलाई आफू माओवादी कार्यकलापहरुमा संलग्न भएको तर भविष्यमा त्यसो नगर्ने बाचा-कबोलको ब्यहोरा भएको लिखतमा जबर्जस्ती सही गर्न लगाइएको थियो ।[३५] आत्म-समर्पण गर्नेहरुले

---

मात्रा हो । मैले दुई कारणले एमनेष्टी इन्टरनेशनलको प्रतिवेदनलाई प्रयोगमा ल्याएकी हुँ । पहिलो, नेकपा (माओवादी)का तथा अन्य वाममुखी प्रकाशनहरुमा यस्ता थुप्रै घटनाहरुको जानकारी प्रकाशित भइसकेको छ तैपनि तिनमा प्रकाशित समाचारहरुलाई सरकारले प्रचारबाजी भनेर किनारा लगाउने गर्छ, र नेपाल बाहिरका पाठकहरुले पनि त्यसैगरी नपत्याउन सक्छन् । त्यसैगरी, नेपाली मावन अधिकारवादी संगठनहरुका प्रतिवेदनहरुको आधिकारिकतालाई सरकारद्वारा गरिएका दुरुपयोगका घटनाहरुको अभिलेख उतार्ने संगठनहरु माओवादीमुखी संगठनहरु हुन् भनी आरोप लगाएर उपेक्षा गर्ने आएका छ । दोस्रो कुरा, एमनेष्टी इन्टरनेशनलका प्रतिवेदनहरुमा यातनाका रुपहरुको बढी विस्तारपूर्वक बयान गरिएको पाइन्छ (यद्यपि माओवादी तथा गैर माओवादी वाम प्रकाशनहरुमा पनि मृत्यु दण्ड दिने तरिकाबारे त्यत्तिकै विस्तारपूर्वक बयान गरिएको पाइन्छ) । मेरो आफ्नो विचारचाहिं के हो भने विविध प्रकारका नेपाली संचार माध्यमहरुमा प्रकाशित हुने गरेका विवरणहरुलाई गहिरो गरी पढ्ने र तुलना गर्ने हो भने तिनबाट बिदेशी मानव अधिकार संगठनहरुका प्रतिवेदनहरुबाट भन्दा पनि अझ व्यापक तथा समग्र तस्बीर उपलव्ध हुनसक्छ । अर्को कुरा, मानव अधिकार सम्बन्धी प्रतिवेदनहरु (नेपाली तथा बिदेशी, यद्यपि विशेषतः बिदेशी)ले प्रायः यातना वा मृत्युदण्डका घटनाहरको विस्तृत विवरण दिन्छन् तापनि तिनमा साँच्चीकै सार्थक समाजिक सन्दर्भ बिरलै समावेश भएको हुन्छ । नेपाली प्रेसले कहिलेकाहीं बढी सन्दर्भ उपलव्ध गराउँछ, र सधैं बढी सन्दर्भ उपलव्ध गराउने सम्भावना रहन्छ ।

३५ सेरा किलो टुको अवधिमा सरकारले आत्म-समर्पण गरी आइन्दा हिंसात्मक कार्यकलापहरुमा संलग्न नहुने कुराको बाचा गर्ने ब्यहोरामा सही गर्ने माओवादीहरुलाई क्षमादानको घोषणा गऱ्यो । त्यसबेला र त्यसबेलादेखि यता सरकारले र खास गरेर मूलधारका अखबारहरुले यस प्रकारका आत्म-समर्पणका थुप्रै विवरणहरु प्रकाशित गरेका छन् – कहिलेकाहीं त २०० जना जतिले आत्म-समर्पण गरेका समाचार पनि प्रकाशित गरेका छन् । नेकपा (माओवादी) तथा वाम झुकाव राख्ने दुबैथरि अखबारहरुमा बन्दीहरुलाई यस प्रकारका लिखतहरुमा जबर्जस्ती सही गर्न लगाइएका र केवल माओवादीको रुपमा 'आत्म-समर्पण गराउने' उद्देश्यले मानिसहरुलाई आम रुपमा गिरफ्तार गरी जबर्जस्ती सही गराएर रिहा गरिएका समाचारहरु प्रकाशित भएका छन् ।फेरि हिंसामा सम्लग्न नहुने भन्ने वाचामा लिखितमा सही गर्ने र "आत्मसमपर्ण" गर्ने केहि व्यक्तिहरुलाई पछि पुलिसले मारेको विवरण पनि नेपाली छापाहरुल दिएका छन्। तथ्य छानविन गर्न सक्ने खोजकार्यको अभावमा "आत्मसमर्पण" मध्ये कुन सक्कली र कुन नक्कली भनेर भन्न गाऱ्हो छ। तापनि सबै यस्ता "आत्मसमर्पणहरु" सरकारले भने झैं भएमा हुन् भन्ने कुरामा शंका गर्ने ठाउँ छ।

प्रमुख जिल्ला अधिकारीका अगाडि (यस्तो) लिखतमा सही गर्नुपर्थ्यो भन्ने देखिन्छ। .... आत्म-समर्पण गर्नेहरुले साप्ताहिक वा मासिक तारिखमा स्थानीय अधिकारी समक्ष उपस्थित भई बयान दिनुपर्थ्यो। तथापि, एम्नेष्टी इन्टरनेशनलाई के कुराको जानकारी प्राप्त भयो भने रुकुम, रोल्पा, सल्यान, जाजरकोट, प्यूठान र दैलेख जिल्लाहरुमा यस्तो ब्यहोरामा सही गरी छुटेका १०० जना मानिसहरुमध्ये करीब ५० जनालाई पछि फेरि गिरफ्तार गरियो।

## २. यातनाः

साउन २०५५ मा गिरफ्तार गरिएका सुदूर पश्चिम क्षेत्रमा पर्ने कैलाली जिल्लाका शिक्षक तथा नेकपा (एमाले)को स्थानीय समितिका सदस्यले माओवादीहरुले एउटा स्थानीय घरमा धावा बोलेर केही हतियार लुटेको घटना बारे प्रहरी क्षेत्रीय हेड्क्वार्टर्समा केरकार गर्दा आफूलाई यातना दिएको कुरा बताए। उनलाई चार दिनसम्म एक घण्टाजतिको दरले फलामको पाइप प्रयोग गरी तिघ्रा पेल्ने यातना दिनुकासाथै पुठामा बेस्सरी पिटिएको थियो। अनेक पटक उनी मुर्छा परे तर चिसो पानी छ्यापेर उनलाई होसमा ल्याइयो। उक्त यातनापछि उनी हिंड्न नसक्ने भए र बोकेर कालकोठरीमा ल्याइयो। बाह्र दिन हिरासतमा राखेपछि लेखिएको ब्यहोरा पढ्न नदिइकन उनलाई त्यसमा जबर्जस्ती सही गर्न लगाइयो। त्यसपछि उनलाई रिहाइ गरियो।

सुदूर पश्चिम क्षेत्रमा पर्ने आछाम जिल्लाका एकजना किसानलाई नजिकैको घरका हतियारहरु चोरेको बारे केरकार गर्नको निमित्त असार २०५५ मा गिरफ्तार गरियो। उनलाई २८ दिन हिरासतमा राखी सात दिनसम्म यातना दिइयो। उनलाई उँधो मुन्टो पारेर झुण्ड्याइयो र बाँसको लौरोले पिंडुलामा पिटियो। बाँसका लौराहरु प्रयोग गरी उनलाई तीघ्रामा पेल्ने यातना दिइयो। उनलाई घरिघरि टुक्रुक्क बस्न लगाइयो अनि लात्तले हानेर गुल्ट्याइयो। हुरुक्क हुन्जेल उनका कान निमोठियो। उनलाई केरकार गर्ने प्रहरीहरुले भने, "ए, तँ कुरा नखोल्ने हैन त ? ठीक छ, हामी तँलाई जङ्गलमा लगेर गोली ठोक्छौं"। लेखिएको ब्यहोरा पढ्न नदिइकन उसलाई त्यसमा जबर्जस्ती सही गर्न लगाइयो। .... १८ साउनको दिन उसलाई अदालतमा लगेर चोरी तथा ज्यान लिने प्रयासको आरोप लगाइयो र जेल चलान गरियो। गिरफ्तारीको वास्तविक मितिभन्दा १२ दिनपछि उसलाई गिरफ्तारीको झुठो मिति लेखिएको फक्राउ पुर्जी दिइयो। अन्तमा अढाइ महिनापछि उसलाई रिहाइ गरियो।

२९ असार २०५५ को दिन मध्यमाञ्चल विकास क्षेत्रको ललितपुर जिल्लाको एउटा घरमा ११ जना माओवादी सदस्यहरु बसेका छन् भन्ने सूचनाको आधारमा २० जना सशस्त्र प्रहरीले धावा बोले। प्रहरी कार्वाइमा एकजना पुरुष र दुईजना महिला मारिए र बाँकी सातजना – चारजना पुरुष र तीनजना १९, १६ र १५ वर्षका महिला – लाई दुई दिनसम्म एकसाथ डोरीले बाँधेर त्यहि राखियो। त्यसबीच आफूलाई नाङ्गोझार पारियो भन्ने ती तीन महिलाको आरोप छ। उनीहरु आफूलाई दुई पटक घरबाहिर ल्याएर प्रहरीले राइफलका कुन्दाले पिठ्यूँ र पैतालामा पिटेको दाबी गर्छन्। प्रहरीहरुले सम्भोग गर्न नदिए तिमीहरुलाई गोली ठोक्छौं भनी धम्की दिएका थिए। तीमध्येकी

एउटी तरुनी महिलाले आफूलाई पटक-पटक बलात्कार गरेको आरोप लगाइन् । १ साउनको दिन ती तीनजना महिलालाई जावलाखेलस्थित जिल्ला प्रहरी कार्यालयमा स्थानान्तरण गरियो । ३० श्रावण २०५५ को दिन तिनलाई काठमाडौंको एउटा कारागारमा स्थानान्तरण गरियो जहाँ तिनीहरु विध्वंश तथा अवैध हतियार राखेको आरोपमा पुर्पच्छेको घडीको प्रतिक्षामा छन् ।

## ३. बेपत्ता पारिएका घटनाहरूः

निम्न माध्यमिक विद्यालय स्तरका शिक्षक तथा नेकपा (एमाले)का समर्थक मोहनप्रसाद ओलीलाई बाँके जिल्लाको महादेवपुरी गाविसस्थित उनको घरबाट २९ जेष्ठ २०५५ का दिन आधारातितिर आठजना बर्दीधारी सशस्त्र प्रहरीले गिरफ्तार गरे । प्रत्यक्षदर्शीहरुका अनुसार गन्जी र कट्टु मात्र लगाएका ओलीलाई घिसार्दै मूल सडकसम्म पुऱ्याइयो । उनलाई त्यहाँ कुरिरहेका दुईवटा प्रहरी भ्यानमध्ये एउटामा राखेर चलान गरियो । रमितेहरुले बन्दुक पड्केको र "माओवादी जिन्दावाद" भन्दै चिच्याएको सुने । ओलीका नातेदारहरुले प्रहरीहरु आफ्नो चिनारी गुपचुप राख्नका निमित्त त्यसरी चिच्याएका होलान् भनी शंका गरे । परिवारजनले गिरफ्तारीबारे प्रहरी चौकीमा उजुरी गर्दा त्यहाँका प्रहरी जवानले यो हाम्रो जिम्मेवारीभित्र पर्दैन, उनलाई त नेकपा (माओवादी)का सदस्यहरुले अपरण गरेर लगे होला भन्ने कुरा बताए । थप सोधखोज गर्दा जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरिक्षकले मोहनप्रसाद ओलीलाई हिरासतमा लिएको कुरा इन्कार गरे अनि बाँके जिल्लाका प्रमुख जिल्ला अधिकारीले चाहिं उनको गिरफ्तारीबारे आफूलाई थाहा नभएको कुरा बताए । मोहनप्रसाद ओलीलाई "बेपत्ता पारिएको" कुरा संसदमा पनि उठ्यो तर उनका नातेदार र मानव अधिकारवादीहरुले अधिकारीहरु समक्ष अनेक पटक निवेदन दिंदा पनि एम्नेष्टी इन्टरनेशनललाई थाहा भएअनुसार उनलाई "बेपत्ता पारिएको" सम्बन्धमा खोजतलास गर्न कुनै कदम चालिएन ।

११ माघ २०५५ को दिन तनहुँ जिल्लाको खैरेनीटार गाविसको जाम्दी गाउँबाट प्रहरीले गिरफ्तार गरेपछि वकिल तथा मानव अधिकारकर्मी राजेन्द्र ढकाललाई "बेपत्ता पारियो" । उनलाई प्रेमबहादुर थापा र नैनदत्त अधिकारी नामक दुईजना शिक्षकसँगै गिरफ्तार गरी बेलचौतारा प्रहरी चौकीमा लगिएको कुरा जानकारीमा आएको थियो । ती दुईजना शिक्षकलाई दुई दिनपछि रिहाइ गरियो । गोरखा जिल्लामा माओवादीहरुले गरेका हिंसात्मक कार्यकलापहरुमा उनको संलग्नता रहेको भन्ने आरोपका आधारमा राजेन्द्र ढकाललाई गिरफ्तार गर्नको निमित्त जिल्ला अदालतबाट प्रहरीले पक्राउ पुर्जी पाएको थियो भनिन्छ । गोरखा जिल्लाको बार एशोसियशनका अध्यक्ष तथा मानवअधिकार संरक्षण मञ्च नामक मानव अधिकारवादी संगठनको स्थानीय एकाइका सदस्य रहेका ढकाललाई माओवादी "जनयुद्ध" शुरु भएदेखि पटक-पटक गिरफ्तार गरी जिल्ला अदालतको आदेशमा रिहाइ गरिएको थियो । थप हैरानीबाट जोगिन उनी गिरफ्तारीको बखतमा तनहुँ जिल्लामा आफ्ना एकजना साथीकहाँ लुकिराखेको थिए । १२ माघ २०५५ का दिन सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणका निमित्त दिइएको निवेदनको प्रत्युत्तरमा अदालतले उनलाई ७ दिनभित्रमा अदालतमा हाजिर गराउनू भन्ने लिखित आदशे जारी गऱ्यो । अदालतलाई दिएको जबाफमा गोरखा जिल्लाका प्रहरी कार्यालयले

उनलाई गिरफ्तार गरिएको कुरा इन्कार गऱ्यो । यो रिपोर्ट लेखुन्जेलसम्म उनी कहाँ छन् भन्नेबारे केही थाहा पाउन सकिएन ।

### ४. गैर संवैधानिक मृत्युदण्डः

सल्याान जिल्ला, थारमारे गाविसका अध्यक्ष हेमराज खत्री क्षेत्री र अरु दुईजना गाउँलेहरुलाई १४ फागुण २०५४ का दिन अखिल नेपाल स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी)द्वारा आयोजित सांस्कृतिक कार्यक्रमको बीचमा प्रहरीहरुले पहिले कुटपिट गरे र त्यसपछि गोली ठोकेर उनको जघन्य हत्या गरे । प्राप्त जानकारी अनुसार हेमराज खत्री क्षेत्री र खिमबहादुर डाँगी क्षेत्रीले प्रहरीहरुले हस्तक्षेप गरी भीडलाई तितरबितर पारेको सम्बन्धमा मौखिक विरोध जनाएपछि पहिले उनीहरुलाई पिटियो र नजिकैबाट गोली ठोकियो । बालचौर भन्ने गाउँ निबासी १८ वर्षका विद्यार्थी खिम बहादुर थापालाई गोलीले घातक चोट लाग्यो र पछि उनको मृत्यु भयो । हेमराज खत्री क्षेत्रीलाई भुइँमा पल्टिरहेको अवस्थामा गोली प्रहार गरिएको हो भन्ने आरोप पनि लगाइएको छ । प्राप्त जनकारी अनुसार ती तीनैजना मानिस निरश्त्र थिए ।

२८ जेष्ठ २०५५ का दिन विष्णु पोखेल र धनीराम थारुलाई बर्दिया जिल्लाबाट पुलिसले गिरफ्तार गरेको कुरा गाउँलेहरुले देखेका थिए । विष्णु पोखेल संजमोका पूर्व केन्द्रीय समिति सदस्य थिए र धनीराम थारु अखिल नेपाल क्रान्तिकारी किसान संघका नेता थिए । प्रहरीले हिरासतमा लिएका ती दुईजनालाई कसरी बनमा घेरेर गोली ठोके भन्ने कुरा आफूले टाढाबाट देखेको कुरा किसानहरुले बताए । किसानहरु घटनास्थलनेर जाँदा उनीहरुले त्यहाँ कुनै शब भेट्न सकेनन् । पछि स्थानीय राजनीतिक पार्टीहरुका सदस्यहरुले ती दुई बन्दीहरुबारे जानकारी प्राप्त गर्नको निमित्त प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिए । विष्णु पोखेलको शब उनका नातेदारहरुलाई बल्ल दिएर त्यसको क्रममा उनी "दोहोरो भिडन्त"मा मारिएका हुन् भनियो (एम्नेष्टी इन्टरनेशनल १९९९क) ।

माथि उद्धृत गरिएको रिपोर्ट जारी गरिएको समयदेखि हालसम्म अखबारहरुमा हत्याका समाचारहरु दैनिक घटनाजस्तै भएका छन् – कतै ५ जना, कतै ७ जना, कतै २ जना, कतै ९ जना । कुन शव "माओवादीका" हुन्, कुन "गैर माओवादीका" हुन्, कुनलाई अगाडिबाट गोली हानिएको हो, कुनलाई पछाडिबाट गोली हानिएको हो, कुनलाई हातमा बन्दुक बोकेको बखतमा गोली हानिएको हो, कुनलाई खाली हात भएको बखतमा गोली हानिएको हो भन्ने कुरा कतिपय मामिलाहरुमा, दाबी र प्रति-दाबीहरुको प्रचण्ड लहरको बीचमा, कहिल्यै पनि प्रस्ट नहोला । तर एउटा कुरा भने अघि नै प्रस्ट छः ती सबै मानिस नेपाली थिए । ती तिनै मानिस थिए जसको सुरक्षाको निमित्त आफूलाई अझ क्रूर अधिकारहरुको खाँचो परेको कुरा सरकारले हालसालै ठूलो स्वरमा दुई पटक घोषणा गरिसकेको थियो । त्यसकारण "आवि विधेयक कानूनमा परिणत भइसकेको अवस्थामाझैं कार्यरत" भएजस्तो लाग्ने सरकारको चालू नीति निश्चय नै बिफल हुनेछ, जसरी २०५४ मा आवि विधेयकलाई कानूनमा परिणत गराउने प्रयास बिफल भएको थियो, यद्यपि यो कुरा अपरिमित रुपले उच्च मूल्यमा भइरहेको छ ।

आवि विधेयक तथा राज्यविरुद्धको अपराध तथा सजाय ऐन संशोधन विधेयकको पराजयपछिका घटनाहरुमा विपक्षीहरुले अघि सारेका तर्कहरुको सत्यताको पक्षमा बलियो प्रमाण देखिन्छ । सरकारले हिंसात्मक अपराध गरेको वा सार्वजनिक शान्ति सुव्यवस्थामा खलल पुऱ्याएको आरोपमा कसैलाई पनि काराबासमा कैद गर्न र वाक् तथा भेला सम्बन्धी अधिकारहरुलाई दमन गर्नको निमित्त आफ्नो व्यापक कानूनी संयन्त्रलाई बढी क्रियाशील तुल्याएको मात्र होइन,[३६] आवि विधेयकद्वारा यस्ता दुरुपयोगहरु विरुद्धका सार्वजनिक आक्रोशबाट आफू अझ बढी सुरक्षित भएको खण्डमा सरकार यस्ता कार्यहरु गर्न कम तत्पर होला भन्ने कुरा पत्याउने कुनै कारण नै नदिइकन बन्दीहरुलाई यातना र मृत्यु दण्ड दिने तथा निरश्त्र नागरिकहरुलाई मृत्यु दण्ड दिने कुरा समेत समावेश गरी कानूनलाई त्यस हदसम्म उलङ्घन गर्ने तत्परता पनि देखाएको छ ।

नेपाली चुनावी राजनीतिमा दमनकारी दक्षिणपन्थ र प्रगतिशील वामपन्थबीचको चर्कंदो विभाजन-रेखा जसको प्रमाण थुप्रै विरोधकर्मीहरुले आवि विधेयक तथा संशोधन पारित गराउने चालहरुमा देखे, त्यो झन्झन् चर्किंदै जान सक्नेछ । चुनावी दौडको क्रममा विभिन्न समयमा आवि विधेयकलाई पारित गराउन सक्रियतासाथ कोशिश गर्ने

---

३६ अधिकारीहरु संविधानमा अंकित मौलिक अधिकारहरु सम्बन्धी धारणाहरुको सीमालाई कति लापर्बाहीसाथ उल्लंघन गर्न सक्छन् भन्ने कुरा दुईवटा हालसालैका उदाहरणले देखाएका छन् । २३ चैत्र २०५५ मा एउटा माओवादी अखबारका सम्पादक र प्रकाशकलाई “भूमिगत नेकपा (माओवादी)का नेपाल बन्द तथा अन्य कार्यक्रमहरु सम्बन्धी समाचारहरु छापी जनमानसमा त्रास सिर्जना गरेको” आरोपमा गिरफ्तार गरियो (काठमाडौं पोस्ट, ५ अप्रिल १९९९) । आवि विधेयकलाई “जनमानसमा त्रासको वातावरण सिर्जना गर्ने” सूचना फिंजाएको भन्ने बिल्ला लगाउने कार्यमा प्रयोग गर्न सकिने छ भनी मैले पहिले उल्लेख गरेको कुराको सम्झना गरौं । स्पष्टतः प्रचलित कानूनहरुलाई पनि यसरी प्रयोग गर्न सकिने छ । ४ चैत्र २०५५ को दिन राष्ट्रिय जन आन्दोलन संयोजन समितिका दुईजना वरिष्ट सदस्यहहरुलाई तिनले आयोजना गरेको पत्रकार सम्मेलनपछि गिरफ्तार गरियो । प्रेस सम्मेलनमा उनीहरुले हालैका महिनाहरुमा जुम्ला तथा पश्चिमका अन्य जिल्लाहरुमा भाइरल इन्फ्लुएन्जााके महामारीबाट एक हजारजति मानिसको ज्यान गएको र स्वास्थ्य मन्त्री उक्त समस्याको निराकरण गर्न असक्षम रहेकाले उनको राजीनामाको माग गरेका थिए । “पत्रकार सम्मेलन गरेर मन्त्रीको राजीनामा माग्दैमा मुद्दा चलाउन नमिल्ने कुरा प्रहरीहरुले बुझेपछि” उनीहरुलाई लगत्तै रिहाइ गरियो । यतिसम्म त ठीकै भयो (यद्यपि स्वास्थ्य मन्त्रालय वा स्वास्थ्य मन्त्रीले महामारीको निराकरण गर्न उपयुक्त कदम नचालेको कुराबारे भने तिनले रत्तिभर सोचविचार गरेनन्, जुन महामारीले “जनजीवनमा त्रासको वातावरण सिर्जना गर्न” सक्ने गरी केही महिनाभित्रै “जनयुद्ध” शुरुदेखि हालसम्म दुबै पक्षबाट जति मानिस मारिएका छन् त्यति मानिसको ज्यान त लिई नै सकेको छ । स्पष्टतः मानिसहरु यस प्रकारको महामारी र त्यसबारे सरकारको बेवास्ताबारे अभ्यस्त भइसकेका छन् भन्ठानिन्छ) । तथापि, यी प्रहरीहरुले संविधानमा अंकित वाक् स्वतन्त्रता सम्बन्धी अधिकारहरुको सार पक्रेका छन् भन्ने कुराको निचोडमा पुग्नुअघि अन्तिमसम्म पढ्नु जरुरी छः “प्रहरी सूत्रहरुले बताएअनुसार उनीहरुको गुप्तचर विभागले राष्ट्रिय जन आन्दोलन संयोजन समिति चालू माओवादी विद्रोहको पक्षमा माओवादमुखी वक्तव्य जारी गर्न लागेको कुराको जानकारी गराएको थियो” (काठमाडौं पोस्ट, १९ मार्च १९९९) । अर्को शब्दमा, त्यही “अपराध” बापत उनीहरुलाई गिरफ्तार गर्ने हरेक अधिकार उनीहरुलाई थियो ।

पाँचवटा पार्टीहरु (राप्रपा, राप्रपा (चन्द), नेका, नेकपा (एमाले) र नेकपा (माले)[३७] मतदाताका नजरमा आफूलाई बेग्लो देखाउने प्रयासमा व्यस्त छन् । तथापि, संघर्षको बीचमा निर्माण भएका अड्मिल्दा गठबन्धनहरुले केवल सत्ताको बागडोर थामिराख्ने हेतुले संयुक्त हुने तत्परता मात्र जाहेर गर्छन् कि कुनै एक वा सबै विपक्षीहरुलाई दमन गर्ने उद्देश्यले एकगठ भएको कुरालाई जाहेर गर्छन् त्यो कुरा हेर्न बाँकी नै छ ।[३८]

विधेयक पराजित भएपछिका घटनाक्रमले पनि सरकार नेकपा (माओवादी)ले प्रस्तुत गरेका चुनौतीहरुबारे गम्भीर रुपले सोच्न तयार भएको छ भन्ने कुराका प्रमाणको कुनै संकेत दिंदैनन् । संविधानलाई आफूले महत्वपूर्ण ठानेको दाबी गर्ने प्रत्येक सरकारले संविधानको घेरा तोडेरै भए पनि आक्रमणको बाटो अँगाल्ने गरेको तथ्य यस कुराको एकदम प्रस्ट लक्षण हो । तर "माओवादी समस्या" सम्बन्धमा निरन्तर र अविचल रुपमा हुने गरेको सरकारी चर्चा (त्यसलाई चाहे राजनीतिक समस्या वा "आतंककारी" समस्या मानिएको होस्) यस कुराको अर्को लक्षण हो – र शायद अन्ततः यो बढी प्रबल लक्षण हो । *प्रअजोआ*का एकजना संयोजकले के कुरा औंल्याएका छन् भने सरकार "माओवादी समस्या"प्रति गम्भीर छ भने यसले नेकपा (माओवादी)ले प्रस्तुत गरेका समस्या समाधान सम्बन्धी विषयमा गम्भीर हुनुपर्ने छ । नत्रभने "जरा भएसम्म हजार टुसा उम्रिरहन्छन् भन्ने तथ्य जगजाहेर नै कुरा हो" (श्रेष्ठ २०५४) ।

यी समस्याहरुमा चौतर्फी बेरोजगारी, चौतर्फी गरीबी तथा अकाशिंदो महँगी, जमीन र सम्पत्तिको अति असमान वितरण, देशका हितहरु र श्रोतहरु अकर्मण्यतासाथ बिदेशी शक्तिहरुलाई सुम्पिदिने कार्य र बहुसंख्यक जनताको निमित्त व्यवहारतः मूलभूत मानव अधिकारहरुको अभाव तथा आधारभूत आवश्यकताको अभाव पर्दछन् । आवि विधेयक विरोधी संघर्षको आधारभूत धारणा के थियो भने सच्चा प्रजातन्त्रवादी सरकारले वैचारिक आधारहरुमा व्यावहारिक स्तरको अभिव्यक्ति मार्फत् आफ्ना परिपाटीको स्वरुपको वैधता र सामर्थ्य प्रदर्शन गर्न सक्नु पर्दछ । आफ्नो चरित्रको कारणले नै विद्यमान स्वरुप भएको राज्यले माथि उल्लेख गरिएका समस्याहरुको समाधान गर्न सक्दैन भन्ने नेकपा (माओवादी)को अडानले आधारभूत चुनौती अघि सारेको छः त्यो के हो भने सरकारले यस तर्कलाई गलत साबित गर्नसक्ने एक मात्र उपाय भनेको उसले विद्यमान व्यवस्था माओवादीहरुले औंल्याएका समस्याहरुलाई साँच्ची नै समाधान गर्न समर्थ छ भन्ने कुरा

---

३७ मैले यहाँ दुबै राप्रपा र एमाले तथा माले दुबैलाई समावेश गरेकी छु किनभने तिनीहरु विधेयकको बखतमा अझै फुटिसकेका थिएनन् । अर्को कुरा, मालेको नेतृत्व तिनताका आवि विधेयकका सबभन्दा प्रचण्ड समर्थकबाट गरिएको छ ।

३८ यस्ता शक्तिहरुलाई, यदि इतिहास कुनै प्रकारको मार्गदर्शक हो भने, कुनै पार्टी सत्ताबाहिर परेको बखतमा तिनलाई झण्डैजसो सुनिश्चिततासाथ एकअर्काको विरुद्ध प्रयोग गर्न सकिन्छ भन्ने तथ्यले यीमध्ये कुनै पनि खेलाडीलाई व्यवधान गर्छजस्तो देखिँदैन । २०५४ मा एउटा निजी भेटमा गौतमलाई यो कुरा बताउँदा उनले आफूलाई कहिल्यै पनि त्यो तथ्य थाहा नभएको झैं गरी व्यवहार गरेको कुरा *प्रअजोआ*का प्रतिनिधिहरुले बताए ।

व्यवहारद्वारा प्रदर्शन गर्नु नै हो । निश्चय नै, यसो गर्न असम्भव छ भन्ने कुरामा माओवादीहरु विश्वस्त छन् । के अर्को पक्षमा यो कुरा सम्भव छ भन्ने सम्बन्धमा त्यति नै विश्वास छ ? निश्चय नै यस प्रकारको व्यवहार प्रदर्शन गर्ने कार्यमा "जनयुद्ध"ले कठिन परिस्थितिको सिर्जना गरेको छ तर कुनै पनि व्यवस्थाको आधारभूत क्षमताको अग्नि परीक्षा हुने यस्तै कठिन घडीहरुमा त हो । हालसम्म, यस्ता कठिन घडीहरुमा, यस व्यवस्था आफूले दाबी गर्ने गरेको सम्भाव्य सुचारु रुपले चल्ने विकास यन्त्र भन्दा चारै दिशामा अन्धाधुन्ध गोलाबारी गरि जनताको बाली नभित्र्याएको खेतमा ठूलो विध्वंश मच्चाइरहेको एउटा फौजी टयांक जस्तो व्यवहार गरिरहेको छ ।

अहिलेसम्म आवि विधेयक विरोधी अभियानपछिको स्थितिको हकमा, "माओवादीहरु" र गैर माओवादीहरु दुबै थरिप्रतिको यसको व्यवहारमा विरोधकर्मीहरुले पूर्वानुमान गरेको कुरालाई समावेश गर्ने कुरालाई स्वीकार गर्नैपर्छ, यद्यपि शायद उनीहरु सबैले यो स्थिति सामूहिक हत्या, आम गिरफ्तारी, प्रेसहरुबाट सामग्रीहरुको जफत गर्ने, आदि हदसम्म पुग्ला भनेर कल्पना गरेका थिएनन् होला । आतंक विधेयकको विरोध आन्दोलनले उजागर गरेका यी नग्न कार्यहरुको विरोध गर्ने कार्य जारी नै छ । व्यापक राजनीतिक क्षितिजभित्रका मानिसहरु सरकारलाई के कुराको याद दिलाइरहेका छन् भने आफूले अँगाल्छु र रक्षा गर्छु भनी दाबी गरेको कानूनको शासन र नागरिक अधिकारहरुको सरकार आफैले उल्लंघन गरिरहेको हुनाले उसले आफूलाई वैध प्रजातान्त्रिक संस्था हुँ भनी दाबी गर्न सक्ने आधार गुमाइरहेको छ ।

सरकारलाई यस्ता कुराको याद दिलाउने ब्यहोराहरु जारी गर्ने मानिसहरुमाथि सरकारले स्वतः "माओवादी" भएको कुराको बिल्ला लगाइदिने खतरा झन्झन् बढेको छ चाहे ती मानिसहरुले सरकारका खासखास कार्यहरु वा दृष्टिकोणहरुको विरोध गरुन् वा सिङ्गो राज्य व्यवस्थाकै विरोध गरुन् । सरकार राज्य व्यवस्थाको विरोध गर्नेहरुमध्ये यसका विरुद्ध हतियार उठाउनेहरु र हतियार नउठाउनेहरुमाझ कुनै भेद गर्दैन । विकसित भइरहेको यस प्रवृत्तिले आवि विधेयक विरोधी अभियानको क्रममा गरिएको सरकार सबै प्रगतिशील शक्तिहरुलाई दमन गर्ने प्रयासमा संलग्न छ भन्ने तर्कलाई नै टेवा दिए जस्तो देखिन्छ । निर्दोष नागरिकहरु र नेकपा (माओवादी)का कार्यकर्ताहरुमाथि गरिएका दुरुपयोगहरुको विरोधमा उभिने थुप्रै विरोधकर्मीहरुले नेकपा (माओवादी)को तर्फबाट कुनै पनि दुरुपयोग भएको देख्दा त्यस कुराको पनि खुलेर आलोचना गरेका छन् । तर उनीहरुले सरकारले भन्दा पृथक् रुपबाट यी दुईथरि विरोधहरुको भेद छुट्याएका छन् ।[३९] सरकारको तर्फबाट हुने गरेका दुरुपयोगहरुलाई विरोध जनाउनु भनेको

---

३९ जनयुद्धको बाटोप्रति सहमति राख्नेहरु यस बाटोको सही कार्यान्वयन गर्ने क्रममा नेकपा (माओवादी)मा देखापरेको विचलनको वा त्यस अनुसारका गल्तीहरुको जनयुद्धको यही खाकाभित्र रहेर आलोचना गर्दछन् । नेकपा (माओवादी)को कार्यदिशासँग जो सहमत छैनन् उनीहरु भने जनयुद्धको उक्त खाकाबाहिर रहेर र सामान्यतः त्योभन्दा निकै कठोर आलोचना गर्दछन् । तथापि, यी दुबै थरिले, एकदमै फरक मात्रामा नै किन नहोस्, दुरुपयोगहरु तथा आचार संहिताका

माओवादी (वा माओवादी समर्थक) हुनु भन्ने सरकारको आरोपमा सरकारले नागरिकहरुले औंल्याए बमोजिमका मानकहरु स्वीकार गर्न इन्कार गरेको देखिन्छ । यो छलकपट होइन भनेर विश्वास गर्न गाह्रो छ, कारण त्यो त्यही मानक हो जसलाई पालना गरेको छु भनी सरकार स्वयं दावी गर्छ – अर्थात् त्यो भनेको त्यस्तो प्रजातान्त्रिक परिपाटी हो जसले अपराध गरेको आरोप लगाएका मानिसहरुलाई उचित न्यायिक प्रक्रिया प्रदान गर्दछ । आवि विधेयकका थुप्रै विरोधीहरुमध्ये नेकपा (माओवादी)हरुका सदस्यहरु पनि यसभित्र पर्दछन् जो आफूले संविधान मान्ने कुराको दाबी गर्दैनन् र मुलुकको कानूनको सीमाभित्र रहेर कार्य नगर्ने कुरा ठूलो र स्पष्ट स्वरमा भन्ने गर्छन्, र विद्यमान राज्यसत्ताको तख्ता पल्टाउने प्रयासहरुमा खुलेर लागेका छन् ।

आवि विधेयक विरोधीहरुले अघि सारेको मूल बुँदा के थियो भने सरकारले आलंकारिक भाषामा आफूले प्रजातन्त्रको वैधताको श्रोतका रुपमा संविधान र कानूनको भरोसा गर्दै व्यवहारतः संविधानलाई नकार्ने र प्रजातन्त्र विरोधी कानूनहरु बनाउने कार्य गर्न मिल्दैन । जसअनुसार तिनले के तर्क गरेका थिए भने राज्यले जनताको "शान्ति र सुरक्षा"को नाममा जनतामाथि आक्रमण गर्न र साथै प्रजातान्त्रिक पहिचानहरुको दाबी गर्न मिल्दैन । आवि विधेयक विरोधी सघर्षपछि सरकार एकातिर आफूले प्रजातन्त्रको वैधताको श्रोतको रुपमा संविधान र कानूनको भरोसा गर्ने गरेका कुराको आलंकारिक मन्त्र जप्दै र अर्कातिर व्यवहारमा चाहिं गैर संवैधानिक मृत्युदण्डमा संलग्न रहेको हुँदा विपक्षीहरुले औंल्याएका यी बुँदाहरुको प्रासङ्गिकता झन् बढेको छ । मानिसहरु बढ्दो मात्रामा जोखिम उठाउँदै यी कुराहरु अझै भनिरहने छन् ।

## पुनश्च (कार्तिक २०५६)

यस लेखको अंग्रेजी संस्करण प्रकाशित भएपछि सम्पन्न भएको आम निर्वाचनमा नेपाली कांग्रेसले प्रतिनिधि सभामा बहुमत प्राप्त गऱ्यो र श्री कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रीत्वमा नेपाली कांग्रेसको एकमना सरकार बन्यो । नेपाली संसदको अघिल्लो अधिवेशनमा फेरि कालो विधेयक पारित गर्ने प्रयास भएको थियो । अघिल्लो पटकजस्तै यस पटकको अधिवेशनमा पनि पञ्चायती शासनबाट उपदानका रुपमा प्राप्त विद्यमान कानूनहरुको संशोधित विधेयकका रुपमा "राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६" नामक कालो विधेयक प्रस्तुत भएको छ । आगामी हिउँदे अधिवेशनमा पुनः प्रस्तुत गरिने सम्भावना रहेको उक्त विधेयक तुलनात्मक रुपले केही नरमीकरण गरिएजस्तो देखिए तापनि त्यसको कालो आत्मा भने यथावत कायम छ (अनुसूची छ हेर्नुस्)।

---

उल्लंघनहरुबारे आफ्ना राय-ठहरहरु अघि सार्दा यस प्रकारको छापामार संघर्ष र आफ्नो शस्त्रागारमा राज्यका सारा शक्तिहरु भएको सरकारबीचमा भेद गर्ने गर्छन् ।

## सामग्री–सूची

अप्पाडोराई, ए।१९८५। *भारतको परराष्ट्र नीति तथा सम्बन्धहरूबारे छानिएका दस्तावेजहरू, १९४७–१९७२* भाग २। दिल्ली।

आइपीपीएनडब्लु । १९९७ । आवि विधेयक विरुद्ध वक्तव्य (आणविक युद्ध निवारणका निमित्त चिकित्साकर्मीहरुको अन्तर्राष्ट्रिय कार्यकारी समितिद्वारा जारी गरी श्री ५ को सरकार समक्ष पेश गरिएको)। २८ अगस्त (अनुसूची गका रुपमा उपलब्ध)।

इन्हुरेड इन्टरनेशनल।१९९७। प्रस्तावित आतंककारी तथा विध्वंशात्मक अपराध नियन्त्रण गर्ने व्यवस्था गर्न बनेको विधेयक २०५४ द्वारा नेपाल बचनबद्ध भएका मानव अधिकारहरुको उल्लंघन। काठमाडौं (अनुसूची खको रुपमा उपलब्ध)।

एआईपीएसजी।१९९७। प्रजातान्त्रिक शासन व्यवस्थामा "काला कानूनहरु"को स्थान हुँदैन। भारतीय प्रगतिशील अध्ययन समूह संघ। न्यू योर्क, ३१ अक्टोबर।

एम्नेष्टी इन्टरनेशनल । १९९७क । *"माओवादी जनयुद्ध"का सन्दर्भमा मानव अधिकार उल्लंघन*। एम्नेष्टी इन्टरनेशनलको प्रतिवेदन, १० मार्च।

एम्नेष्टी इन्टरनेशनल । १९९७ख । *नेपालः एम्नेष्टी इन्टरनेशनलको प्रतिवेदन १९९७* (जनवरी–डिसेम्बर, १९९६ लाई समेटिएको)।

एम्नेष्टी इन्टरनेशनल । १९९८क । *नेपालः एम्नेष्टी इन्टरनेशनलको प्रतिवेदन १९९८* (जनवरी–डिसेम्बर, १९९७ लाई समेटिएको)।

एम्नेष्टी इन्टरनेशनल।१९९८ख। नेपालः "माओवादीहरुलाई सखाप पार्ने" क्रममा प्रहरीहरु निर्ममतासाथ गोली ठोक्छन्। एइद्वारा प्रकाशित समाचार, ८ जुलाई।

एम्नेष्टी इन्टरनेशनल । १९९८ग । नेपालः मानव अधिकारको झन् बिग्रँदो स्थितिबारे एम्नेष्टी इन्टरनेशनलका प्रतिनिधिहरुका प्रतिवेदनहरु। सार्वजनिक वक्तव्य, १९ नोभेम्बर।

एम्नेष्टी इन्टरनेशनल।१९९९क। *नेपालः मानव अधिकार नयाँ मोडमा ?* एइ प्रतिवेदन, मार्च।

एम्नेष्टी इन्टरनेशनल।१९९९ख। नेपालः मानव अधिकार नाजुक चौबाटोमा। एइ समाचार प्रकाशन, १५ मार्च।

काला कानून उन्मूलन सम्बन्धी संयुक्त वक्तव्य।१९९७। श्री ५ को सरकार समक्ष प्रस्तुत (अनुसूची घ को रुपमा उपलब्ध)।

जनस्वास्थ्य सरोकार कोष । २०५४ । प्रस्तावित आतंककारी तथा विध्वंशात्मक अपराध नियन्त्रण गर्ने व्यवस्था गर्न बनेको विधेयक विरुद्ध वक्तव्य। काठमाडौं।

डेशेन, मेरी।१९९७। शक्तिका गल्लीहरुमा आतंक उम्लँदो छ। द *काठमाडौं पोस्ट,* २५ अगस्त।

नेकपा (एकता केन्द्र)। २०५२। *सबै देशभक्तहरू एकताबद्ध छन्ः १९५० को सन्धि खारेज गर*। नेपाल।

पअल, बेन्जामिन र विलियम जे. डेमारेस्ट।१९८८। सान पेद्रो ला लागुनामा डेथ क्वाडको अपरेशन। *हिंसाको बालीमाः माया भारतीयहरू तथा ग्वाटेमालाको संकट* मा। रबर्ट एम कारमाक, सम्पा., पृ. ११९-५४। ओक्लाहोमा।

प्रअजोआ (प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलन)। २०५४क। गठन गरिएको कुरा घोषणा भएको प्रेस वक्तव्य। २३ साउन। काठमाडौं।

प्रअजोआ। २०५४ख। माननीय सांसदहरुमा अपील, २५ साउन। काठमाडौं। (अनुसूची ङ का रुपमा उपलब्ध)।

प्रअजोआ । २०५४ग । प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलनद्वारा प्रेस सम्मेलनमा वितरित प्रेस वक्तव्य। २६ साउन। काठमाडौं।

मानव अधिकार तथा शान्ति समाज । २०५४ । *माओवादी जनयुद्धको सन्दर्भः हिंसा तथा मानव अधिकार उल्लंघनको श्रृंखला* (फागुन २०५२ देखि पुस २०५४ सम्मका घटना समेटिएको) । काठमाडौं ।

राष्ट्रिय सरोकार समाज र इन्हुरेड इन्टरनेशनल । २०५४ । प्रस्तावित आतंककारी तथा विध्वंशात्मक अपराधसित सम्बन्धित विधेयक अनावश्यक (विद्यमान कानून नै आवश्यकता अनुसार पर्याप्त तथा मानव अधिकार विपरीत) *प्रअजोआ*का निमित्त राष्ट्रिय सरोकार समाज तथा इन्हुरेड इन्टरनेशनलले तयार पारेको वक्तव्य । काठमाडौं ।

साठीजना "नेपाली तथा बिदेशस्थित नेपालका मित्रहरु"द्वारा हस्ताक्षरित आवि विरोधी विधेयक सम्बन्धमा संयुक्त वक्तव्य । १९९७ । *प्रअजोआ*ले नेपाली भाषामा अनुवाद गरी श्री ५ को सरकार तथा प्रेसहरुलाई वितरण गरेको । काठमाडौं ।

श्री ५ को सरकार । २०५४ । प्रस्तावित आतंककारी तथा विध्वंशात्मक अपराध नियन्त्रण सजाय गर्ने व्यवस्था गर्न बनेको विधेयक (अनुसूची क का रुपमा उपलब्ध) ।

श्री ५ को सरकार । २०४५ । प्रस्तावित राज्यविरुद्धको अपराध तथा सजाय ऐन २०४६ लाई संशोधन गर्नबनेको विधेयक (अनुसूची च को रुपमा उपलब्ध) ।

श्रेष्ठ, श्याम । २०५४ । निरंकुशतन्त्र थोपर्ने षड्यन्त्र । *मूल्याङ्कन* ५०: ५-७, १० ।

स्वार, मनमोहन । २०५५ । दास ढुङ्गाको दोषी एमालेभित्रै छः गौतम । *कान्तिपुर,* ११ फागुन ।

## अनुसूची क

## आतंककारी तथा विध्वंसात्मक अपराध नियन्त्रण तथा सजाय गर्ने व्यवस्था गर्न बनेको विधेयक – २०५४

वर्तमान परिप्रेक्ष्यमा मुलुकमा शान्ति सुरक्षा कायम राख्ने क्रममा आतंककारी तथा विध्वंसात्मक गतिविधिहरूको रोकथामको साथै यस्ता कृयाकलापहरूलाई पूर्णतया निरूत्साहित गर्नु अत्यन्त जरूरी भएको छ। यसको लागि उक्त विषय उपर नै केन्द्रित एक अलग्गै र ठोस कानुनी संरचनाको नितान्त आश्यकता महसुस हुन आएको छ। यसै अनुरूप तर्जुमा गरिएको आतंककारी तथा विध्वंसात्मक अपराध (नियन्त्रण तथा सजाय) विधेयक, २०५४ लाई संसदको चालु बाह्रौं अधिवेशनमा प्रस्तुत गर्नुपर्ने हुँदा तत्सम्बन्धी प्रकृयागत कार्यवाही शीघ्रातिशीघ्र अगाडि बढाउनु परेको छ।

**प्रस्ताव पेश गर्नुपर्नाको कारणः**

माथि उल्लेख भए बमोजिम ''आतंककारी तथा विध्वंसात्मक अपराध (नियन्त्रण तथा सजाय) विधेयक, २०५४'' लाई संसदको चालु बाह्रौं अधिवेशनमा प्रस्तुत गर्नको लागि सिद्धान्त स्वीकृति एवं विधेयक पेश गर्ने स्वीकृति समेत हुनको लागि यो प्रस्ताव पेश गुर्नपरेको छ।

**प्राप्त पारमर्श तथा अन्य प्रासंगिक कुराहरूः**

प्रस्ताविक विधेयकको मस्यौदा उपर कानून तथा न्याय मन्त्रालयबाट तर्जुमा तथा सहमतिसमेत हुनको लागि उक्त मन्त्रालयसंग मिति २०५४/३/२७ मा अनुरोध गरिएकोमा उक्त मन्त्रालयको मिति २०५४/४/२ प.सं. ०५४-०५५ च.नं. १ को प्राप्त पत्रानुसार तर्जुमाको दृष्टिकोणबाट मिलाई तयार गरिएको संलग्न विधेयक मस्यौदा उपर यस मन्त्रालयको कुनै प्रतिक्रिया नभए सिद्धान्त स्वीकृति एवं अन्य आवश्यक कारवाही चलाउन उक्त मन्त्रालयको सहमति भएको भन्ने आशयको व्यहोरासहित विधेयकको मस्यौदासमेत प्राप्त हुन आएको छ।

**मन्त्रालयको शिफारिशः**

''आतंककारी तथा विध्वंसात्मक अपराध नियन्त्रण तथा सजाय विधेयक, २०५४'' को मस्यौदा उपर कानून तथा न्याय मन्त्रालयको राय प्रतिकृया प्राप्त भएपछि सो उपर सिद्धान्त स्वीकृति तथा संसदमा विधेयक पेश गर्ने स्वीकृतिसमेतको लागि मं.प. मा प्रस्ताव पेश गर्नेगरी मा. उपप्रधानमन्त्री

तथा गृहमन्त्रीबाट मिति २०५४/३/२६ मा निर्णय भएको हुँदा श्री ५ को सरकार (कार्यसम्पादन) नियावली, २०४७ को अनुसूची १ को खण्ड ... क को देहाय ४ अनुसार यो गरेको छु।

**निर्णय हुनुपर्ने व्यहोराः**

यसै साथ संलग्न "आतंककारी तथा विध्वंसात्मक अपराध नियन्त्रण तथा सजाय विधेयक, २०५४" उपर सिद्धान्त स्वीकृति तथा संसदको चालु बाह्रौं अधिवेशनमा विधेयक पेश गर्ने स्वीकृति समेत हुनपर्ने।

**आतंककारी तथा विध्वंसात्मक अपराध नियन्त्रण तथा सजाय गर्ने व्यवस्था गर्न बनेको विधेयक**

प्रस्तावनाः नेपाल अधिराज्यमा शान्ति र व्यवस्था कायम राख्न तथा सर्वसाधारण जनताको सुरक्षा गर्नको निमित्त आतंककारी तथा विध्वंसात्मक अपराध नियन्त्रण गर्ने सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, श्री ५ महाराजाधिराज वीरेन्द्र विर विक्रम शाहदेवको शासनकालको छब्बीसौं वर्षमा संसदले यो ऐन वनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "आतंककारी तथा विध्वंसात्मक अपराध नियन्त्रण तथा सजाय ऐन, २०५४" रहेको छ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको क्षेत्रमा सोही सूचनामा तोकिएको मितिसम्म हुनेछ।

(३) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ र नेपाल अधिराज्य बाहिर जहाँसुकै रहे बसेको कार्यालय र त्यसमा काम गर्ने कर्मचारी वा नेपालमा दर्ता भएको वायुयान वा पानी जहाज वा अन्य कुनै यातायातको साधन र त्यसमा कामगर्ने कर्मचारी र त्यस्तो वायुयान वा पानी जहाज वा यातायातको साधनसंग सम्बन्धित कार्यालय र त्यसमा काम गर्ने कर्मचारीको सम्बन्धमा समेत लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "आतंककारी वा विध्वंसात्मक अपराध" भन्नाले देहाय बमोजिमको कुनैकार्य सम्भनु पर्छ,–

(१) नेपाल अधिराज्य वा त्यसको कुनै भागको सुरक्षा, शान्ति र व्यवस्था वा शासन व्यवस्थामा खलल वा आघात पार्ने उद्देश्यले कुनै प्रकारको हातहतियार, बम, विष्फोटक पदार्थ वा अन्य कुनै उपकरण वा वस्तु प्रयोग गरी कुनै स्थानको सम्पत्ति तोडफोड गर्ने वा त्यस्तो योजना बनाउने वा त्यस्तो स्थानमा मानिसको जी ज्यान जाने, अङ्गभङ्ग हुने वा चोटपटक लागी घाइतेतुल्याउने कार्य वा आगोलगाउने कार्य वा अन्य कुनै प्रकारले शारीरिक वा मानसिक क्षति पुऱ्याउने कार्य वा सार्वजनिक उपभोगको वस्तुमा वा सार्वजनिक स्थानमा विषालु पदार्थ प्रयोग गरी मानिसको जीउ ज्यान जाने वा अङ्गभङ्ग हुने वा अन्य क्षति पुऱ्याने वा माथि उल्लेखित कुनै कार्य गरी त्यस्तो कार्यद्वारा सर्वसाधारणलाई आवत जावत गर्ने वा भेला हुने व्यक्तिलाई आतंकित तुल्याउने वा त्यस्तै अन्य कुनै कार्य गर्ने वा,

(२) उपखण्ड (१) बमोजिमको उद्देश्यको निमित्त सो उपखण्डमा उल्लेखित पदार्थ प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई वा त्यस्तो पदार्थ प्रयोग नगरी अन्य कुनै उपकरण, पदार्थ वा साधन प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई कसैको जीउ ज्यान लिने, अङ्गभङ्ग गर्ने, घाईते तुल्याउने वा अन्य कुनै प्रकारको क्षति गर्ने धम्की दिई कुनै स्थान वा कुनै प्रकारको सवारीको साधनमा कसैलाई जोरजुलुम गर्ने वा आतंकित

गर्ने वा त्यस्तो स्थानमा र त्यस्तो स्थान वा साधनबाट त्यस्तो साधनद्वारा यात्रा गरिरहेको कसैलाई त्यस्तो साधनसहित वा साधन रहित अपहरण गर्ने वा त्यस्तो कार्यको षड्यन्त्र वा उद्योग गर्ने वा दुरूत्साहन दिने वा त्यस्तो कार्यद्वारा आतंकित तुल्याउने वा,

(३) उपखण्ड (१) र (२) बमोजिमको उद्देश्यले कुनै प्रकारको हातहतियार वा बम वा विष्फोटक पदार्थ उत्पादन गर्ने, वितरण गर्ने, राख्ने, ओसारपसार वा निकासी पैठारी गर्ने, बिक्री गर्ने, लिएर हिंड्ने वा त्यस्तो कार्यमा सघाउ पुऱ्याउने, वा

(४) माथिको उपखण्डहरूसँग सम्बद्ध अन्य कुनै प्रकारले व्यक्ति वा सम्पत्तिलाई क्षति पुऱ्याउने नियतले सर्वाजनिक जनजीवनमा भय वा त्रासको वातावरण फैलिने गरी गरिएको अन्य कुनै कार्य।

(ख) ''हातहतियार'' भन्नाले राइफल, बन्दुक, तोप, पिस्तोल, रिभल्भर वा त्यस्तै कुनै प्रकारका साधन वा यन्त्र वा धार भएको वा नभएको जोखिमी हतियार सम्झनु पर्छ र सो शब्दले लाठा, ढुङ्गा समेतलाई जनाउँछ।

(ग) ''खरखजना'' भन्नाले फग सिग्नल (धूमिका संकेत) फ्युज, बारूद, केप, गोला, छर्रा पड्काउने वस्तु (डिटोनेटर) कार्तश र यस्तै किसिमको अन्य खरखनाना सम्झनु पर्छ।

(घ) ''बम'' भन्नाले कुनै पनि प्रकारको पदार्थ वा साधनद्वारा निर्मित अन्य कुनै साधनद्वारा वा स्वतः विष्फोट हुने गरी बनाइएको सैनिक वा गैर सैनिक प्रयोगमा आउने ग्रिनेड लगायत कुनै पनि प्रकारको विष्फोटक पदार्थयुक्त अस्त्र सम्झनु पर्छ र सो शब्दले अन्तर्राष्ट्रिय वा नेपाली प्रचलन अनुसार बम भनी जनाउने कुनै अस्त्र समेतलाई जनाउँछ।

(ङ) ''विष्फोटक पदार्थ'' भन्नाले पड्की क्षति पुऱ्याउने टी.एन.टी., एमाटोल बाराटोल, पेन्टोलाइट, आर.डी.एक्स, टोरपेक्स, प्लाष्टीक्स एक्सप्लोसिभ, डाईनामाइट, बारूद, नाइट्रोग्लिसिरिन, जेलेग्नाईट, स्टेमाईट, सेल्लाईट, गनकटन, ब्लाष्टिङ पाउडर सम्झनु पर्छ र सो शब्दले अन्तर्राष्ट्रिय वा नेपाली प्रचलन अनुसार विष्फोटक पदार्थ भनी जनाउने जुनसुकै पदार्थ समेतलाई जनाउँछ।

(च) ''विषालु पदार्थ'' भन्नाले कुनै पनि प्रकारको विष वा त्यस्तो विष मिसाइएको स्थुल, धुलो वा तरल पदार्थ सम्झनु पर्छ र सो शब्दले जुनसुकै प्रकारको विषालु धुँवा वा ग्याँसलाई समेत जनाउँछ।

(छ) ''सुरक्षाकर्मी'' भन्नाले प्रहरी वा शाही नेपालीसेना वा श्री ५ को सरकारले तोकेको आतंककारी तथा विध्वंसात्मक आपराध रोकथामको काममा खटिएको व्यक्ति सम्झनु पर्छ।

(ज) ''आतंककारी'' भन्नाले विध्वंसात्मक कार्यको माध्यमबाट सरकारलाई प्रभाव पार्न तथा जनतालाई दबाउनको लागि हिंसा, धम्की, लुटमार वा झुट्ठा प्रचार गरी आतंक मच्चाउने वा सो गर्न प्रयत्न गर्ने वा आफ्नो स्वार्थसिद्धका लागि आतंकलाई नै मुख्य विषय मान्ने व्यक्ति वा व्यक्तिहरूको समूह सम्झनु पर्छ।

(झ) ''सुराकी'' भन्नाले आतंककारी तथा विध्वंसात्मक अपराध तथा विष्फोटक पदार्थका सम्बन्धमा सुरक्षाकर्मी तथा श्री ५ को सरकारलाई सूचना दिने वा सूचना दिन मद्दत पुऱ्याउने व्यक्ति सम्झनु पर्दछ।

(ञ) ''सुरक्षा अधिकारी'' भन्नाले सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी वा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अधिकृत कर्मचारी सम्झनु पर्छ।

(ट) ''आदेश'' भन्नाले श्री ५ को सरकारले वा सुरक्षा अधिकारीले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वा नगरी जारी गरेको आदेश सम्भनु पर्छ।

(ठ) ''तोकिएको'' वा ''तोकिए बमोजिम'' भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्भनु पर्दछ।

३. **आतंककारी तथा विध्वंसात्मक अपराधः**

(१) कसैले यस ऐन बमोजिमको आतंकारी तथा विध्वंसात्मक अपराध गरेमा यसै ऐन बमोजिम कारवाही तथा सजाय हुनेछ।

(२) कसैले आतंककारी तथा विध्वंसात्मक अपराध गर्ने उद्योग वा षड्यन्त्र गरेमा वा सो अपराध गर्न दुरुत्साहन दिएमा वा सल्लाह दिएमा वा विवश गराएमा वा सो अपराध गराउनको लागि एकभन्दा बढी व्यक्ति जम्मा गरेमा वा त्यस्तो काम गर्न गिरोह वा समूह खडा गरेमा वा त्यस्तो काम गर्न गराउन खटन पटन गरेमा वा त्यस्तो काममा स्वेच्छाले वा परिश्रमिक लिइ वा नलिई भाग लिएमा वा त्यस्तो आतंककारी तथा विध्वंसात्मक अपराधको काम गर्ने उद्देश्यले हात हतियार, बम वा विष्फोटक पदार्थ वा विषालु पदार्थ उत्पादन वा वितरण गरेमा वा राखेमा वा ओसार पसार वा आयात वा निर्यात गरेमा वा बिक्री वा कुनै प्रचार प्रसार गरे गराएमा वा सरकारी सञ्चार पद्धतिमा व्यवधान खडा गरेमा वा उपरोक्त मध्ये कुनै पनि अपराधमा संलग्न व्यक्तिलाई आश्रय दिएमा वा लुकाए छिपाएमा त्यस्तो कार्यसमेत आतंककारी तथा विध्वंसात्मक अपराध गरेको मानिने छ।

(३) उपदफा २ बमोजिमको अपराध गर्ने व्यक्ति उपर यस ऐन बमोजिम कारवाही तथा सजाय हुनेछ।

४. **ऐनको बहिर्क्षेत्रीय प्रयोगः**

आतंककारी तथा विध्वंसात्मक अपराध गर्ने व्यक्तिले नेपाल अधिराज्य वा नेपाली नागरिक वा नेपाल अधिराज्यको कुनै सम्पत्तिलाई लक्षित गरी त्यस्तो अपराध नेपाल अधिराज्य बाहिर बसी गरेको भए तापनि निजले त्यस्तो अपराध नेपाल अधिराज्य भित्र बसी गरे सरह मानी निजलाई यसै ऐन बमोजिम कारवाही र सजाय हुनेछ।

५. **आतंककारी तथा विध्वंसात्मक अपराध रोक्ने विशेष अधिकारः** जनुसुकै कुरा लेखिएको भए तापनि सुरक्षा अधिकारीले आफ्नो क्षेत्रभित्र विध्वंसात्मक अपराध रोक्न देहायको कुनै वा सबै काम गर्ने आदेश दिन सक्नेछः

(क) आतंककारी तथा विध्वंसात्मक अपराध कार्यमा संलग्न भएको छ भनी शंका लागेको व्यक्तिलाई विना वारेण्ट पक्राउ गर्ने,

(ख) अवैध हातहतियार, खरखजना बम वा विष्फोटक पदार्थ राखेको छ वा त्यस्तो कुरा वा आतंककारीसंग सम्बन्धित कुनै शंकास्पद व्यक्ति लुकेछिपेको छ भन्ने शंका लागेमा जुनसुकै व्यक्तिको घर, पसल, गोदाम, यातायातको साधन वा अन्य कुनै स्थानमा सूचना विना जुनसुकै समयमा खानतलासी लिने,

(ग) आतंककारी तथा विध्वंसात्मक अपराध र त्यस्तो कार्य रोक्ने प्रयोजनकोलागि कुनै पनि स्थान वा बाटो घाटोमा कसैको जीउ वा निजको साथ रहेको समान वा निजले प्रयोग गरेको सधान स्थान वा चढेको कुनै प्रकारको सवारी साधनको खानतलासी लिने,

(घ) खण्ड (क) बमोजिम पक्राउ गर्दा वा खण्ड (ख) (ग) बमोजिम खानतलासी लिँदा वा अन्य कुनै कारवाही गर्दा कसैले बाधा विरोध गरेमा आवश्यक बल प्रयोग गर्ने,

(ङ) आतंककारी तथा विध्वंसात्मक अपराध गरिरहेका वा गर्ने व्यक्ति भागी वा उम्की जाने वा पक्रन नसकिने अवस्थामा देखेमा आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने।

(च) आतंककारी तथा विध्वंसात्मक अपराध गर्ने व्यक्तिले जबरजस्ती कब्जा गरी राखेको वा बन्धक बनाइराखेको स्थान वा सवारी साधन वा वायुयान वा पानी जहाज वा अन्य कुनै यातायातको साधनबाट त्यहाँ रहेको मानिसलाई छुटाउन निजहरूको जीउ ज्यानमा पर्न सक्ने क्षति, जोखिम वा आतंक हटाउन वा अन्य नोक्सानबाट बचाउन जो चाहिने आवश्यक बाल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने।

**६. आतंक प्रभावित क्षेत्र घोषणा गर्नेः**

(१) श्री ५ को सरकारले आतंककारी तथा विध्वंसात्मक गतिविधिबाट प्रभावित वा प्रभावित हुनु सक्ने क्षेत्रहरूलाई आतंक प्रभावित क्षेत्र घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषित आतंक प्रभावित क्षेत्रमा श्री ५ को सरकारले आवागमन र सञ्चार व्यवस्थामा नियन्त्रण गर्ने आदेश जारी गर्न सक्नेछ।

**७. हातहतियार वा खरखजाना साथमा लिई हिँड्न निषेध गर्न सक्नेछः**

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६ बमोजिम घोषित आतंक प्रभावित क्षेत्रमा श्री ५ को सरकाले तोकिएको समयसम्मको लागि कसैले प्रचलित कानून बमोजिम लाइसेन्स प्राप्त हातहतियार वा खरखजाना आफ्नो साथमा लिई हिँड्न मनाही गर्ने गरी र त्यस्तो हातहतियार वा खरखजाना तोकिएको अवधिभरको लागि तोकिएको स्थानमा जम्मा गर्नुपर्नेगरी आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश उलङ्घन गरेमा त्यस्तो हातहतियार वा खरखजाना जफलत हुनेछ।

**८. दण्ड सजायः**

(१) आतंककारी तथा विध्वसांत्मक अपराध गरी कसैको जीउ ज्यान गएको रहेछ भने त्यस्तो अपराध गर्ने गराउने वा षड्यन्त्र गर्ने मुख्य व्यक्तिलाई र त्यस्तो अपराध गर्न अह्राउनेलाई सर्वस्व सहित जन्म कैद हुनेछ।

(२) यस ऐन बमोजिमको अपराध भै सकेको तर कसैको जीउ ज्यान गएको रहेनछ भने त्यस्तो अपराध गर्ने गराउने वा षड्यन्त्र गर्ने मुख्य व्यक्तिलाई र त्यस्तो अपराध गर्न अह्राउनेलाई जन्मकैद हुनेछ।

(३) यस ऐन बमोजिमको अपराध गर्ने उद्योग गरेमा, दुरूत्साहन दिएमा वा सल्लाह दिएमा वा विवश गराएमा वा सो गर्न गराउनको लागि एकभन्दा बढी व्यक्ति जम्मा गरेमा वा समूह खडा गरेमा वा त्यस्तो कार्य गर्न गराउन खटन पटन गरेमा वा त्यस्तो काममा स्वेच्छाले वा पारिश्रमिक लिई वा नलिईभाग लिएमा वा त्यस्तो अपराध गर्ने उद्देश्यले हातहतियार, बम, विष्फोटक पदार्थ वा विषालु पदार्थ उत्पादन वा वितरण गरेमा वा राखेमा वा ओसार पसार वा आयात निर्यात गरेमा वा कुनै प्रकारले लिनु दिनु परेमा वा प्रचार प्रसार गराएमा वा त्यस्तो अपराधमा संलग्न व्यक्तिलाई आश्रय दिएमा, लुकाए छिपाएमा त्यस्ता व्यक्तिलाई कसुरको मात्रा अनुसार ५ वर्षदेखि १० वर्षसम्म कैद हुनेछ। त्यस्तो अपराध गर्ने व्यक्तिबाट धन सम्पत्ति क्षति भएको रहेछ भने सो क्षति निजको आफ्नो अंश भाग बमोजिम हुने चल अचल सम्पत्ति लिलाम बिक्री गरी त्यसबाट भराई दिइनेछ। त्यसरी भराई दिँदा क्षतिपूर्ति दिनुपर्ने रकम निजको त्यस्तो सम्पत्तिबाट उपर हुन नसकेमा बाँकी रकम वापत प्रचलित कानून बमोजिम जरिवाना नतिरे सरह गरी हुन आउने अवधिसम्म कैद हुनेछ।

(४) दफा ५ को खण्ड (ख) वा (ग) बामोजिम खानतलासी लिंदा कसैले जानी जानी बाधा विरोध गरेमा निजलाई एक बर्षसम्म कैद वा दुई हजार रूपियाँसम्म जरिवाना वा दुवै सजायँ हुनेछ।

९. **जफत गर्नेः**

(१) कसैले यस ऐन बमोजिम सजाय हुने अपराध गरेमा त्यस्तो कसुर गर्नेको लागि कुनै साधन प्रयोग गरेको रहेछ भने त्यस्तो साधन जफत हुनेछ। तर सवारी साधन प्रयोग गरिएकोमा सवारी साधनको धनीको सहमतिबिना प्रयोग गरिएको रहेछ भने त्यस्तो सवारी साधन जफत हुनेछैन।

(२) दफा ३ को उपदफा (२) बमोजिमको अपराध कार्यको लागि प्रयोग गरिएको प्रचार प्रसारकोसाधन जफत हुनेछ।

(३) कसैले यस ऐन बमोजिम सजायँ हुने अपराध नेपाल अधिराज्य बाहिर बसी गरेको ठहरिएमा निजलाई दफा ५ अनुसार हुने सजायँको अतिरिक्त नेपाल अधिराज्यभित्र रहेको निजको आफ्नो अंश भागको चल अचल सम्पत्तिसमेत जफत हुनेछ।

१०. **मुद्दा हेर्ने अधिकारी र पुनरावेदनः**

(१) यस ऐन अन्तर्गतको कसुर सम्बन्धी मुद्दा हेर्नेअधिकार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी गठन गरेको वा तोकेको अदालतलाई हुनेछ।

(२) उपदफा (१) बमोजिमको अदालतले यस ऐन अन्तर्गतको मुद्दामा कारवाही र किनारा गर्दा विशेष अदालत ऐन २०३१ बमोजिम कार्यविधि अपनाउनेछ।

(३) उपदफा (१) बमोजिम अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर चित्त नबुझ्ने पक्षले फैसला भएको मिति वा फैसला सुनी पाएको मितिले सत्तरी दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन दिन सक्नेछ।

११. **सरकारवादी हुनेः** यस ऐन अन्तर्गतको मुद्दा श्री ५ को सरकारवादी हुनेछ र सो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को अनुसूची – १ मा परेको मानिनेछ।

१२. **विशेष कार्यविधिः**

(१) प्रचलित कानूनमा जुनसुकै कुरा तोकिएको भए तापनि आतंककारी तथा विध्वंसात्मक अपराध गर्ने व्यक्ति फेला नपरी फरार भएमा निजलाई गिरफ्तार गर्न सकेसम्म हुलिया समेत खुलाई पन्ध्र दिने वारेन्ट जारी गरी सो को सूचना कार्यालयको सूचना पाटीमा टाँस्नु पर्नेछ। सो म्यादभित्र पनि फेला नपरेको वा गिरफ्तार हुन नसकेको व्यक्ति उपर यस ऐन बमोजिम कारवाही गर्न बाधा पर्ने छैन।

(२) आतंककारी तथा विध्वंसात्मक समूहमा कुनै व्यक्ति, कर्मचारी वा सुरक्षाकर्मीलाई सुराकीको रूपमा प्रयोग गर्न सकिनेछ र सो व्यक्ति, कर्मचारी वा सुरक्षाकर्मी सो समूहमा लागेको आधारमा निजलाई प्रचलित कानून बमोजिमको कुनै सजायँको भागी बनाइने छैन।

(३) सुराकीको पहिचान गोप्य राख्न सकिनेछ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम कारवाही चलाइएको मुद्दामा मुछिएको अभियुक्तले श्री ५ को सरकार, प्रहरीकर्मचारी वा अन्य अधिकारीलाई विश्वास पर्ने किसिमसँग महत्त्वपूर्ण कुरा वा सबुद प्रमाण देखाई दिएमा वा अपराधको वास्तविक नेतृत्व गर्ने मुख्य अपराधी पत्ता लागाउने काममा प्रत्यक्ष सहयोग दिएमा त्यस्तो अभियुक्तलाई सरकारी गवाहको रूपमा कायम गर्न सकिनेछ र त्यस्तो अभियुक्तलाई त्यसरी सरकारी गवाहको रूपमा कायम गरिएमा प्रचलित कानून बमोजिम कुनै सजाय हुनेछैन। तर निजले झुठ्ठा कुरा लेखिदिएमा वा बनावटी प्रमाण पेश गरेमा वा

मनासिब कारण नभई रिसइवीले काम गरेको देखिएमा त्यस्तो व्यक्तिलाई अभियुक्त सरह मानी सजायँ हुनको लागि सरकारी अधिवक्ताको दावी भएमा अदालतले सजायँ गर्न सक्नेछ।

(५) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको अपराधमा मुछिएको अभियुक्तलाई अदालतको अनुमति लिई पक्राउ भएको मितिले बढीमा नब्बे दिनसम्म अनुसन्धानको लागि प्रहरी हिरासतमा राख्न सकिनेछ।

१३. **सञ्चार साधनमा नियन्त्रण तथा अभिलेखनः** आतंककारी तथा विध्वंसात्मक गतिविधिमा संलग्न व्यक्तिको चिट्ठीपत्र, टेलिफोन वा फ्याक्स जस्ता सञ्चार साधनमा श्री ५ को सरकारले नियन्त्रण गर्न र त्यसको अभिलेखन समेत गर्न सक्नेछ।

१४. **उपचार खर्च तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः**

(१) आतंककारी तथा विध्वंसात्मक गतिविधि नियन्त्रण तथा अनुसन्धान कार्यमा खटिएका प्रहरी तथा सुरक्षाकर्मीहरूको अङ्गभङ्ग तथा मृत्यु भएमा दिइने उपचार खर्च तथा क्षतिपूर्तिको रकम श्री ५ को सरकारले व्यहोर्नेछ।

(२) आतंकवादी तथा विध्वंसात्मक गतिविधिबाट प्रभावित पीडित व्यक्तिहरूको आवश्यक स्वास्थ्य उपचार तथा अन्य राहत सुविध सम्बन्धी व्यवस्था श्री ५ को सरकारले गर्नेछ।

१५. **असल नियतले गरेकोमा बचाउः** यो ऐन वा यस ऐन बमोजिम बनेको नियम अन्तर्गत असल नियतले गरेको वा गर्न प्रयत्न गरेको कुनै काम कारवाहीको सम्बन्धमा कुनै अधिकारी वा व्यक्ति सजायँको भागी हुनेछैन।

१६. **समन्वय समिति गठन गर्न सकिनेः**

(१) आतंककारी तथा विध्वंसात्मक अपराध नियन्त्रण तथा अनुसन्धान सम्बन्धी कार्यको समन्वयनको लागि श्री ५ को सरकारले केन्द्र, क्षेत्र तथा जिल्ला स्तरमा समन्वय समितिहरू गठन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम गठनहुने समन्वय समितिमा श्री ५ को सरकाले तोकिदिएको व्यक्तिहरू रहनेछन्।

१७. **हद म्याद नहुनेः** यो ऐन अन्तर्गतको मुद्दामा नालेस दिने कुनै हद म्याद हुनेछैन।

१८. **नियमबनाउने अधिकारः** यो ऐनको उद्देश्य कार्यान्वियन गर्नको लागि श्री ५ को सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

१९. **बचाउः** यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम हुनेछ र अरूमा प्रचलित कानून बमोजिम हुनेछ।

**अनुसूची ख**

**श्री ५ को सरकारद्वारा प्रस्तावित आतंककारी तथा विध्वंशात्मक अपराध नियन्त्रण तथा सजाय गर्ने व्यवस्था गर्न बनेको विधेयक २०५४ द्वारा मानव अधिकार सम्बन्धमा नेपालका अन्तर्राष्ट्रिय वचनबद्धताहरूको उल्लंघन ।**

**तत्काल कदम चाल्नुपर्ने कुराका आधारहरू**

२०४६ सालमा नेपालमा बहुदलीय प्रजातान्त्रिक प्रणालीको पुनस्थापना भयो र २०४७ मा नयाँ संविधान बन्यो । संविधानद्वारा प्रत्याभूत गरिएका मौलिक अधिकारमा निम्न लिखित अधिकारहरु पर्दछन्:

१. **वाक् तथा अभिव्यक्ति स्वतन्त्रता** (धारा १२) जसलाई सार्वभौमिकता, क्षेत्रीय अखण्डता वा विभिन्न जात तथा समुदायहरुबीचका सामञ्जस्यतापूर्ण सम्बन्धहरुको रक्षा गर्न वा राजद्रोह, अदालतको

मानहानी वा अपराधहरुतर्फको उक्साहट वा सार्वजनिक नैतिक मूल्यहरु विरुद्धका कार्यहरुलाई रोक्नका निमित्त वा सार्वजनिक संकटकालको अवधिमा सीमाबद्ध गर्न सकिन्छ ।

२. **फौजदारी न्यायको अधिकार** (धारा १४) अन्तर्गत थुनाको अवधिमा मानसिक तथा शारीरिक दुबै किसिमका यातना वा अन्य निर्मम, अमानवीय वा अपमानकारी व्यवहारलाई निषेध गर्ने व्यवस्था; गिरफ्तार गरिएको समयदेखि २४ घण्टाभित्रमा न्यायिक अधिकारी समक्ष प्रस्तुत हुन पाउने अधिकार; गिरफ्तारीको कारण सम्बन्धमा कानूनी परामर्श गर्न तथा जानकारी लिन पाउने अधिकार; अदालतको आदेश बिना गिरफ्तारी वा हिरासत भोग्नु नपर्ने अधिकारको व्यवस्था गरिएको छ । यस धारा अन्तर्गत यातना पीडितहरुले क्षतिपूर्ति पाउने व्यवस्था पनि गरिएको छ । धारा ११५(८) अन्तर्गत सार्वजनिक संकटकालको अवधिमा राजा स्वयंबाट समेत पनि यस धारालाई निलम्बन गर्न मिल्दैन ।

३. **निषेधात्मक थुना विरूद्धको अधिकार** (धारा १५) अन्तर्गत गैह्र कानूनी निषेधात्मक थुना बापत पीडितलाई क्षतिपूर्तिको व्यवस्था गरिएको छ ।

४. **गोप्यताको अधिकार** (धारा २२) अन्तर्गत कानून अनुरुप हुने कुरा बाहेक व्यक्तिगत स्वतन्त्रता, आवास, सम्पत्ति, लिखतहरु, पत्राचार तथा सूचनाको अधिकारको व्यवस्था गरिएको छ ।

प्रस्तावित आतंककारी तथा विध्वंशात्मक अपराध नियन्त्रण तथा सजाय गर्ने व्यवस्था गर्न बनेको विधेयक २०५४ ले संविधानका यी सबै प्रावधानहरुको उल्लंघन गर्दछ । धारा ८८(१) अन्तर्गत सर्वोच्च अदालतसँग यस्तो कानून विरुद्ध रिट निवेदन लिने तथा त्यसलाई अवैध घोषित गर्ने असाधारण अधिकार छ ।

सात वर्षअघि बहुदलीय प्रणालीको पुनस्थापनापछि नेपाल गर्वका साथ मानव अधिकार सम्बन्धी करीब २० वटा अन्तर्राष्ट्रिय सन्धिहरुमा हस्ताक्षर गर्ने राज्य बन्यो । ती सन्धिहरुमा नागरिक तथा राजनीतिक अधिकारहरु सम्बन्धी अन्तर्राष्ट्रिय संविदा (नाराअअको) तथा त्यसको प्रथम ऐच्छिक संविदा पर्दछन् र यस संविदा अन्तर्गत नेपाली नागरिकले नाराअअको अन्तर्गत सरकारले प्रत्याभूत गरेका अधिकारहरुको उल्लंघन भई स्वदेशमा सोको कानूनी उपचारका सबै ढोकाहरु बन्द भएपछि न्यूयोर्कस्थित संयुक्त राष्ट्र संघीय मानव अधिकार अदालत समक्ष उजुरी दर्ता गर्ने अधिकार छ ।

### प्रस्तावित विधेयकले नाराअअको अन्तर्गतका निम्न लिखित धाराहरूको उल्लंघन गर्दछ।

१. धारा (४) अन्तर्गतका बदर गर्न नमिल्ने अधिकारहरु जसलाई राष्ट्रको जीवन सामु खतरा उत्पन्न गर्ने अवस्थाको सार्वजनिक संकट कालमा समेत पनि पूर्ण रुपमा सम्मान गरिनु पर्दछ । यी अधिकारहरु अन्तर्गत बाँच्न पाउने अधिकार वा सुयोग्य अदालतबाट अन्तिम फैसला भएपछि मात्र सजाय भोग्नुपर्ने कुराको; यातना, अमानवीय वा अपमानकारी व्यवहार वा सजाय विरुद्धको अधिकार; तथा विचार वा आस्थाको अधिकारको प्रत्याभूति पर्दछन् ।

२. कानून, अभिसन्धिहरु, नियमहरु वा प्रचलन अनुरुप नाराअअको हस्ताक्षरी पक्ष रहेको राज्य अन्तर्गत मान्यताप्राप्त वा विद्यमान मौलिक मानव अधिकारहरुलाई वर्तमान नाराअअकोले यस्ता अधिकारलाई मान्यता दिएको छैन वा यसले तिनलाई कम मात्रामा मान्यता दिएको छ भन्ने कुराको निहुँ पारेर कुनै पनि कानूनलाई सीमाबद्ध वा बदर गर्न सकिँदैन ।

३. व्यक्तिगत स्वतन्त्रता तथा सुरक्षाको अधिकार र स्वेच्छाचारी गिरफ्तारी तथा थुनाबाट स्वतन्त्रता (धारा ९) । गिरफ्तार गरिने जोसुकैलाई पनि गिरफ्तारीको समयमा उसको गिरफ्तारीको कारणबारे जानकारी दिइने छ र उसमाथि लगाइएका अभियोगहरुबारे उसलाई शीघ्र जानकारी दिइने छ । फौजदारी अभियोगमा गिरफ्तार गरिएको वा हिरासतमा लिइएको जोसुकैलाई कानूनी अधिकारको अभ्यास गर्नका निमित्त शीघ्र न्यायधीश वा कानूनी अधिकारप्राप्त अन्य अधिकारी समक्ष लगिने छ र उसलाई उचित समयभित्र पुर्पक्छे वा रिहाइको अधिकार हुनेछ । पुर्पक्छेको प्रतिक्षामा रहेका व्यक्तिहरुलाई हिरासतमा

राख्ने कुरा आम नियम हुने छैन, तर रिहाइ भने कनूनी प्रक्रियाहरुको अन्य चरणमा तथा निर्णय गर्ने कुराको कार्यान्वयन गर्ने अवसर पैदा भएको बखतमा पुर्पच्छेको लागि हाजिर हुने कुराको प्रत्याभूतिका साथ हुनसक्ने छ । गिरफ्तारी वा हिरासतद्वारा स्वतन्त्रताबाट वञ्चित गरिएको जोसुकैलाई पनि न्यायको निमित्त अदालत जान पाउने अधिकार हुनेछ जसले गर्दा उसलाई हिरासतमा लिनको कानूनी औचित्यबारे अदालतले अविलम्ब निर्णय गर्न सकोस् र उसलाई हिरासतमा राख्ने कार्य कानूनसम्मत नभएमा उसलाई रिहा गर्ने आदेश दिन सकोस् । गैह्र कानूनी गिरफ्तारी वा हिरासतबाट पीडित हुन गएको जोसुकैलाई पनि क्षतिपूर्ति पाउनका निमित्त लागू हुनयोग्य अधिकार हुनेछ ।

४. मानवीय व्यवहारको अधिकार (धारा १०) जसले आफ्नो स्वतन्त्रताबाट वञ्चित भएका सबै व्यक्तिहरुले मानवीयता तथा व्यक्तिमा अन्तर्निहित मानवीय गरिमाको सम्मानसाथ व्यवहार गरिन पाउने अधिकारको व्यवस्था गरेको छ ।

५. राष्ट्रिय सुरक्षा, सार्वजनिक अमनचैन तथा सार्वजनिक स्वास्थ्य वा नैतिक मान्यताहरुको रक्षा गर्नुपर्ने आवश्यकता नहोउन्जेलसम्म घुमफिर गर्ने स्वतन्त्रता सम्बन्धी अधिकारमाथि बन्देज लगाइने छैन (धारा १२) ।

६. निस्पक्ष पुर्पच्छेको अधिकार (धारा १४) जस अन्तर्गत अदालत तथा न्यायालयहरु समक्ष सबै मानिस बराबर हुने व्यवस्था गरिएको छ । उसका विरुद्धको कुनै पनि फौजदारी अभियोगको वा कानूनी मुद्दाको सिलसिलामा उसका अधिकारहरु तथा दायित्वहरुको निर्धारण गर्दा हरेक मानिसलाई कानूनद्वारा स्थापित सुयोग्य, स्वतन्त्र तथा निस्पक्ष न्यायालयबाट निस्पक्ष तथा सार्वजनिक सुनुवाइको अधिकार हुनेछ । प्रजातान्त्रिक समाजमा नैतिक मान्यताहरु, सार्वजनिक अमनचैन वा राष्ट्रिय सुरक्षाको कारणले वा सम्बन्धित व्यक्तिहरुका निजी जीवनका हितहरुको दृष्टिबाट आवश्यक देखिएमा, वा प्रचारबाट न्याय सम्बन्धी हितहरुमा पूर्वाग्रह उत्पन्न हुनसक्ने अवस्थामा विशेष परिस्थितिमा न्यायालयको रायअनुसार अत्यन्तै आवश्यक भएको हदसम्म पुर्पच्छेको सम्पूर्ण वा आंशिक अवधिमा प्रेस तथा जनसाधारणलाई बाहेक गर्न सकिने छ । फौजदारी अपराधको अभियोग लागेको जोसुकैलाई पनि कानून अनुसार दोषी प्रमाणित नगरिउन्जेलसम्म निर्दोष मानिने अधिकार हुनेछ । कुनै पनि व्यक्तिमाथि लगाइएको फौजदारी अभियोगको निर्धारण गर्ने क्रममा हरेक मानिसलाई पूर्ण समानतासाथ निम्न लिखित न्यूनतम प्रत्याभूतिको अधिकार हुनेछ:

क) उसमाथि लगाइएको अभियोगको प्रकृति तथा कारणबारे उसले बुझ्ने भाषामा शीघ्र तथा सविस्तार जानकारी पाउने अधिकार;

ख) आफ्नो जोगाउ पक्षको तयारी गर्न तथा आफूले रोजेको परामर्शदातासँग कुरा गर्न पर्याप्त समय तथा सुविधाहरु पाउने अधिकार;

ग) अनुचित ढिलाइ नगरिकन पुर्पच्छे गरिन पाउने अधिकार;

घ) आफ्नो उपस्थितिमा पुर्पच्छे गरिन पाउने, र आफैले वा आफूले रोजेको कानूनी सहयोगीद्वारा आफ्नो जोगाउ गर्न पाउने अधिकार; कानूनी सहयोगी नभएको खण्डमा यो अधिकारबारे सुसूचित हुन पाउने अधिकार; र उसको निमित्त कानूनी सहयोगी खटाइ पाउने अधिकार । कुनै पनि मामिलामा न्याय सम्बन्धी हितहरुले माग गरेको खण्डमा दस्तुर तिर्न उसँग पर्याप्त साधन नभएमा उसले तिर्नु नपर्ने गरी कानूनी सहयोगी पाउने अधिकार;

ङ) उसका विरुद्धको गबाई जाँच्ने वा जाँचिने र अदालतमा प्रयोग गरिने साक्षीहरुकै अवस्था अन्तर्गत उसको तर्फका साक्षीहरुको उपस्थिति प्राप्त गर्ने र साक्षीको जाँच गरिने अधिकार;

च) आफ्नो विरुद्ध साक्षी बक्न वा दोष स्वीकार गर्न वाध्य हुनु नपर्ने अधिकार; कुनै अपराधमा दोषी ठहर गरिएको कुनै पनि मानिसलाई कानून अनुसार उच्च स्तरीय न्यायालयबाट सो ठहर र

सजाय पुनरावलोकन गराउने अधिकार हुनेछ । अन्तिम फैसलाबाट न्यायको दुरुपयोग भएको देखिन आएमा सो व्यक्तिलाई कानून अनुसार क्षतिपूर्ति दिइने छ ।

७. गोप्यताको अधिकार (धारा १७) अन्तर्गत कसैलाई पनि न त उसको गोप्यता, परिवार, घर वा पत्राचार सम्बन्धमा स्वेच्छचारी वा गैह्र कानूनी हस्तक्षेपको शिकार तुल्याइने छ, न त उसको सम्मान वा प्रतिष्ठामाथि गैह्र कानूनी ढङ्गले आक्रमण गरिने छ भन्ने कुराको व्यवस्था गरिएको छ । हरेक व्यक्तिलाई यस्ता हस्तक्षेप वा आक्रमण विरुद्ध कानूनको संरक्षण प्राप्त गर्ने अधिकार छ ।

- नाराअअकोको धारा २(३) अन्तर्गत नेपाल निम्न लिखित कुराहरुमा वचनबद्ध छः

(क) कुनै पनि व्यक्तिका यहाँ मान्यता दिइएका अधिकार वा स्वतन्त्रताहरु उल्लंघन गरिएमा त्यसको प्रभावकारी उपचार गर्ने कुरालाई सुनिश्चित तुल्याउनु, चाहे त्यस्तो उल्लंघन अधिकारीको हैसियतले कार्य गर्ने मानिसबाटै भएको किन नहोस्;

(ख) यस्तो उपचारको दाबी गर्ने व्यक्तिलाई सुयोग्य न्यायिक, प्रशासनिक वा कानूनी अधिकारीहरुद्वारा वा राज्यको कानूनी प्रणालीले उपलब्ध गराउने अन्य कुनै सुयोग्य अधिकारीद्वारा उसको अधिकारको निर्धारण गर्ने कार्यलाई सुनिश्चित तुल्याउनु र न्यायिक उपचारका सम्भावनाहरुको विकास गर्नु; र

(ग) आवश्यक पर्दा सुयोग्य अधिकारीहरुद्वारा यस्ता उपचारहरुको कार्यान्वयन हुने कुरालाई सुनिश्चित तुल्याउनु ।

- नाराअअकोको धारा २(१) अन्तर्गत जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक भिन्न मत, राष्ट्रिय वा सामाजिक उत्पत्ति-श्रोत, सम्पत्ति, जन्म वा अन्य हैसियत सम्बन्धी कुनै पनि प्रकारको भेदभावलाई छूट दिइने छैन ।
- अन्तर्राष्ट्रिय कानून अन्तर्गत विशेष अदालतका व्यवस्थाहरु वा अदालती प्रक्रियाहरुको फोटो खिच्ने कार्यलाई मान्यता दिइएको छैन र सुयोग्य अदालतको धारणाको अर्थ स्वतन्त्र न्यायकर्मीहरु वा न्यायधीशहरुको समूह हो जसले सार्वजनिक रुपमा निस्पक्ष तथा शीघ्र पुर्पच्छेको संचालन गर्दछन् र जो नियुक्ति, रोजगारीको अवधि, तलब वा अन्य सुविधाहरु मार्फत् सरकारको कुनै पनि प्रकारको अनुचित प्रभावबाट मुक्त छन् ।

**प्रस्तावित विधेयकले उल्लंघन गर्ने अर्को सन्धि नेपालले २०४७ मा स्वीकार गरेको यातना तथा अन्य निर्मम, अमानवीय वा अपमानकारी व्यवहार वा सजाय विरूद्धको संविदा हो ।**

- उक्त संविदाको धारा २(२) अन्तर्गत "जस्तोसुकै अपवादजन्य परिस्थितिमा, चाहे त्यो युद्धको अवस्था होस् वा युद्धको खतराको अवस्था होस्, आन्तरिक राजनीतिक अस्थिरता वा अन्य कुनै सार्वजनिक संकटकालको अवस्था होस्, त्यस्तो परिस्थितिमा समेत पनि यातनाको औचित्यको आग्रह गर्न पाइने छैन ।"
- धारा ५(३) ले प्रस्तावित विधेयक अन्तर्गतको फौजदारी न्यायाधिकार जस्ता आन्तरिक कानून अनुरुप अभ्यास गरिने कुनै पनि फौजदारी न्यायाधिकारलाई बहिष्कृत गरेको छैन ।

अभिसन्धिको धारा १ अन्तर्गतको "यातना"को परिभाषाले "सरकारी अधिकारी वा सरकारी अधिकारीको हैसियतमा काम गरिरहेको व्यक्तिको उक्साहटमा वा त्यस्तो अधिकारीको सहमति वा स्वीकृतिमा कुनै व्यक्तिलाई उसबाट वा कुनै तेस्रो व्यक्तिबाट सूचना वा स्वीकारोक्ति प्राप्त गर्ने, ऊ वा कुनै तेस्रो व्यक्तिले गरेको अपराध वा गरेको भनी आशंका गरिएको अपराध बापत सजाय दिने, वा ऊ वा कुनै तेस्रो व्यक्तिलाई डर-त्रास देखाउने वा करकाप गर्ने, वा कुनै पनि प्रकारको भेदभावमा आधारित कुनै पनि कारण बापत सजाय दिनेजस्ता उद्देश्यले कुनै पनि मानिसमाथि जानाजान चर्को शारीरिक वा मानसिक पीडा थोपरिने जस्ता कार्यहरु"लाई समेटेको छ ।

नेपाल सरकार कुनै पनि सुरक्षा शक्तिहरु वा सरकारी अधिकारीबाट भएका मानव अधिकार उल्लंघनका घटनाहरुको जाँचबूझ गर्न र तिनलाई अदालतको कठघरामा उभ्याउन वचनबद्ध छ । **तर यसको विपरीत, प्रस्तावित विधेयकमा फौजदारी न्यायको दुरूपयोग गर्ने तथा मानव अधिकार उल्लंघन गर्नेहरूलाई सबै सम्भावित प्रतिरक्षा दिने व्यवस्था गरिएको छ ।**

**नेपाल सन्धि ऐन १९९२ को धारा ८ अनुसार अन्तर्राष्ट्रिय सम्झौता सम्बन्धी वचनवद्धताहरूसँग मेल नखाने कुनै पनि घरायसी कानूनहरू स्वतः निस्तेज र प्रभावहीन हुन्छन्,** र नयाँ कानून बनाएर अथवा विद्यमान कानून संशोधन गरेर नाराअको तथा यातनासित सम्बन्धित संविदा लगायत यस्ता सन्धि सम्बन्धी प्रावधानहरुलाई कार्यान्वियन गर्न तत्काल आवश्यक कानूनी कदमहरु चाल्न सरकार दृढ रुपले वचनबद्ध छ ।

**त्यसकारण, प्रस्तावित विधेयकले नाराअको अन्तर्गत माथि उल्लेखित प्रावधानहरू, यातनासँग सम्बन्धित अभिसन्धिहरू तथा प्रजातान्त्रिक समाजमा लागू हुने अन्य न्यूनतम अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी मान्यता र मानकहरूको घोर उल्लंघन गर्दछ । साथै यसले अन्तर्राष्ट्रिय कानून र नेपाल अधिराज्यको संविधानले प्रत्याभूत गरेका कानूनको शासन तथा प्रजातन्त्र सम्बन्धी मूलभूत मान्यताहरूको पनि उल्लंघन गर्दछ ।**

यसको रुपरेखा गोपाल सिवाकोटी "चिन्तन"द्वारा तयार पारिएको
इन्हुरेड इन्टरनेशनल, पुलती सडक, काठमाडौं, नेपाल,
१४ भदौ २०५४

**अनुसूची ग**
**आणविक युद्ध निवारणका निमित्त अन्तर्राष्ट्रिय चिकित्सकहरूद्वारा**
**आवि विधेयक विरूद्ध वक्तव्य**

नेपालका सम्माननीय प्रधानमन्त्री
श्री लोकेन्द्रबहादुर चन्द
श्री ५ को सरकार
नेपाल

बाटः आणविक युद्ध निवारणका निमित्त अन्तर्राष्ट्रिय चिकित्सकहरुको बोर्ड अफ डाइरेक्टर्सका तर्फबाट ।

प्रिय प्रधानमन्त्रीज्यू,

हामी यहाँलाई आणविक युद्ध निवारणका निमित्त अन्तर्राष्ट्रिय चिकित्सकहरुका तर्फबाट यो पत्र लेख्दैछौं, जुन युद्धको निवारण, आणविक हतियारहरुको निषेध तथा विश्वका सबै जनतालाई स्वास्थ्य उपलब्ध गराउने उपायद्वारा शान्तिको प्राप्तिप्रति समर्पित ८४ देशका चिकित्सकहरुको गैह्र पार्टी महासंघ हो । हामीले आणविक युद्ध निवारण सम्बन्धी हाम्रो कार्यको निमित्त सन् १९८५ मा नोबेल शान्ति पुरस्कार पाएका
हौं ।

नेपाल सरकारले "आतंककारी तथा विध्वंशात्मक अपराध नियन्त्रण तथा सजाय गर्ने व्यवस्था गर्न बनेको विधेयक २०५४" प्रस्तावित गर्न लागेको कुरातर्फ हाम्रो ध्यानाकृष्ट भएको छ । यस प्रस्तावित विधेयक विरुद्ध जागृत भएको व्यापक जनसरोकार तथा नेपालका अनेकौं संगठनहरुद्वारा तथा नेपालभित्र र बाहिर दुवै ठाउँका बौद्धिकहरु, मानव अधिकार समूहहरु, चिकित्सकहरु, वकिलहरु तथा अन्य पेशागत समूहहरुद्वारा यस प्रस्ताव विरुद्ध विरोध आन्दोलन चलिरहेको कुरा पनि हामीलाई थाहा हुन गएको छ । यस

पत्रको उद्देश्य यो विधेयक पारित भएमा यसबाट हुनजाने व्यापक असर सम्बन्धमा नेपाल सरकार समक्ष हाम्रो तीव्र सरोकार जाहेर गर्नु हो । नेपालको नागरिक समाजमाथि यस विधेयकले पार्ने घातक असरहरुको सम्बन्धमा पुनर्विचार गर्न र यसलाई अघि बढाउने कदमलाई रोक्न हामी यहाँलाई हार्दिक अनुरोध गर्दछौं ।

स्वास्थ्य, न्यायपूर्ण विश्व व्यवस्था तथा विश्व शान्तिप्रति समर्पित संगठनको हैसियतले हामीले निकै वर्षदेखि नेपालमा प्रजातन्त्र र मानव अधिकारको दिशा तथा सामाजिक-आर्थिक विकासको दिशातर्फ भइरहेको प्रगतिलाई सराहनाको दृष्टिले हेरेका छौं । सीमित श्रोत-साधनको आधारमा भएको यो प्रगति झन् प्रशंसनीय छ, र नेपालमा भएका प्रगतिहरुले नेतृत्वको योग्यतालाई स्पष्ट रुपले झल्काएका छन् । राम्रो मनशायका बाबजूद पनि प्रस्तावित विधेयकले नेपालको यो सकारात्मक अन्तर्राष्ट्रिय छविलाई नष्ट गर्ने र हालसालैका वर्षहरुमा यहाँहरुले प्राप्त गर्नुभएका उपलब्धिहरुलाई उल्ट्याउने सम्भावना छ ।

दोस्रो विश्वयुद्धदेखि यता मानव समाजमा लहरहरुको रुपमा आएका परिवर्तनहरुले हाम्रो युगको एक गहन घटना-प्रवाहलाई रेखाङ्कित गरेका छन् – अर्थात् शान्ति र विकास, प्रजातन्त्र र जनताले आफ्नो सिर्जनशीलता तथा स्वतन्त्र विचारहरुको अभ्यास गर्न पाउने अनुल्लंघनीय अधिकारहरु नै मानवीय विकासका गाँठी कुराहरु हुन् । सरकारहरुसँग सहकर्मी तथा जन प्रतिनिधिहरुको हैसियले काम गर्दा गैह्र सरकारी संगठनहरुले त्यस्ता अनेकौं दृष्टान्तहरु देखेका छन् जहाँ त्यस्ता देशहरु जसले जनताको सिर्जनशीलतालाई दमन गर्छन्, चाहे त्यो राज्यको सुरक्षाको निमित्त होस् वा अरु कारणले होस्, ती देशहरु प्रगति तथा सामाजिक-आर्थिक विकासको सन्दर्भमा सफल हुन सक्दैनन् । नेपाल त्यस कोटीमा पर्दैन भन्ने कुरामा हामीलाई विश्वास छ ।

आणविक युद्धको निराकरणका निम्ति अन्तर्राष्ट्रिय चिकित्साकर्मीहरु नामक संस्थाले सधैं न्यायपूर्ण विश्व व्यवस्थाको लागि र विकासशील मुलुकहरुको साथसाथै न्यूनतम विकसित मुलुकहरुले उन्नतिशील औद्योगिक राष्ट्रहरु सरह आफ्नो आवाज प्रकट गर्ने मौका पाउन् भन्ने कुरालाई सुनिश्चित तुल्याउनतर्फ कार्य गरिआएको छ । आणविक हतियारहरु सम्बन्धी नीतिहरु विरुद्धको हाम्रो संघर्ष अंशतः मुठीभरका मुलुकहरुका हातमा विश्वको नियति निर्धारित गर्ने अधिकार छैन भन्ने हाम्रो दृढ विश्वासमा आधारित छ । यस आलोकमा, यहाँका मित्रहरुको हैसियतले, हामी यहाँलाई ऐन निर्माण गर्ने आफ्ना योजनाहरुबारे पुनर्विचार गर्न तीव्र उत्सुकतासाथ अपील गर्दछौं, जुन ऐनलाई नेपालभित्र र बाहिर नेपाली जनता तथा नागरिक समाजका अत्युत्तम हितहरु विपरीत रहेको ऐनको रुपमा ग्रहण गरिने खतरा विद्यमान छ ।

गहिरो आदरसाथ<br>
भवदीय,<br>
भिक्टर डब्लु. साइडेल, एम.डी.<br>
सह-अध्यक्ष, आणविक युद्ध निवारणका निम्ति अन्तर्राष्ट्रिय चिकित्सकहरु

अकाद. सर्गेई कोलेस्निकोभ<br>
सह-अध्यक्ष, आणविक युद्ध निवारणका निम्ति अन्तर्राष्ट्रिय चिकित्सकहरु

रोन म्याकोई, एम.डी.<br>
सह-अध्यक्ष, आणविक युद्ध निवारणका निम्ति अन्तर्राष्ट्रिय चिकित्सकहरु तथा निर्देशक बोर्डका अध्यक्ष

बोधार्थः श्री वामदेव गौतम<br>
उपप्रधान मन्त्री तथा गृह मन्त्री<br>
श्री ५ को सरकार, नेपाल ।

भाद्र १२, २०५४

## अनुसूची घ

## ''कालो कानून''लाई उन्मूलन गर्नेबारे संयुक्त घोषणा

पञ्चायती राजमा "कालो कानून"को रुपमा बद्नाम भएको "सार्वजनिक सुरक्षा ऐन, २०४६" लाई हालै सरकारले पुनः क्रियाशील तुल्याउन खोजेको तथा विध्वंशात्मक अपराध सम्बन्धी विधेयक संसदबाट पारित गराउन खोजेको कुरातर्फ हाम्रो ध्यानाकृष्ट भएको छ ।

यी दुबै कानूनले नेपाललाई पञ्चायत कालीन निरंकुशतन्त्र तथा प्रहरी राजतर्फ धकेल्ने कुरा एकदम निश्चित छ । यी कानूनले अनेकौं दृष्टिले समस्त नेपाली जनताका प्रजातान्त्रिक अधिकारहरुलाई सीमित तथा कुण्ठित तुल्याउँछन् । यी कानूनले जनतालाई स्वतन्त्र भएर बाँच्न, विचार अभिव्यक्त गर्न, भेला हुन र आ-आफ्ना आस्थाका आधारमा राजनीति रोज्न पाउने नाम मात्रका सार्वत्रिक मानव अधिकारहरुलाई मान्यता प्रदान गर्दछन् ।

"आतंककारी" भन्ने बिल्ला अन्तर्गत प्रशासनकर्मी तथा सुरक्षाकर्मीहरुलाई आशंकाका आधारमा बिना वारेन्ट कसैलाई पनि गिरफ्तार गर्न, थुन्न र खानतलासी लिन तथा विरोधकर्मीहरुको गोलीले हत्या गर्ने लगायतको "बल प्रयोग गर्न" पाउने छूट दिने यी कानूनका प्रावधानहरु आतंकवादको नियन्त्रणका निमित्त होइनन्, बरु यिनले त असीमित राज्य आतंकलाई नै टेवा दिनेछन् । यी प्रावधानहरुले मुलुकमा राज्य हिंसाको बाढी ल्याउने छन् । यी प्रावधानहरुद्वारा सरदर नागरिकको जीवन अत्यन्तै असुरक्षिक बन्न पुग्नेछ ।

यी कानूनी प्रावधानहरु नेपाल अधिराज्यको संविधान विपरीत मात्र नभई नेपाल एक हस्ताक्षरी रहेको संयुक्त राष्ट्र संघीय विश्वव्यापी मानव अधिकार घोषणापत्रको पनि विपरीत छन् । यी कानूनमा रहेका प्रावधानहरुले नागरिक तथा राजनीतिक अधिकारहरु सम्बन्धी अन्तर्राष्ट्रिय समझदारीको ठाडै उल्लंघन गर्दछन् ।

त्यसकारण हामी सरकार समक्ष दृढ अनुरोध गर्दछौं – पुनः क्रियाशील तुल्याइएको "सार्वजनिक सुरक्षा ऐन, २०४६"लाई सरकारले तत्कालै उन्मूलन गरोस् र, साथसाथै "आतंककारी तथा विध्वंशात्मक अपराध नियन्त्रण तथा सजाय गर्ने व्यवस्था गर्न बनेको विधेयक"लाई संसदबाट स्वीकृत गराउने सारा प्रयासहरु तत्काल बन्द गरोस् ।

यदि यसो गरिएन र सरकारले काला कानूनहरु पारित गराउने र लागू गर्ने प्रयास जारी राख्यो भने यसबाट मुलुक निरंकुशतन्त्रको अन्धकारतर्फ धकेलिने कुरालाई दृष्टिगत गरी हामी सडकमा उत्रिन वाध्य हुनेछौं ।

मुलुकको प्रजातन्त्र र मानव अधिकारहरुका पक्षधर सबैलाई यस ध्येयका निमित्त संयुक्त रुपले तथा समस्त तागतका साथ संघर्ष गर्न हामी आह्वान गर्दछौं ।

### हस्ताक्षरीहरू

| नाम | संगठन |
|---|---|
| सुशील प्याकुरेल | इन्सेक |
| ईश्वरीचन्द्र ज्ञवाली | साम्राज्यवाद विरोधी राष्ट्रिय मञ्च |
| सुशीलचन्द्र अमात्य | सार्क शिक्षक महासंघ |
| सिन्धुनाथ प्याकुरेल | नेपाल बार एशोसियशन, मानव अधिकार समिति |
| तीर्थ बसौला | नेपाल मानव अधिकार संगठन |
| पद्मरत्न तुलाधर (सांसद) | मानव अधिकार संरक्षण मञ्च |
| मुक्ति प्रधान | जन सरोकार अभियान |
| खिमलाल देवकोटा | जन सरोकार अभियान |

| | |
|---|---|
| सरोज धिताल | सामाजिक उत्तरदायित्वका लागि चिकित्सकहरु, नेपाल |
| गोपाल चिन्तन | राष्ट्रिय सरोकार समाज |
| कृष्णप्रसाद सुवेदी | मानव अधिकार संरक्षण मञ्च |
| माणिकलाल श्रेष्ठ | साम्राज्यवाद विरोधी राष्ट्रिय मञ्च |
| कैलेशकुमार सिवाकोटी | मानव अधिकार तथा वातावरण संरक्षण मञ्च |
| श्याम श्रेष्ठ | साम्राज्यवाद विरोधी राष्ट्रिय मञ्च |
| मातृका तिम्सिना | मानव अधिकार संरक्षण मञ्च |

(प्रेसमा वितरित तथा श्री ५ को सरकार समक्ष प्रस्तुत, जुलाई १९९७)

## अनुसूची ङ

### माननीय सांसदहरूहरूमा अपील

नेपालको वर्तमान प्रजातान्त्रिक संविधानको भावना र मर्म विपरीत रहेका सबै पञ्चायत कालीन ऐन-कानूनहरु खारेज गरिउन् भनी मानव अधिकारवादी, कानूनविद् एवं सुसूचित तथा सचेत नागरिकहरुले निरन्तर रुपमा माग गर्दै आएका हुन् । तर दुर्भाग्यवश, जन अपेक्षाहरु विपरीत, व्यापक रुपमा दमनकारी "कालो कानून"का रुपमा हेरिएको र सुषुप्त रहेको सार्वजनिक सुरक्षा ऐनलाई श्री ५ को सरकारले पुनः क्रियाशील तुल्याएको छ । यस दमनकारी कदमको एक अङ्गका रुपमा आतंककारी तथा विध्वंशात्मक अपराध नियन्त्रण तथा सजाय गर्ने व्यवस्था गर्न बनेको विधेयकलाई संसदमा प्रस्तुत गर्ने तयारी भइरहको कुरा प्रकाशमा आएको छ ।

यस प्रकारका निरङ्कुश तथा स्वेच्छाचारी कानूनहरुको सहारा बिना नै कानून कार्यान्वयन गर्ने राज्य यन्त्रले नेपालमा निरन्तर रुपमा मानव अधिकारहरुको उल्लंघन गरिरहेको कुराका थुप्रै प्रमाणहरु मानव अधिकारवादी संगठनहरुका प्रतिवेदनहरुले उपलब्ध गराएका छन् । कानूनको कार्यान्वयन गर्ने निकाय निरङ्कुश संस्कृतिभित्र हुर्केको हुनाले आज चर्को रुपमा महसुस गरिएको आवश्यकता त प्रहरीगणलाई प्रजातान्त्रिक मान्यताहरुको परिधिभित्र रही कार्य गर्न समर्थवान तुल्याउनको निमित्त पुनर्दीक्षित गर्नु हो । यसको विपरीत, प्रस्तावित विधेयकले यस प्रकारको सुधार नै नगरिएको निकायलाई व्यापक स्वेच्छाचारी अधिकारहरु दिन खोजेको छ । यो एउटा त्यस्तो अहंकारपूर्ण विधेयक पनि हो जसले न्यायपालिकाका अधिकारहरु र त्यसको शुद्धतालाई समेत पनि नष्ट गर्नेछ भन्ने हामीलाई लागेको छ । नेपालका विद्यमान कानूनहरु नेपाली समाजभित्र उत्पन्न हुने कुनै पनि समस्यालाई सम्हाल्न एकदमै पर्याप्त छन् ।

यसो हुँदाहुँदै पनि बहुदलवादी प्रजातन्त्रप्रति प्रतिबद्धता जनाउने २०४६ सालको जन आन्दोलनका नेताहरु तथा उनीहरुमध्येबाटै निर्वाचित भएका सांसदहरुले यस प्रकारको अप्रजातान्त्रिक विधेयकको कल्पनासम्म गर्नु पनि लज्जाजनक विडम्बना हो । यो प्रस्तावित विधेयकलाई नेपाली समाजलाई बहुदलवादी प्रजातन्त्रबाट निरङ्कुश प्रहरीतन्त्रतर्फ धकेल्ने प्रयासका रुपमा हेरिनु पर्दछ । यो प्रतिगामी कदम त वर्तमान संविधानमा लिपिबद्ध गरिएका प्रजातन्त्रका उपलब्धिहरुलाई कटौती गर्ने अनेकौं कदमहरुमध्ये केवल एउटा कदमको अभिव्यक्ति मात्र हो र साथै यो मुलुकभित्रका प्रजातान्त्रिक शक्तिहरु विरुद्ध आइलाग्न सक्ने घातक प्रहारहरुको अशुभ संकेत पनि हो । नेपालभित्र र बाहिर दुबै ठाउँमा यस विधेयकको व्यापक विरोध भइरहेको छ ।

वर्तमान घडीमा नेपाली जनता र तिनका प्रजातान्त्रिक अधिकारहरु सामू गम्भीर खतरा आइलागेको हुँदा मानव अधिकारहरुको संरक्षणप्रति संवेदनशील तथा प्रतिबद्ध नागरिकहरुद्वारा गठन गरिएको प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलन कस्तै परिस्थितिमा पनि यो विधेयकलाई पारित हुन नदिनका निमित्त माननीय सांसदहरु समक्ष दृढ अपील गर्दछ । यस्तो विधेयक संसदमा प्रस्तुत हुनु मात्र पनि प्रजातन्त्र तथा जनाधिकारप्रति समर्पित माननीय सांसदहरुको प्रतिबद्धता, जिम्मेवारी तथा सम्मानप्रति

गम्भीर अपमान हो भन्ने हाम्रो मान्यता छ । सबै के कुरामा विश्वस्त होउन् भने यो विधेयक पारित भएमा नेपाली जनताले यसलाई त्यसरी नै जलाउने छन् जसरी २०४६ सालमा निरङ्कुश पञ्चायती संविधान जलाइएको थियो । इतिहास निर्मम हुन्छ, र इतिहासको कठोर फैसलाबाट कोही पनि जोगिन सक्दैन ।

२५ साउन, २०५४

प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलन समिति

संयोजक: पद्मरत्न तुलाधर

| | | |
|---|---|---|
| सदस्यहरु: | डा. मथुराप्रसाद श्रेष्ठ | श्याम श्रेष्ठ |
| | दमननाथ ढुंगाना | सुरेश आले मगर |
| | कल्याणदेव भट्टराई | परशुराम तामाङ्ग |
| | दिपक ज्ञवाली | गौरी प्रधान |
| | कपिल श्रेष्ठ | नन्दकुमार थापा |
| | सुशीलचन्द्र अमात्य | गोपाल सिवाकोटी 'चिन्तन' |
| | सुशील प्याकुरेल | खगेन्द्र संग्रौला |
| | गंगादेवी कसजु | |

**अनुसूची च**

**राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६ लाई संशोधन गर्न बनेको विधेयक**

**उद्देश्य र कारण**

नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावना र मूल भावना विपरीत अधिराज्यका विभिन्न स्थानमा आतंककारी तथा विध्वंसात्मक गतिविधि संचालन गर्ने, जनमानसमा डर, त्रास, आतंक फैलाउने व्यक्ति, समूह वा संगठनलाई निरुतसाहित गर्ने व्यवस्था विद्यमान प्रचलित नेपाल कानूनमा नभएको र बाध्य भई ३ वर्षभन्दा कम सजाय हुने ऐन अन्तर्गत कारवाही गर्दा त्यस्ता व्यक्तिहरू धरौटीमा छुट्ने समेतका कानुनी समस्याका कारणले गर्दा आतंककारी तथा विध्वंशकारीहरूको मनोबल वृद्धि भई देशमा गंभीर अशान्ति फैलिएको वा अराजक स्थिति सृजना भएको हुंदा सो रोकथामको लागि कानुनी व्यवस्था गर्न राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४७ मा दफा ५ क. र ६ क. थप गर्न वाञ्छनीय भएकोले यो विधेयक प्रस्तुत गरेको छु।

– खुमबहादुर खड्का, गृहमन्त्री

*राज्य विरुको अपराध र सजाय ऐन, २०४६ लाई संशोधन गर्न बनेको विधेयक*

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "राज्य विरुद्धको अपराध र सजाय (पहिलो संशोधन) ऐन, २०५४" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६ मा दफा ५ क. थपः** राज्य विरुदको अपराध र सजाय ऐन, २०४६ (यसपछि "मूल ऐन" भनिएको) दफा ५ पछि देहायको दफा ५ क. थपिएको छः–

"५ क. विध्वंसात्मक तथा आतंककारी कार्यः कसैले नेपाल अधिराज्यभित्र लूटपिट, तोडफोड, आक्रमण, विध्वंसात्मक कार्य वा अन्य कुनै तरिकाबाट व्यक्तिगत, सार्वजनिक वा सरकारी सम्पत्तिमा हानी नोक्सानी पुग्ने कार्य गरेमा, सर्वसाधारण नागरिकको जनजीवनमा डर, त्रास, भय तथा आतंकको वातावरण सृजना हुने कार्य गरेमा वा त्यस्तो कार्य गर्ने उद्देश्यले बम, जिलेटिन वा अन्य यस्तै प्रकारका विष्फोटक पदार्थ वा हातहतियार खरखजानाको संचय, ओसार पसार, बिक्री वितरण वा प्रयोग गरेमा वा त्यस्तो कार्य गर्न षडयन्त्र गरेमा, सहयोग पुऱ्याएमा, दुरूत्साहन

दिएमा वा त्यस्तो कार्य गर्न भेला जम्मा भएमा वा प्रचार प्रसार गरेमा वा त्यस्तो कार्य गर्न नगदी वा जिन्सी चन्दा संकलन गरेमा वा त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई संरक्षण दिने वा त्यस्तो कार्य संचालन गर्नको लागि प्रशिक्षण दिने दिलाउने जस्ता कार्य गरेमा वा त्यस्ता विध्वंसात्मक तथा आतंककारी कार्य गर्ने उद्योग गरेमा त्यस्तो कार्यबाट हुन गएको हानी नोक्सानीको बिगो असुल गरी निजलाई चार वर्षदेखि दश वर्षसम्म कैद हुनेछ र त्यस्तो कार्यबाट कसैको ज्यान मर्न गएको रहेछ भने सर्वस्वसहित जन्मकैद हुने छ।"

३. **मूल ऐनमा दफा ६ क. थपः** मूल ऐनको दफा ६ पछि देहायको दफा ६ क. थपिएको छः
"**६ क. अवैध घोषित गर्न सक्नेः** यस ऐन अन्तर्गत सजाय हुने अपराधमा संलग्न कुनै संघ, संस्था, संगठन वा समूहलाई श्री ५ को सरकारले अवैध घोषित गर्न सक्नेछ।"

**अनुसूची छः**

**आन्तरिक प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक – २०५६**

**उद्देश्य र कारण**

नेपाल अधिराज्यमा हातहतियार, विष्फोटक पदार्थ जस्ता गहन र घातक साधनहरू प्रयोग गरी देश र नागरिकको शान्ति र व्यवस्था खलल गर्ने, सम्पत्ति तोडफोड गर्ने, त्यस्तो स्थानमा मानिसको जीउज्यान जाने, अङ्गभङ्ग हुने चोटपटक पुर्‍याउने, आगजनी गर्ने, अपहरण गर्ने, बन्धक बनाउने, शारीरिक मानसिक यातना दिने, क्षति पुर्‍याउने, बलजफती चन्दा असुल उपर गर्ने जस्ता अपराधिक क्रियाकलापहरू बढिरहेका छन्। त्यस्तो कार्य गर्नेहरूलाई रोकथाम गर्न पर्याप्त कानुनी व्यवस्था रहेको छैन। यसै कारणले गर्दा त्यस्ता व्यक्तिहरू धरौटीमा छुटि पुनः त्यस्तो पुरानो कार्यमा अझ दृढ भएर लाग्ने संभावना रहेको छ। यसले गर्दा त्यस्ता व्यक्तिहरूको मनोबलमा अझ वृद्धि भइरहेको छ। तसर्थ, त्यस्ता अपराधिक क्रियाकलापमा संलग्न व्यक्ति, समूह र संगठनलाई सजायको रूपमा प्रायश्चित गराउने कानूनी व्यवस्था गर्न स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ क र ६ ख मा संशोधन गर्न, हातहतियार खरखजाना ऐन, २०१९ को दफा २ र २० मा संशोधन गर्न, दफा ५ ख थप गर्न, विष्फोटक पदार्थ ऐन, २०१८ को दफा २ र १० मा संशोधन गर्न, दफा ४ क, १० क र १० ख थप गर्न राज्यविरुद्धको अपराध र सजाय ऐन, २०४६ को दफा ४ क थप गर्न, चन्दा ऐनको दफा १३ र १४ मा संशोधन गर्न, दफा ३ क र १४ क थप गर्न, मुलुकी ऐन, २०२० को महल ८ क र १३ ख थप गर्न वान्छनीय भै आन्तरिक प्रशासनसम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०५६ पेश गरेको छु।

पूर्णबहादुर खड्का
गृहमन्त्री

**आन्तरिक प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक २०५६**

**प्रस्तावनाः** आन्तरिक प्रशासनसम्बन्धी केही नेपाली ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले, श्री ५ महाराजधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको २८ औं वर्षमा संसद्ले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आन्तरिक प्रशासनसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५६" रहेको छ। (२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **मुलुकी ऐनमा संशोधनः** मुलुकी ऐनको- (१) महल ८ पछि देहायको महल ८ क थपिएको छः
"महल ८ क"

**अपहरण गर्ने तथा शरीर बन्धक लिनेको:**

१ नं. ॥ ॥ कसैले कुनै व्यक्तिलाई बल प्रयोग गरी वा सो प्रयोग गर्ने धम्की देखाई वा छलकपट गरी वा डरत्रास देखाई वा कुनै व्यक्ति यात्रा गरी रहेको सवारी साधन कुनै किसिमले कब्जामा लिई वा त्यस उपर कुनै किसिमले नियन्त्रण गरी कुनै ठाउँमा जान बाध्य गराएमा वा कुनै व्यक्तिको मंजुरी विना वा नावालक र मानसिक अस्वस्थ्य व्यक्ति भए निजको बाबुआमाको वा संरक्षकको मंजुरी विना कुनै ठाउँमा लगी वा लग्न मद्दत गरी अपहरण गर्न गराउन हुँदैन।

२ नं. ॥ ॥ कसैले कुनै व्यक्तिलाई बल प्रयोग गरी वा सो प्रयोग गर्ने धम्की देखाई वा छलकपट गरी वा डरत्रास देखाई वा जोरजुलुम गरी वा हातहतियार देखाई वा कुनै घर, छाप्रो, मतान, मन्दिर, पाटी, पौवा, विद्यालय, धर्मशाला, शौचालय, आश्रय, उद्यानस्थल, सरकारी तथा गैरसरकारी कार्यालय, यातायातको साधन, सार्वजनिक वा अन्य कुनै घर वा स्थल कुनै किसिमले कब्जामा लिई वा त्यस उपर कुनै किसिमले कब्जामा लिई वा त्यस उपर कुनै किसिमले अनाधिकृत रूपमा नियन्त्रण गरी वा कुनै व्यक्तिको मंजूरीविना बलपूर्वक थुनामा राख्न वा शरिर बन्धक बनाउन हुँदैन। तर नावालक र मानसिक अस्वस्थ्य व्यक्तिका हकमा निजको बाबुआमा वा संरक्षकको मंजुरी लिई असल नियतले त्यस्तो नावालक वा मानसिक अस्वस्थ्य व्यक्तिको हितको निमित्त थुनामा राखिएकोमा कुनै वात लाग्ने छैन।

३ नं. ॥ ॥ यसै महलको १ र २ नम्बर बमोजिम गरेको अपहरण वा गैरकानुनी थुना वा शरीर बन्धक वा ज्यान लिने वा कुटपिट गरी चोट पुर्‍याउने वा जबरजस्ती करणी वा अप्राकृतिक मैथुन गर्ने, मानिस बिक्री गर्ने वा दास बनाउने वा इच्छा विरूद्ध काममा लगाउने वा वेश्यावृत्तिमा लगाउने वा यातना दिने वा कुनै काम गर्न वा गराउन बाध्य गराउने वा मुक्ति शुल्क लिने वा प्रचलित कानून बमोजिम कसुर हुने अन्य कुनै काम गर्न लगाउने उद्देश्यले गरे गराएको भए पाँच वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पच्चिस हजारदेखि पचास हजार रूपैयाँसम्म जरीवाना र लेखिए बाहेक अन्य उद्देश्यले गरे गराएको भए तीन वर्षदेखि पाँच वर्षसम्म कैद र दश हजारदेखि पच्चिस हजारसम्म जरीवाना हुने छ।

४ नं. ॥ ॥ यसै महलको १ नम्बरमा लेखिए बमोजिम अपहरण गरी २ नम्बर बमोजिम गैरकानुनी थुनामा राख्ने वा शरीर बन्धक लिने व्यक्तिलाई जन्मकैद गर्नुपर्दछ।

५ नं. ॥ ॥ यसै महलमा लेखिएको कसुर गर्न दुरुत्साहन गर्ने, आदेश दिने वा त्यस्ता कसुर हुनुभन्दा अगावै सो गर्न सहमति दिने व्यक्तिलाई सो कसुर निजले नै गरे सरह सजाय हुनेछ। लेखिए बाहेक यस महलमा लेखिएको कसुर गरी नसकेको सो कुराको उद्योगसम्म गरेकोमा त्यस्तो व्यक्तिलाई र मतियारलाई सो कसुरमा हुने सजायको आधा सजाय गर्नुपर्छ।

६ नं. ॥ ॥ यस महल बमोजिमको कसुर गर्ने व्यक्तिले कसुर गर्दा गर्दैको बखत आत्मसमर्पण गरेमा अवस्था हेरी निजलाई कम सजाय गर्न सकिनेछ।

७ नं. ॥ ॥ कुनै व्यक्तिलाई नेपाल सरहदबाट बाहिर लगि यस महल बमोजिम अपहरण गर्ने वा शरीर बन्धक लिने कार्य गरे गराएको रहेछ भने नेपाल सरहद भित्रै कसुर गरे सरह मानी यस महल बमोजिम सजाय गर्नुपर्छ।

८ नं. ॥ ॥ यस महलको १, २ र ३ नं. बमोजिम कसुर गरे गराएको कुरा प्रमाणित हुन आएमा मुद्दा हेर्ने अधिकारीले सो कसुर गर्ने गराउने व्यक्तिबाट पीडित व्यक्तिलाई कसुर भएको दिनदेखि नै पीडित व्यक्तिको आर्थिक, सामाजिक हैसियत र पुग्न गएको क्षतिको विचार गरी दिनको कम्तिमा पाँचसय रुपैयाँको दरले क्षतिपूर्ति समेत भराई दिनुपर्नेछ। पीडित व्यक्ति मरी सकेको भए निजको नजिकको हकदारले सा क्षतिपूर्ति पाउने छ।"

(२) ज्यान सम्बन्धी महलको १३ नम्बरपछि देहाय १३ क र १३ ख नं. थपिएका छन्।

"१३ क. यसै महलको १३ न. मा जुनसुकै कुरा लेखिएको भए तापनि ज्यान मार्ने मनसाय लिई वा मर्न सक्छ भनी जानी जानी देहाय बमोजिमको कार्य गरी ज्यान मार्ने र त्यस्ता कसुर गर्न लगाउने व्यक्तिलाई सर्वश्व सहित जन्मकैद गर्नुपर्छ।

सामूहिक रूपले ज्यान लिने उद्देश्यले सार्वजनिक रूपमा बिक्री वितरण गरिने खाने वा पिउने पदार्थमा विष वा घातक विषालु पदार्थ हाली ज्यान लिएमा .........१

कुनै मानिसलाई अपहरण गरी वा बन्धक बनाई अपहरित वा बन्धक बनाएको व्यक्ति वा अन्य कसैको ज्यान लिएमा .........२

मानिसहरूको आवत-जावत र जमघट हुने सार्वजनिक स्थलमा वा यातायातको साधनमा वा मानिसहरू बसेको वा भेला भएको घर वा स्थानमा विष्फोटक पदार्थ विष्फोटन गराई कसैको ज्यान मारेमा .........३

सास्ती, यातना दिई बर्बर र क्रूर तरीकाबाट कसैको ज्यान लिएमा .........४

यसै नम्बरको माथि १, २, ३ र ४ बमोजिम कसुर गर्ने व्यक्तिले त्यसरी कसुर गर्दा धन सम्पत्ति क्षति भएको रहेछ भने सो क्षति कसुरदारको सर्वश्व भएको चल अचल सम्पत्ति लिलाम बिक्री गरी भराई दिनुपर्नेछ।

१३ ख. यसै महलको १३ क. नम्बर बमोजिमको कसुर गर्न षडयन्त्र गर्ने, अह्राउने, वचन दिने, मतियार हुने, उद्योग गर्ने व्यक्तिलाई कसुरको प्रकृति र निजको संलग्नतालाई हेरी पाँच वर्षदेखि दश वर्षसम्म कैद गर्नुपर्दछ।"

३. **स्थानीय प्रशासन ऐन, २०२८ मा संशोधनः** स्थानीय प्रशासन ऐन २०२८ को - (१) दफा ६ क को उपदफा (३) मा रहेको "एक महिनासम्म कैद वा एक हजार रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा तीन महिनासम्म कैद वा पाँच हजार रुपैयासम्म" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ६ ख को,

(क) शीर्षक र उपदफा (१) मा ठाउँठाउँमा रहेका "दङ्गाग्रस्त क्षेत्र" भन्ने शब्दहरूको सट्टा 'हिंसात्मक वा विध्वंसात्मक कार्यबाट प्रभावित क्षेत्र वा दङ्गाग्रस्त क्षेत्र" भन्ने शब्दहरू राखिएका छन् र सोही उपदफामा रहेको "हातहतियार" भन्ने शब्द पछि "खरखजाना वा बम वा विष्फोटक पदार्थ वा विषालु ग्यास" भन्ने शब्दहरू थपिएका छन्।

(ख) उपदफा (१) को खण्ड (झ) पछि देहायका खण्ड (ञ) थपिएको छः-

"(ञ) हिंसात्मक वा विध्वंसात्मक कार्यबाट प्रभावित क्षेत्र वा दंगाग्रस्त क्षेत्रमा आवागमन र संचार व्यवस्थामा नियन्त्रण गर्न प्रमुख जिल्ला अधिकारीले उपयुक्त आदेश जारी गर्ने।"

(ग) उपदफा (२) को सट्टा देहायको उपदफा (२) मा राखिएको छः-

"(२) हिंसात्मक वा विध्वंसात्मक कार्यबाट प्रभावित क्षेत्र वा दंगाग्रस्त क्षेत्रमा अवैध हातहतियार, खरखजाना, बम, बिष्फोटक पदार्थ वा विषालु ग्याँस राखेको छ वा त्यस्तो क्षेत्रमा रहेका जुनसुकै व्यक्तिको जिउ वा साथमा रहेको सामान, घर, पसल, कम्पाउण्ड, गोदाम, यातायातको साधन वा अन्य कुनै स्थानमा पूर्व सूचना नदिइकनै घटीमा प्रहरी सहायक निरीक्षकसम्मका दर्जाका प्रहरी कर्मचारीले खानतलासी गर्न सक्नेछ।"

(घ) उपदफा (३) सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (१) बमोजिम हिंसात्मक वा विध्वंसात्मक कार्यबाट प्रभावित क्षेत्र वा दंगाग्रस्त क्षेत्र घोषित गर्दा प्रमुख जिल्ला अधिकारीले एक महिनासम्मका अवधिको लागि मात्र घोषित गर्न सक्नेछ र सो अवधि बढाउनु परेमा प्रमुख जिल्ला अधिकारीले जिल्ला सुरक्षा समितिको स्वीकृति लिई थप तीन महिनासम्म र सोभन्दा बढी बढाउनु परेमा श्री ५ को सरकार, गृहमन्त्रालयको स्वीकृति लिई बढाउन सक्नेछ।"

(ङ) उपदफा (४) मा रहेका "दंगाग्रस्त क्षेत्र" भन्ने शब्दहरू पनि "वा हिंसात्मक वा विध्वंसात्मक कार्यबाट प्रभावित क्षेत्र" भन्ने शब्दहरू थपिएका छन्।

(च) उपदफा (५) मा रहेका "खण्ड (ङ) वा (६) उल्लंघन गर्ने" भन्ने शब्दहरूको सट्टा "खण्ड (ग), (ङ) र (छ) उल्लंघन गर्ने" भन्ने शब्दहरू र सोही उपदफामा रहेका "तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "छ महिनासम्म कैद वा दश हजार रुपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन्।"

४. **हातहतियार खरखजाना ऐन, २०१९ मा संशोधनः** हातहतियार खरखजाना ऐन २०१९ को "(ग) 'हातहतियार' भन्नाले राइफल, बन्दुक, पिस्तौल, रिभाल्वर, माइनिङ र ग्रीनेड र त्यसका पार्ट पुर्जाहरू वा त्यस्तै प्रकृतिका अन्य कुनै साधन वा यन्त्र वा त्यस्तो हातहतियार बनाउने कल मेशिनयन्त्र तथा उपकरण समेतलाई सम्झनुपर्छ र सो शब्दले जुनसुकै प्रकारको विष्फोटक पदार्थ समेतलाई जनाउँदछ।"

(२) दफा ५ क पछि देहायको दफा ५ ख थपिएको छः-

**"५ ख. हिंसात्मक वा विध्वंसात्मक कार्यमा हातहतियार खरखजाना राख्न वा प्रयोग गर्नमा मनाहीः** हिंसात्मक वा विध्वंसात्मक कार्य गर्ने उद्देश्यले हातहतियार खरखजना उत्पादन वा वितरण गर्न वा राख्न वा ओसार पसार आयत नियात गर्न वा कुनै प्रकारले लिन दिन गर्न वा प्रचार प्रसार गर्न गराउँन हुँदैन।"

(३) दफा २० को उपदफा (१) पछि देहायको उपदफा (१ क) थपिएको छः-

"(१ क) उपदफा (१ क)ः दफा ५ ख को कसुर गर्ने व्यक्तिलाई कसुरको मात्रा अनुसार तीन वर्षदेखि पाँच वर्षसम्म कैद हुनेछ। त्यस्तो कसुर गर्ने व्यक्तिबाट धन सम्पत्ति क्षति भएको रहेछ भने कसुरदारबाट भराई पीडित पक्षलाई दिनुपर्नेछ।

५. **विष्फोटक पदार्थ ऐन २०१८ मा संशोधनः** विष्फोटक पदार्थ ऐन २०१८ को "(१) पड्की क्षति पुऱ्याउने टी.एन.टी, एमाटोल, बाराटोल, पेन्टोलाइट, आर.डि.एक्स टोरपेक्स, प्लाष्टिक, एस्क्प्लोसिप, जेलेग्नाइट, एष्टेमाइट, सेलाइट बारुद, नइट्रोग्लिसरिन, डाइनामाइट, गन-कटन, ब्लाष्टिङ्ग पाउडर, पारो (मर्करी) वा अरु धातुको फुल्यूनेट र सोही सरहको भए वा नभए तापनि विष्फोटनद्वारा असर ल्याउने उद्देश्यले उत्पादन वा प्रयोग भएको अरू जुनसुकै पदार्थ सम्झिनु पर्छ, र"

(२) दफा २ को खण्ड (क) पछि देहायका खण्ड (क१) र (क२) थपिएका छन्:-

(क १) "बम" भन्नाले कुनै पनि प्रकारको पदार्थ वा साधनद्वारा निर्मित आफैं वा अन्य कुनै साधनद्वारा विष्फोटन हुने गरी बनाइएको सैनिक वा गैरसैनिक प्रयोगमा आउने ग्रिनेड वा अन्य कुनै पनि प्रकारको विष्फोटक पदार्थयुक्त अस्त्र वा विष्फोटन हुने वा गराउने जुनसुकै प्रकारको पदार्थ सम्झनुपर्छ।

(क २) "विषालु ग्याँस" भन्नाले जुनसुकै प्रकारको विषालु ग्याँस सम्झनुपर्छ र सो शब्दले त्यस्तै प्रकृतिको तरल पदार्थ समेतलाई जनाउँदछ।"

(३) दफा ४ पछि देहायको दफा ४क. थपिएको छः-

**"४ क. विष्फोटक पदार्थ प्रयोग गर्न मनाहीः** कुनै व्यक्तिले इजाजतपत्र लिई वा नलिई हिंसात्मक वा विध्वंसात्मक कार्य गर्ने उद्देश्यले बम वा विष्फोटक पदार्थ वा विषालु ग्याँस उत्पाद वा वितरण गर्न वा राख्न ओसार-पसार गर्न वा निकासी पैठारी वा विक्री गर्न गराउन हुँदैन।"

(४) दफा १० को उपदफा (१) पछि देहायको उपदफा (१ क) थपिएको छः-

"(१ क) दफा ४ क को कसुर गर्ने व्यक्तिलाई कसुरको मात्रा अनुसार तीन वर्षदेखि पाँच वर्षसम्म कैद हुनेछ। त्यस्तो कसुर गर्ने व्यक्तिबाट धन सम्पत्ति क्षति भएको रहेछ भने कसुरदारबाट भराई पीडित पक्षलाई दिनुपर्नेछ।"

(५) दफा १० पछि देहायको दफा १० क. र १० ख. थपिएका छन्:-

"**१० क. श्री ५ को सरकार वादी हुनेः** यस ऐन अन्तर्गतको मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूचि- १ भित्र परेको मानिनेछ।

**१० ख. मुद्दा हेर्ने अधिकारीः** (१) यस ऐन अन्तर्गतको मुद्दाको कार्वाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिमको अधिकारीले गरेको निर्णय उपर पुनरावेदन वा अदालतमा पुनरावेदन लाग्नेछ।"

६. **राज्यविरुद्धको अपराध र सजाय ऐन २०४६ मा संशोधनः** राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६ को दफा ४ पछि देहायको दफा ४ क थपिएको छः-

"**४ क. हिंसात्मक तथा विध्वंसात्मक कार्यः** कसैले नेपाल अधिराज्यभित्र लुटपिट, तोडफोड, आक्रमण, विध्वंसात्मक कार्य वा अन्य कुनै तरीकाबाट, व्यक्तिगत, सार्वजनिक वा सरकरी सम्पत्तिमा हानी नोक्सानी पुग्ने कार्य गरेमा, सर्वसाधारण नागरिकको जनजीवनमा डर, त्रास, भय तथा आतंकको वातावरण सृजना हुने कार्य गरेमा वा हिंसात्मक वा विध्वंसात्मक कार्य गर्ने उद्देश्यले बम, जिलेटिन वा अन्य यस्तै प्रकारका विष्फोटक पदार्थ वा हातहतियार खरखजानाको संचय, ओसार-पसर, बिक्री वितरण वा प्रयोग गरेमा वा त्यस्तो कार्य गर्न षडयन्त्र गरेमा, सहयोग पुऱ्याएमा, दुरुत्साहन गरेमा वा त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई संरक्षण दिने वा त्यस्तो कार्य संचालन गर्नको लागि प्रशिक्षण दिने दिलाउने जस्ता कार्य गरेमा वा त्यस्ता कार्यबाट हुन गएको हानि नोक्शानीको बिगो असुल गरी निजलाई चार वर्षदेखि दश वर्षसम्म कैद हुनेछ र त्यस्तो कार्यबाट कसैको ज्यान मर्न गएको रहेछ भने सर्वश्व सहित जन्म कैद हुनेछ।

७. **चन्दा ऐन, २०३० मा संशोधनः** चन्दा ऐन, २०३० को (१) दफा ३ पछि देहायको दफा ३ क. थपिएको छः-

"**३ क. जवरजस्ती चन्दा उठाउन नहुनेः** कसैले कुनै प्रकारको डर, धाक, धम्की, भय, त्रास देखाई वा नदेखाई वा जोरजुलुम गरी वा नगरी कसैबाट करकापमा पारी जबर्जस्ती कुनै किसिमको नगदी वा जिन्सी चन्दा उठाउन, लिन वा असुल उपर गर्न हुँदैन।"

(२) दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छ।

"**१३. दण्ड सजायः** (१) दफा ३ क. अनुसार चन्दा उठाउने, लिने असुल गर्न व्यक्तिलाई कसुरको मात्रा अनुसार तीन वर्षदेखि पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ। त्यसरी उठाइएको चन्दाको रकम समेत निजबाट असुल उपर गरिनेछ।

(२) उपदफा (१) बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल हुने गरी चन्दा उठाउने व्यक्तिलाई ६ महिनासम्म कैद वा २ हजार रुपैयाँसम्म जरिवाना वा दुवै हुनेछ र त्यसरी उठाइएको चन्दाको रकम समेत निजबाट असुल उपर हुनेछ।"

(३) दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छः-

"**१४ श्री ५ को सरकार वादी हुनेः** यस ऐन अन्तर्गतको मुद्दा श्री ५ को सरकारवादी हुनेछ र सो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूचि-१ मा परेको मानिनेछ।"

"**१४ क. मुद्दा हेर्ने अधिकारीः** (१) यस ऐन अन्तर्गतको मुद्दाको कार्वाही र किनारा गर्न अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिमको अधिकारीले गरेको निर्णय उपर पुनरावेदन अदालमा पुनरावेदन लाग्नेछ।"